# शुभारम्भ



## हुमकला पाण्डे

गुरु यादवप्रकाश लामिछानेले आफ्नो जीवनका सबैभन्दा घनीभूत ऊर्जालाई प्राध्यापन पेसामा समर्पण गर्दै शैक्षिक जागरणमा सामाजिक सभ्यताको जागृतिरागका साधनामा यथाशक्य वाङ्मयशक्तिका उपासनामा, राजनैतिक चेतनाको विम्बमा साथै सर्वजनहिताय कार्यहरूमा खर्चनुभयो। नेपाली भाषासाहित्यमा अतुलनीय योगदान पुर्‍याउनुभएका गुरु यादवप्रकाश लामिछाने जसको जीवनी, व्यक्तित्व र कृतित्वलाई जीवन्तता दिनखोजिएको छ।

अस्तित्ववाद, विसङ्गतिवाद र शून्यवादका मुख्य अवस्थाहरूले मानवीय जीवनका प्रत्येक क्षणहरूमा प्रभाव पारेका हुन्छन्। लामिछानेका प्रत्येक सिर्जनशीलताका हातहरू पनि त्यही उद्देश्यले प्रेरित रहेर देखा पर्दछन्। मानिसभित्र अन्तर्निहित सुषुप्त अवस्थामा भावनालाई साहित्यिक मझेरीको माझमा ल्याएर समाज, मानवीय जीवनचक्र र समय परिस्थितिगत कल्पना, भावना, अभिप्रेरणा आदिलाई स्वरूपमा ढाल्दछ। त्यसले सामाजिक अस्तित्व र पहिचान निर्माण गर्नसक्ने कार्यमा संलग्न भई अनुभूतिलाई सिर्जनात्मक रूपमा अभिव्यक्त गर्दछ। जसको सुरुवात लामिछानेको लेखनकार्यको शुभारम्भ आफू सानै हुँदा पिताजीले मुनामदनका कवितालाई लय हालेर गाएको सुनेपछि जागृत भएको थियो।

अहिलेसम्म लामिछानेले क्याम्पसस्तरीय पाठ्यसामग्री तथा समालोचनात्मक पुस्तकलेखनमा नै आफूलाई समर्पित गराएका देखिन्छन्। उनले विभिन्न तहका पाठ्यक्रमले निर्देश गरेअनुसार भाषाशिक्षण तथा अन्य विधाहरूमा आधारित कृतिहरूको समीक्षा गर्ने, फुटकर कविता लेख्ने, भाषाशिक्षणसँग सम्बन्धित लेखरचना प्रकाशित गर्ने तथा समालोचनात्मक लेखनकार्यलाई निरन्तरता दिने कार्य गर्दै आएका छन्।

*–हुमकला पाण्डे ('नेपाली भाषाशिक्षणमा प्रा.डा.यादवप्रकाश लामिछानेको योगदान' विषयक अनुसन्धाननात्मक कृतिमा रहेको मन्तव्यबाट साभार))*

❖ सम्पादकीय

# आमनिर्वाचन, अपेक्षा र भ्रमको खेती !

लोकतन्त्रमा आमनिर्वाचन भनेको अवधिक निर्वाचन हो । जनताले, जनताका लागि, जनताद्वारा शासन गर्ने विधि नै लोकतन्त्र हो भनिन्छ। यो विधिमा जनताले पाँच वर्षका लागि जनप्रतिनिधि चुनेपछि तिनीहरूले सम्पादन गरेका कार्यको मूल्याङ्कनका आधारमा, बहन गरेको जिम्मेवारीको पनि मूल्याङ्कनका आधारमा अर्को अवधिका लागि पुनः त्यही वा तिनै जनप्रतिनिधिलाई निर्वाचित गर्ने वा बदल्ने वा मतपत्रकै माध्यमबाट दण्डित गर्ने, परास्त गर्ने वा जिम्मेवारीमुक्त गर्ने परिपाटी भनेकै लोकतन्त्रको विशेषता हो । त्यसैले लोकतन्त्र सबैभन्दा उत्कृष्ट शासनव्यवस्था हो भन्ने गरिएको छ। तर लोकतन्त्रले जनताका सबै सपना एकाएक पूरा गरिहाल्ने चाहिँ होइन। लोकतान्त्रिक प्रणाली अवलम्बन गर्नेबित्तिकै जनताका सबै सबै सपना छुमन्तर गरेझैँ पूरा भइहाल्ने; अभाव, गरिबी, अन्धविश्वास आदि सबै सबै निमिट्यान्न भइहाल्ने भन्ने सपना देख्नु पनि एक प्रकारको भ्रम नै हो। संसारका कुनै पनि मुलुकमा यस्तो छुमन्तर शैली लोकतन्त्रले अवलम्बन गरेको देखिएको छैन र समस्याविहीन कुनै पनि मुलुक छैन, हुँदैन; सबैका आआफ्ना खाले समस्या हुन्छन्।

हो, लोकतन्त्र विधिको शासन हो। विधिको शासनले सार्थकता चाहिँ इमानका माध्यमबाट प्राप्त गर्दछ । जनताले छानेका प्रतिनिधिले राज्यको विधि, विधान निर्माण गर्ने; सीमित स्रोत र साधनको जनता र देशको हितमा अधिकतम सदुपयोग गर्ने, स्वार्थका लागि प्रयोग नगर्ने, दुरुपयोग नगर्ने पक्ष चाहिँ इमानसँग जोडिएको हुन्छ । इमानदार जनप्रतिनिधिको छनोट गर्नसकिएन भने वा छनोट भएजति अधिकांश बेइमान परे भने जनताका सपना पूरा हुँदैनन् र अन्ततः लोकतन्त्र बदनाम हुन्छ। हाम्रो मुलुकमा अहिलेसम्म भएको चाहिँ धेरै हदसम्म यही नै हो। अर्थात् निर्वाचित जनप्रतिनिधिको कार्यशैलीले हाम्रो लोकतन्त्रलाई बदनाम गर्ने कार्य गर्‍यो, गरिरह्यो । इमानको प्रदर्शनभन्दा भ्रमको खेती नेपाली राजनीतिले बढी गरिदिएका कारण जनतामा निराशा मात्रै छाएन, परिणामतः लोकतन्त्रकै प्रति अविश्वास पैदा गर्ने काम गर्‍यो वा लोकतन्त्रको उपहास गर्‍यो ! यो अत्यन्त दुखद पक्ष हो।

लोकतन्त्रले जनताको जनजीविकालाई सघाएन भने, बजेटको निःस्वार्थ सदुपयोगका माध्यमबाट पूर्वाधार निर्माण गर्ने वा विकास निर्माणका कार्य गर्ने काम गरेन भने, रोजगारीका अवसर सिर्जना गरेन भने, युवा वा बौद्धिक वर्गको पलायन रोकेन भने, पारिवारिक विखण्डन रोक्ने प्रयास गरेन भने मान्छेले हिजोसँग तुलना गर्नथाल्छन् । हिजोको निरङ्कुशताभन्दा लोकतन्त्र के कारणले फरक हो त भन्ने कतै केही आधार फेला परेनन् भने लोकतन्त्रको सिरानी हालेर सुत्तैमा न भोका पेट भरिन्छन्, न त पलायन नै रोक्नसकिन्छ ! यस्तो अवस्थामा लोकतन्त्र भनेको उत्कृष्ट शासन व्यवस्था हो भनेर जपिने गायत्री मन्त्र बनिदिँदैन ! मान्छेको अन्तस्करणमा

वितृष्णा वा निराशाले घर गरिसकेपछि राम्रो र नराम्रो छुट्ट्याउने वा मूल्याङ्कन गर्ने क्षमतासमेत निष्प्रभावी हुन्छ, हुँदो रहेछ !

आमनिर्वाचन खासमा आवधिक निर्वाचन हो । हाम्रो लोकतन्त्रले आवधिक निर्वाचन हरेक पाँच पाँच वर्षमा गर्ने भन्ने व्यवस्था गरेको छ । कहिलेकाहीँ विशेष परिस्थिति सृजना भइदिन्छ । कहिले राजनीतिक दलहरूले नै मध्यावधिको बाटो रोजिदिन्छन् भने कहिलेकाहीँ अप्रत्यासित सृजना भएको परिस्थितिले आवधिक निर्वाचन मध्यावधिको स्वरूपमा बदलिनपुग्छ । यसपालि हाम्रो मुलुकमा 'सुशासन र भ्रष्टाचारको अन्त्य'को सुन्दर आवरणमा निकै पहिलेदेखि कहीँकतैबाट तयार पारिएको डिजाइनअनुसार 'जेनजी आन्दोलन'को नाममा एकैपटक विस्फोटको तहमा पुर्‍याउनेगरी बालबालिकाको प्रयोगका माध्यमबाट आन्दोलन गरियो र त्यसले हिंस्रक रूप धारण गरेपछि प्रहरीको बलप्रयोगसँगै नियोजित घुसपैठीहरूले कथित आन्दोलनलाई हिंसाको पराकाष्ठामा पुर्‍याइदिए र बाइसजना होनहार नवयुवाको अकालमा ज्यान गयो ! यही निहुँमा योजनाबद्ध घुसपैठी विध्वंसले २४ गते सिङ्गो मुलुक खरानी बनाइदियो ! सिङ्गो मुलुक खरानी हुँदा नाच्ने, उफ्रिने, तालीबजाउने, खुसी हुने, खुल्लमखुल्ला हतियार बोकेर हिँड्ने, जलाउने, जलाउन उक्साउने, जलेको तमासा हेर्ने तर निभाउने प्रयत्नसम्म पनि नगर्ने सबै सबै प्रवृत्ति छताछुल्ल देखिए ! सामाजिक सञ्जालभरि भिडियो नै भिडियो देखिए ! उक्साएर मान्छे मारिएको र मुलुक जलेकोमा खुसी मनाउने कृतघ्न त कति हो कति देखिए ! लोकतन्त्रको सदुपयोगका नामको यो नृशंस ताण्डव यो मुलुकका जनताले मात्र होइन संसारले हेर्‍यो ! धेरैभन्दा धेरैका मुटु छिया छिया भए !

देशको शासनसत्ता सञ्चालन गर्ने, १,७०० ओटा कोठा भएको, संसारकै ऐतिहासिक दरवार सिंहदरवार जलाइएको; २००९ सालमा स्थापना गरिएको न्यायको मन्दिर सर्वोच्च अदालत पनि अपराधीहरूका मिसिल भएका भएका फाँटबाट आगो लगाएर जलाइएको देखियो ! इतिहास जलाएर आगो ताप्नेहरू खरानीको थुप्रो देखेर खुसी भएका देखियो ! कहाँ कहाँ ठग र अपराधीहरूका मिसिल थिए ती ती न्यायालय पनि सम्बन्धित शाखाहरूबाट आगो झोसेर खरानी पारियो ! विध्वंसका मतियार त खरानी पारेर पो खुसी हुँदा रहेछन् ! सबै सबै तमासा देखियो ! त्यति मात्र होइन को को कहाँ कहाँबाट परिचालित थिए ? र कस कसले आदेशपालकको भूमिका निर्वाह गरेका थिए भन्ने पनि सामाजिक सञ्चालबाटै नाङ्गेझार भयो ! पुलिसप्रशासनलाई सम्पूर्ण रूपमा निकम्मा पारिदिएपछि ! जेलबाट अपराधी भागे/भगाएपछि ! हिंसाको बदला हिंसा रोजेपछि विध्वंस, अराजकताको साम्राज्य न हुने हो ! हामीले पनि त्यही भोग्यौँ ! त्यसमा पनि सरकारी तबरबाटै कथित आन्दोलनमा हिंसा रोज्ने सामाजिक सञ्जालबाटै प्रमाणित दोषीहरूलाई कारवाही नगर्नू भन्ने सरकारी आदेशले अराजकताले प्रश्रय पाएको नागरिकका तहमा अनुभूत गरिएको हो ! अराजकता र सुशासन कसरी सँगसँगै जानसक्छन् ? अराजकताले उन्मुक्ति पाउनु भनेको सुशासनको समाप्ति होइन र ? हाम्रो लोकतन्त्रमा जनताले फेरि पनि

यस्ता प्रश्नको उत्तर पाउनसकेका छैनन् ! आखिर किन ? लोकतन्त्रमा निराशाले पन्पिन पाउनु उपयुक्त हो त ?

नक्कली कागज तयार पारेर एउटा अभियुक्त जेलबाट भाग्छ अनि नक्कली कागज भन्ने प्रमाणित हुँदा पनि हीनत्वबोध गर्दैन, पश्चाताप गर्दैन ! फेरि खुरुक्क निर्लज्ज भित्र छिर्छ ! पाँच पाँचओटा न्यायालयले 'प्राप्त कागत तथा प्रमाणका आधारमा अभियुक्त निर्दोष भएको नपाइएको' भन्ने स्पष्ट किटान गरी न्यायालयहरूले करोडौं रुपैयाँ धरोटी माग गरेर तारेखमा रहेको अभियुक्त सोझै हत्केलाले सूर्य छेकेझैँ ठगी मुद्दामा आफूलाई फसाइएको भनेर दिनदहाडै भ्रम छरिरहेको छ ! न्यायपालिकाप्रति सोझै अविश्वास गर्ने वा वितृष्णा जगाउने, हाक्काहाक्की भ्रमको खेती गर्ने चटकेकै पछि जनता पनि किन थै थै नाचिरहेका छौं ? हामीले खोजेको लोकतन्त्र दिउँसै रात पार्ने खालको भ्रम छर्ने शासनव्यवस्था हो त ? लोकतन्त्रको यो हदको उपहासमा हामी आफैँ जानेरै सामेल भइरहेका हौं त ? कि हामी जनता पनि प्रकारान्तरले लोकतन्त्रलाई नै बदनाम गर्ने छद्मभेषीहरूकै इसारामा नाचिरहेका छौं ?

जनताको अपेक्षा सुशासन नै हो । कि बदलियो यो अपेक्षा ? हिजो जनताले स्थानीय निकायको जिम्मेवार पदाधिकारीमा निर्वाचित गराएको व्यक्ति तिनै निर्वाचित गराउने जनतासँग संवाद गर्दैन ! सरकारी सम्बद्ध निकायहरूसँग समन्वय र सहकार्य गर्दैन ! सुशासनको ठेगदार बिदाका दिनमा सरकारी गाडीमा सवार श्रीमतीलाई ट्राफिकले चेकजाँच गरे भनेर सिंहदरवार जलाउने घोषणा गर्छ ! वास्तवमै दुभाग्यपूर्ण तरिकाले सिंहदवार जल्दा भने एकछिनअघिसम्म आन्दोलनकारीलाई पानी वितरण गरेर उक्साउने ऊ जलेको तमासा हेर्छ तर निभाउने प्रयाससम्म पनि गर्दैन ! हिजो आमनिर्वाचनमा प्रदेशका लागि मतदान नै नगर्ने, प्रदेश चाहिँदैन भन्ने, राष्ट्रिय सभाको निर्वाचनामा पनि भागै नलिने त्यही मनुवा यतिखेर 'सङ्घीयता बलियो बनाउनुपर्छ' भन्ने भाषण गर्दै तस्करले दिएको आठ करोडको गाडीमा सुशासनको डिङ हाँकिरहेको छ, भ्रम छरिरहेको छ ! हिजोकाले भ्रमको खेती गरे भन्नेहरू आज झन सयौं गुणा बढी भ्रम छरिरहेका छन् ! लोकतन्त्रका प्रति गरिएको यो मजाकका हामी चाहिँ तमासे बनिरहेका छौं ! भ्रमकै पछि कुदिरहेका छौं ! अनि हिजो तर मारेकाहरू केही चाहिँ फेरि अवसर पाइएला कि भनेर ताली बजाइरहेका पनि छन् !

हुँदा हुँदा यतिखेर त लोकतन्त्र र भ्रम भनेका एकअर्काका पर्याय हुन् भन्ने भाष्य पो निर्माण गर्नखोजिँदै छ ! 'हिजोकाले पैँतिस वर्ष लुटे, अब योपटक हामीलाई मौका दिनस्' पो रे ! यो पनि कुनै तर्क हो ? के लोकतन्त्र भनेको लुटको खेती हो ? थोरै अवधि शासनसत्तामा रहँदै मुद्दैमुद्दाका तारेख खेप्ने र दिनदहाडै जनता लुट्नेहरूले सिर्जना गरेको भ्रमको पछाडि आँखा बन्द गरेर दौडिनु चाहिँ हामी जनताको दायित्व हो त ? योजनाविहीन, उद्देश्यविहीन, विचारविहीन चटकेहरूले मुलुकलाई अवश्य भड्खालोमा हाल्छन् तर गन्तव्यमा चाहिँ पुर्याउँदै पुर्याउँदैनन् भन्ने यथार्थ मूल्याङ्कन पो यतिखेर हामी जनताले गर्नुपर्ने होइन र ? भोलि पछुताउनुभन्दा अहिल्यै सोचौं न । कि कसो ?

*-रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

**दलितका...**- *गोपाल वादी/७*

**गजल/कविता/गीत**

**गजल**- *नवराज श्रेष्ठ/१६*

**जीवन...**- *पोष चापागाईं/१७*

**माटोलाई...** - *हरिप्रसाद सिलवाल/३६*

**लक्ष्यहीन...** - *पदम दाहाल/३७*

**भावनाको...** - *गायत्रीकुमार चापागाईं/४६*

**भ्रष्टाचार...** - *डा. घनश्याम न्यौपाने 'परिश्रमी'/५२*

**मानवहरू** - *आर.एल. श्रमजीवी/५३*

झिल्का... - *नारदप्रसाद आचार्य 'सुदामा"/५३*

**आगो लगायौ...** - *ओमप्रसाद कोइराला/५४*

**गजल...** - *राम के.सी./५५*

**पृथ्वी...** - *भलादमी भोला/५६*

**अनुवाद/कविता**

**साझा...** - *चुला कुमुदुनी /१७*

**लघुकथा**

**शुभचिन्तक** - *लीलाराज दाहाल/२८*

**विवेकको बन्द...** - *घनबहादुर थापा/३५*

**डरको...** - *प्रकाश खड्का 'अभियान'/५१*

**समालोचना/नियात्रा/जीवनी/पुस्तकसमीक्षा**

**संस्मरण**

**बेरितका...**- *डा.फणीन्द्रराज निरौला/१८*

**कोरसमा...**- *डा. दामोदर पुडासैनी 'किशोर/२१*

**अग्रज...**- *अरूणबहादुर खत्री 'नदी'/३८*

**नग्न...**- *विमल लामिछाने/४१*

**बायोतडी...**- *शीतल गिरी/४७*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

**पद्मसम्भव**/६

**निरन्तर**

वासुदेव अधिकारी/५६

**समाचार**/६२

**अनूभूति**

प्रा.डा. मुकेश चालिसे/६४



शब्द संयोजन मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क १२ पूर्णाङ्क २६३/२०८२ चैत
जिप्रकाका द.नं. ९४/२०६०/०६१



**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेब संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)



Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौं, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# पद्मसम्भव

मानज जीवनलाई अन्य जीवबाट अलग राख्ने तत्त्व भनेको उसको धर्म हो । धर्मले नै मानिसलाई मानिस बनाउन सहयोग गरेको हुन्छ । विश्वमा सम्पूर्ण मानवले प्रकृतिअनुसारको आफ्नो धर्म निर्वाह गरेका हुन्छन् र त्यहीअनुसार धर्मलाई विविध रूपमा मान्दै आएको पाइन्छ । धर्मका पनि भेद रहेका छन् । जसमा हिन्दु, बौद्ध, क्रिस्चियन आदि पर्दछन् । धर्मले जीवनजगत्को कल्याण गर्दछ । धर्मले मानव मनलाई जोड्ने काम गर्दछ, जसलाई धार्मिक सहिष्णुता भनिन्छ । यही धार्मिक सहिष्णुता फैलाउने काम आचार्य पद्मसम्भवले गरेका छन् । यसकारण यिनलाई हिन्दु र बौद्ध धर्मको सहिष्णुता बढाउने योजक मानिन्छ।

पद्मसम्भवको जन्म आठौँ शताब्दी अर्थात् इस्वी ७१७ मा भएको हो । यिनको जन्म ओडियान अर्थात् वर्तमान पाकिस्तानको स्वात पद्मसम्भव उद्यानमा भएको हो । कमलबाट उत्पन्न भएकाले यिनको नाम पद्मसम्भव रहन गएको हो । पद्मसम्भवलाई बौद्ध धर्मावलम्बीहरू तान्त्रिक र योगाचार पथका सदस्य मान्दछन् । बौद्ध आचार्यहरू यिनलाई गुरु रिन्पुछेका रूपमा पनि चिन्दछन् । यिनलाई पौराणिक पूर्वीय बज्रयान सम्प्रदायका रहस्यवादी आचार्य भनिन्छ । यिनले वज्रयान सम्प्रदायको स्थापना गरेका हुन् । भारत, भुटान, तिब्बत, नेपालमा वज्रयान  धर्मको प्रचारप्रसार गरेका थिए । उनले तिब्बतमा पहिलो बौद्ध मठ, मन्दिर बनाएका थिए ।

पद्मसम्भवलाई उनको कामअनुसार आठ नामले चिनिन्छ। उनका आठ नाम गुरु छोकेदोर्जे, शाक्यसिँगे, लोदेनछोग, पद्मसम्भव, पद्मग्लापो, डिमाहोद्, सेङ्गेडाडोग, दोर्जेडोलोदका रुपमा पनि चिनिन्छ । पद्मसम्भवलाई निर्माणा कार्यका प्रतिरूप पनि मान्दछन् त्यसैले उनको जन्मतिथिअनुसार प्रत्येक महिनाको दशमीमा छेचुपूजा हुन्छ । यसका साथै वर्षको एकपटक ठुला गुम्बाहरुमा छेनग्याद् गरिन्छ । यसमा यिनै आठ प्रकारका बुद्धका रूप धारण गरी नृत्य गरिन्छ ।

पद्मसम्भव बुद्धधर्मका अभियन्ता थिए र भिक्षु थिए । उनले धर्म र शान्तिको सन्देश विश्वभर फैलाउने कार्य गरे । आफ्नो सम्पूर्ण जीवन मानव र जगत्हितमा समर्पित गरेका हुँदा यिनै सत्कर्म र सम्मानका लागि वर्तमान समयमा हेलम्बुमा पद्मसम्भवको विश्वकै अग्लो मूर्ति र दक्षिणकाली नगरपालिका डोल्लुमा उनको विश्वकै ठुलो मूर्ति बनेको छ।

*-रूपेश अधिकारी*

# गैरदलितहरूमा रहेको अहङ्कार नहट्दासम्म दलितले विभेद भोगिरहनुपर्छ

❖ गोपाल वादी

**दलित मुक्ति आन्दोलनमा जीवनपर्यन्त सक्रियता देखाइरहनुभएका गोपाल वादीसँग 'दलित महिलाको अवस्था' विषयक लघुअनुसन्धानका निम्ति प्राज्ञ नर्मदेश्वरी सत्याल र वरिष्ठ साहित्यकार शान्ता मानवीद्वारा गरिएको लामो संवाद हामीले यहाँ समावेश गरेका छौँ।**

***प्रश्नः मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

***गोपालः*** यसमा मेरो फरक विचार छ। कुनै व्यक्तिलाई दलित भनिएको होइन। ब्राह्मण जात होइन समुदाय हो। ब्राह्मणभित्रका धेरै जातहरूको साझा रूप ब्राह्मण भएजस्तै दलित समुदायभित्र पर्ने विभिन्न जातहरूको सामूहिक नाम दलित हो। बाहुनभन्दा गर्वले ठाडो शिर हुने तर दलितभन्दा नाक खुम्च्याउने भनेको सोचाइ मात्र हो। दलित कुनै अपहेलनाको शब्द होइन तर अहिले शब्द व्यवहारिक रूपमा यसलाई अपमानित बनाइँदै छ। यो गलत हो। यो शब्द साझा पहिचान हो। दलित समुदायको लामो सङ्घर्ष र बलिदानीले प्राप्त शब्द हो। व्यक्तिलाई दलित भनिँदैन यो समूहको नाम हो। जातव्यवस्था रहुन्जेलसम्म दलित शब्दलाई गर्व गर्नलायक बनाउनु आवश्यक छ, जातव्यवस्था अन्त्य भएको दिन दलित शब्द आफैँ हटेर जाने छ।

***प्रश्नः दलित शब्दको औचित्य के हो ?***

***गोपालः*** दलित शब्दको इतिहासलाई हेर्ने हो भने हामीले भारतको दलित आन्दोलनका बारेमा बुझ्नु आवश्यक देखिन्छ। भारतमा विभिन्न नामले तत्कालीन अछुतहरूलाई सम्बोधन गर्ने गरेको देखिन्छ। यहाँ हामीकहाँ चाहिँ के भ्रम फैलाइएको छ भने महात्मा गान्धीले हरिजन अथवा हरि भगवान्‌का सन्तान भनेका थिए, उनले दलितलाई उच्च स्थानमा राखेको बताइन्छ तर विषय त्यस्तो होइन। हरिजनको इतिहास हेर्ने हो भने महात्मा गान्धीले अपहेलना गरेर राखेका थिए हरिजन शब्द। यस्तै अन्य अपहेलित शब्दहरूलाई पनि अस्वीकार गर्दै जाँदा १९२६ तिर नै दलित शब्दको पहिचान भएको देखिन्छ। यसले गर्दा तत्कालीन अछुतहरूको सामूहिकतालाई सम्बोधन गर्नका लागि 'दलित' भनिएको हो।

पछि भारतमा डा. अम्बेडकरले यो शब्दलाई व्यापक रूपमा प्रयोगमा ल्याएका थिए।

नेपालको सन्दर्भमा हेर्ने हो भने पनि २०१२ सालदेखि नै दलित शब्दको प्रयोग गरेको देखिन्छ तर पनि केही लेखकहरूले २०२४ साललाई मानेका छन्। दलित शब्द बलिदानी र सङ्घर्षबाट आएको गर्व गर्नलायक शब्द हो भनेर नयाँ भाष्य निर्माण गरौँ त यो शब्दले आफैँमा अर्को महत्त्व राख्नसक्छ। यस कुरामा गर्व गर्नसक्यौँ भने यो शब्द ज्यादै नै प्यारो हुन्छ अनि यसलाई घृणा र अपहेलित तरिकाले हेर्‍यो व्यवहार गर्‍यो भने यो अपमानित नै हुने छ त्यसैले दलित समुदायभित्रका जातहरूको सामूहिकता प्रदर्शन गर्ने यो शब्दको औचित्य छ। सबैले यो शब्दलाई मिठो शब्दका रूपमा बुझिदिएका खण्डमा राम्रो हुन्छ।

***प्रश्नः शूद्र र दलित एकै हुन् त ?***

***गोपालः*** नेपालको परिवेशलाई हेर्ने हो भने शूद्र र दलित एकैजस्तो देखिए पनि एकै होइनन् । सबै शूद्र दलित होइनन् तर सबै दलित शूद्र हुन्। तत्कालीन समयमा अछुतको धब्बा लगाइएका शूद्रहरू दलितभित्र पर्दछन् तर केही शूद्रहरू अछुत होइनन् । विशेष गरी भारतमा इगत अबकतभ भनेर चिनिने गरेका सबै शूद्रहरू दलितभित्र पर्दछन् । यसरी हेर्दा आजसम्म हामीले बुझेका चार वर्ण नभएर यहाँ पाँचौँ वर्णका रूपमा अछुतहरूलाई लिने गरिन्छ।

***प्रश्नः किन शूद्रलाई अछुत मानिएको होला ?***

***गोपालः*** सबै शूद्रहरूलाई अछुत भनिँदैन । शूद्रभित्रका पनि जो पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातहरू मात्र अछुत हुन् । जसलाई पाँचौँ वर्णका रूपमा भारतीय विभिन्न साहित्यकारहरू र धार्मिक विद्वान्हरूले व्याख्या गरेका छन् । नेपालका सन्दर्भमा भने सबै शूद्र अछुतका रूपमा हेरिन्छ तर त्यसो होइन; यहाँ पनि शूद्र र अछुत फरक छन् ।

***प्रश्नः दलितभित्र शुद्र पर्छन् कि शूद्रभित्र दलित ?***

***गोपालः*** भारतीय उपहाद्वीपको आजको भारतमा झन्डै चार हजार वर्षअघि वर्णव्यवस्थाको जग हालिएको पाइन्छ। हिन्दु ग्रन्थको मूल ग्रन्थको रूपमा लिइएको सबैभन्दा पुरानो वेद ऋग्वेदको दशौँ मण्डलको पुरुषसूक्तमा ब्राह्मण, क्षत्री, वैश्य र शूद्र भनी उल्लेख गरिएको छ। त्यसमा व्यक्त विचारअनुसार कुनै महान् र विराट पुरुषको मुखबाट ब्राह्मण, पाखुराबाट क्षत्री, तिघ्राबाट वैश्य र पैतालाबाट शूद्र जन्मिएको उल्लेख छ। यति मात्र होइन, यी चार वर्णहरूको कार्य पनि विभाजन गरिएको छ। मुखले वेद पुराण पाठ गर्ने अर्थात् लेख्ने पढ्ने काम गर्ने हो भने पाखुराको काम भनेको देशको जिम्मा लिने सैनिक, प्रहरी तथा राज्य शासन गर्ने काम तोकिएको छ । तिघ्रा जो व्यापारीका रूपमा लिइएको थियो भने पैतालाले यी तीन वर्णको सेवा गर्ने जिम्मा पाएको देखिन्छ। यसरी सृजना गरिएको वर्णव्यवस्थाको उच्च स्थानमा रहेका ब्राह्मण, क्षेत्रीय कसरी अछुत हुनसक्छन् । उनीहरूले नै बनाएको थितिनुसार समाज चल्दै आएको छ।

***प्रश्नः वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षेत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

***गोपालः*** नेपालको जातीय विभेद तथा छुवाछुतको अवस्थालाई ऐतिहासिक रूपमा विश्लेषण गर्ने हो भने लिच्छविकालतिर पुग्नुपर्ने हुन्छ। भारतबाट प्रवेश गरेका आर्यमूलका हिन्दु धर्मावलम्बीसँग वर्ण व्यवस्था र त्यसभिको जातका आधारमा हुने छुवाछुत भित्रिएको इतिहास पाइन्छ । पछि जयस्थिति मल्लले समाज व्यवस्थापन तथा सुधारका नाममा केही मैथिली र भारतीय ब्राह्मणलाई काठमाडौँमा झिकाएर मनुस्मृतिका आधारमा नेपाली समाजलाई वर्गीकरण गरेका थिए । जसमा जातपात र छुवाछुत प्रथालाई सशक्त रूपमा पालन गर्ने थिति बसाएका थिए। यस प्रथालाई मध्यकाल तथा शाहकालमा झन् मलजल हाल्ने काम भएको देखिन्छ । पृथ्वीनारायण शाहले झन् यसरी भनेको पाइन्छ, 'मैले बाँध्याको थितिमा चार वर्ण छत्तिसै जातले चल्नू । नचल्न्यालाई मेरा सन्तानको राजाले ढुङ्गा छुवाई जातअनुसार सजाय गर्नू' भन्नेजस्ता उपदेशहरू पढ्न पाइन्छ । वि.सं.१९१० को जङ्गे मुलुकी ऐनले त झन् मनुस्मृतिका आधारमा मानव न्यायशास्त्रभन्दा पनि कडा किसिमका सजायसहितको ऐन पारित गरेको पाइन्छ । जसले यो व्यवस्था टिकाइ राख्नका लागि ठुलो मद्दत गरेको देखिन्छ । जसमा कसले छोएको कसले खानहुने कसले नहुने, कसले कुन काम गर्नहुने र कुन नहुने, कुन जातका मानिसलाई कस्ता गल्तीमा कस्ता दण्ड सजाय दिने ? कुन जातले कुन कपडा लगाउने, घरको छानो कस्तो बनाउनेजस्ता सयौँ जातिवादी नीतिनियम बनाएर जातीय विभेद बढाउने काम गरेको देखिन्छ।

***प्रश्नः हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरेको छ ?***

***गोपालः*** अहिले राष्ट्रिय दलित आयोगले सूचितकृत गरेका देशभरका दलित समुदायभित्र पर्ने जातहरू २६ वटा रहेका छन् । पहाड तथा हिमालमा जम्मा ७ वटा जातहरू पर्दछन् । त्यसमध्ये कामी, दमाईं, सार्की, गाइने, वादी हुन् भने नेवारी समुदायका च्यामे र पोडेहरू पर्दछन् । यसै गरी तराईका १९ वटा जातहरू पर्दछन् ।

***प्रश्नः विशेष गरेर दलितहरूले कुन धर्म मान्ने गर्छन् ?***

***गोपालः*** केही दशक अघिसम्म नेपालका झन्डै शतप्रतिशत दलितहरू हिन्दु थिए तर अहिले केही दलितहरू हिन्दु धर्ममा भएको विभेदका कारण अन्य धर्महरू अँगाल्न पुगेको देखिन्छ तर पनि अहिलेसम्म बहुसङ्ख्यक दलितहरू हिन्दु धर्मप्रति नै आस्थावान् रहेको देखिन्छ। यस विषयमा आधिकारिक अध्ययन भने भएको देखिँदैन।

***प्रश्नः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

***गोपालः*** जातव्यवस्थाको मुख्य विशेषता

भनेकै हरेक समुदायभित्रका जातहरूलाई अझै खण्डित गर्नु र ती जातहरूबिच विभेदको खाडल तयार गरी उनीहरूलाई कहिल्यै एकता हुननदिनु रहेको छ । जसले उनीहरूको आन्तरिक द्वन्द्वको फाइदा जातव्यवस्थाका नायकहरूले सधैँ लुट्ने गर्दछन् । निश्चित रूपमा दलित समुदायभित्र पनि जातीय सोपान रहेको छ। यसभित्र सबैभन्दा माथिल्लो वर्गमा कामी जात पर्दछ त्यसपछि सार्की, दमाईं, गाइने र वादी यसरी स्तरीकरण गरिएको छ। यी जातहरूबिच कहिल्यै पनि एकता हुननदिन एकआपसमा जातीय खाडल तयार गरिदिएको छ र एकआपसमा म ठुलो जात भन्ने अहम्ता सबै जातमा पारिदिएको छ। यसले गर्दा दलित समुदायभित्र पनि पानी बाराबारको अवस्था रहेको छ। विगतभन्दा अहिले केही कम भए पनि गैरदलितहरूजस्तै विवाहको कुरा आउँदा कुनै पनि जातले सहर्ष रूपमा आफूभन्दा तल्लो भनिएको जातलाई स्वीकार गर्ने अवस्था छैन। म स्वयम् दलित समुदायभित्रको जातीय सोपानको सबैभन्दा तल्लो तहमा पर्ने व्यक्ति भएको नाताले मैले भोगेको जातीय विभेद तथा अपमान जति गैरदलितहरूबाट मलाई भएको छ त्यही मात्रामा मैले दलित समुदायका अन्य जातहरूबाट भोगेका घटना मसँग धेरै छन्। मैले आफ्नो कुरा कुनै सार्वजनिक स्थलमा राख्न पाउँदा म दलितभित्रको दलितवादी हुँ भनेर परिचय दिने गरेको छु। मेरो उदाहरणबाट स्पष्ट हुन्छ कि मेरो समुदायले दलितभित्रको दलित समस्या भोगिरहेको छ।

***प्रश्नः दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

***गोपालः*** नेपालको जनसङ्ख्याको झन्डै २० प्रतिशत तथा सरकारी तथ्याङ्कअनुसार १३.४ प्रतिशत जनसङ्ख्या रहेको दलित समुदाय नेपालभरि छरिएर रहेको देखिन्छ। यस कारण कुनै पनि जिल्लामा अन्य समुदायको भन्दा जनसाङ्ख्यिक बाहुल्यता नरहेको देखिन्छ । विगतमा आफ्नो पुर्ख्यौली पेसा अँगालेका दलितहरूले त्यही पेसाका आधारमा विभेद महसुस गरेर बालीघरे प्रथाबाट ज्यालादारीमा आफ्नो पेसालाई रूपान्तरण गरेको देखिन्छ तर पनि उनीहरूको मौलिक पेसालाई अन्य समुदायले नै व्यापारीकरण गरिसकेकाले उनीहरू मर्कामा परेको देखिन्छ। समग्रमा भन्दा प्रत्येक जातअनुसार उनीहरूको मौलिक तथा पौराणिक सिपकला अत्यन्त जीवनपयोगी देखिन्छ।

***प्रश्नः दलित समुदायमा धर्म संस्कारको पालना गराउने पुरोहितका रूपमा को रहन्छ ?***

***गोपालः*** विगतमा तत्कालीन अछुत समुदायका घरमा कुनै पूजाआजा, न्वारन, विवाह वा कुनै प्रकारको पर्व गर्नुपरेमा कथित पण्डितहरूको उपस्थिति हुँदैनथ्यो। दलितहरूले धर्म संस्कार जोगाउनका लागि पुरोहितको भूमिका निर्वाह गर्न कुनै सन्तानको अगुवा व्यक्ति, भान्जा तथा ज्वाइँहरूलाई उक्त भूमिका निर्वाह गर्ने प्रचलन पाइन्छ।

***प्रश्नः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खान स्वीकार गरिएको होला ?***

***गोपाल :*** सिनोको विषयमा मेरो फरक धारणा छ। मेरो धारण सबै दलित समुदायमा लागू नहुन पनि सक्छ । मेरो परिवारलाई किन सिनो खुवाइन्थ्यो भन्ने विषयमा दुईवटा कारणहरू रहेको मैले महसुस गरेको छ। पहिलो कारण अति गरिबी र दोस्रो कारण रहेको छ वाध्यकारी व्यवस्था । गरिबीको कारण पर्याप्त मात्रामा मासुको व्यवस्थापन गर्ननसक्दा बाध्य भएर गाउँमा ठुलावडाहरूको मरेको सिनो घरमा ल्याएर पकाएर खाने गरेको अनुभव रहेको छ भने दोस्रो कारण गाउँमा कसैको बाख्रा, भैंसी, राँगा वा अन्य चौपाया मरेको खण्डमा त्यसलाई फाल्ने वा व्यवस्थापन गर्ने जिम्मा समाजले कथित तल्लो जातलाई दिएको थियो । त्यो व्यवस्थापन गर्नेक्रममा ती समुदायका व्यक्तिहरूले सिनो बाध्यतावश खानुपर्ने सामाजिक परम्परा बसेको थियो । तराईका दलितमा विशेषतः चमार समुदायले सिनो फाल्नैपर्ने बाध्यकारी व्यवस्था समाजले सृजना गरेको थियो तर चमार समुदायले २०५५/५६ सालतिर सिनो बहिष्कार आन्दोलन सुरु गरी उक्त कुसंस्कार निमिट्यान्न पारेका छन् ।

***प्रश्नः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्न नसकेका हुन् ?***

***गोपालः*** जातव्यवस्थाको मुख्य विशेषता भनेको नै एक जातले अर्को जातप्रति जातीय सोपानको श्रेणी तय गरिदिने र एक जातभन्दा अर्को जात ठुलो र सानो हुन्छ भनी बिउ रोपिदिने नै हो । यसकारण कहिल्यै पनि ती जातिहरूबिच मिलन हुनसक्ने कुरा रहेन। ब्राह्मण समुदायभित्र पनि धैरै जातहरू छन् र तिनीहरूबिच पनि जातीय उचनीच रहेको देखिन्छ । त्यसैगरी दलित समुदायभित्र पनि धेरै जातहरू रहेका छन् र ती जातहरूबिच पनि उचनीचको अवस्था रहेको छ त्यसैले दलितहरू एक हुननसक्दा उनीहरूको सामूहिक आन्दोलन अगाडि बढ्न नसकेको हो ।

***प्रश्नः के दलितहरूले गैरदलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

***गोपालः*** कस्तो किसिमको नाताकुटुम्ब हो ? वैवाहिक सम्बन्ध त असम्भव नै छ। कसैले विवाहका लागि प्रयास गरे नै भने पनि ती व्यक्ति अजित मिजार र नवराज विकको हालतमा पुग्ने देखिएकै छ। सामाजिक सम्बन्धका रूपमा भने केही नाता लगाउनु स्वभाविक नै हो । गैरदलितहरूले दलित समुदायका व्यक्तिहरूसँग मित लगाएका खण्डमा उक्त व्यक्तिको आयु लामो हुनेजस्ता भ्रामक कथनीका कारण मितबुबा, मितदाइ, मितिनीभाउजूजस्ता नाताकुटुम्ब हुने गरेको देखिन्छ । वैवाहिक सम्बन्धले जोडेको नाताकुटुम्ब भने छैन र यो सहज पनि छैन। केही नभएको भने होइन । आजभोलि केही अन्तरजातीय विवाह भएको देखिन्छ र सफल भएका पनि छन् तर उनीहरूले गाउँदेखि, नातागोतादेखि टाढा गएर

रहेको देखिन्छ। माओवादी जनयुद्धकालमा धेरै अन्तरजातीय विवाहहरू भए ती केही सफल भए भने केही चाहिँ शान्तिकालमा असफल हुनपुगेका देखिन्छन्।

***प्रश्नः दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्रायः दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

***गोपालः*** शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा दलित समुदायको अवस्था कमजोर रहेको तथ्य हामीसँग छ । त्यसमा पनि दलित महिलाको अवस्था त झन् कमजोर अवस्थामा रहेको छ । दलित महिलाहरू तेह्रो तहको विभेदमा परेका छन् । यसलाई पनि फरक तरिकाले विश्लेषण गर्ने हो भने सबै दलित महिलालाई एउटै डालोमा हाल्दा भोग्ने विभेद समान देखिन्छ तर दलितभित्रका अतिसिमान्तकृत महिलाहरू जस्तो वादी, गन्धर्भ, तराईका मुसहर र डोम चमार समुदायका महिालहरूलाई फरक तरिकाले हेर्नु आवश्यक देखिन्छ । वादी महिलाको अवस्था हेर्ने हो भने अहिले पनि यौनशोषणजस्तो पीडादायक अवस्थाबाट बाँच्नुपरेको अवस्था छ । विगतमा यौनशोषणमा परेका दिदीबहिनीहरूले सामाजिक सुरक्षा भत्ता अर्थात् एकल महिला भत्ता पाउनबाट वञ्चित हुनुपरेको छ। यसर्थ दलित महिलाहरूका लागि रोजगारीको सुनिश्चितता राज्यद्वारा गरिनुपर्दछ।

***प्रश्नः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

***गोपालः*** नेपालमा दलित महिला पछि पर्नुका मुख्य कारणहरूमा राज्यद्वारा सिर्जित विभेद र वन्चितीकरण नै हुन्। राज्यले दलित समुदायका महिलालाई हरेक क्षेत्र जस्तो स्वास्थ्य, शिक्षा, अर्थ, न्याय आदि क्षेत्रको प्रतिनिधित्व गर्नबाट वन्चितीकरण गरेकै कारण उनीहरूले अवसर प्राप्त गर्न नसक्ता नै पछि परेका हुन्।

***प्रश्नः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

***गोपाल :*** तत्कालीन अछुत परिवार, समाज र महिलाप्रति राज्यका शासकहरूको सकारात्मक दृष्टि नहुँदा इतिहासको लामो कालखण्डदेखि नै उनीहरू शिक्षा, स्वास्थ्य र अर्थबाट टाढा रहेको देखिन्छ। राजा मनुद्वारा प्रतिपादित मनुस्मृति, जयस्थिति मल्लको मानव न्याय शास्त्र, पहिलो मुलुकी ऐन १९१० ले महिला र तत्कालीन अछुतप्रति गरिएको व्यवहार आजका दिनसम्म पनि जीवित रहेको छ। समग्र महिलाहरू नै पीडित रहेको वेला दलित महिलाहरूको अवस्था झन् दर्दनाक रहने नै भयो तर विगत केही दशकदेखि भने नेपालमा दलित महिलाको शिक्षा र स्वास्थ्यको अवस्थामा धेरै परिवर्तन आएको छ। जसले सकारात्मक सोचको विकास गरेको छ।

***प्रश्नः वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

***गोपाल :*** दलित महिलाहरूप्रति राज्यले

तत्काल चाल्नुपर्ने केही कदमहरूमा-

- सबैभन्दा पहिले यी दुबै समुदायको शिक्षामा जोड दिन आवश्यक छ। शिक्षा पनि दुई प्रकारको शिक्षा जयकतर्भा दबकभम र जयगकभ दबकभ छात्रवृत्ति उपलब्ध गराई शिक्षाबाट टाढा रहेका पूरै दलित समुदाय र महिलाहरूलाई प्रशिक्षित गराउनुपर्छ।
- सबै प्रकारका विभेदको अन्त्य हुन आवश्यक छ।
- हरक्षेत्रमा समान सहभागिता र प्रतिनिधित्व गराउनुपर्दछ।
- स्वास्थ्य, शिक्षा र रोजगारीमा लगानी बढाएर कार्यान्वयनका लागि जोड दिनुपर्दछ।

***प्रश्नः नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

***गोपालः*** निश्चित रूपमा वर्ण व्यवस्थाको मुख्य उद्देश्य भनेको एकल जात, एक लिङ्गलाई मुख्य भूमिका दिनु रहेको छ । त्यसैअनुसार अन्य वर्णका महिलाहरू पनि विभेदको जाँतोमा पिँधिएको सबैलाई थाहा छ। प्रभावस्वरूप पितृसत्ताले तत्कालीन शूद्रहरूमा पनि पुरुषहरू हाबी रहेको देखिन्छ। दलितभित्रको पनि वादी समुदायका महिलाहरू अन्य समुदायका महिलाभन्दा केही स्वतन्त्र भएको देख्नसकिन्छ । यसको अर्थ मातृसत्ता नै छ भन्नखोजेको होइन । पितृसत्ता नै भए पनि वादी महिलाहरूले घरको मूली व्यक्तिले गर्ने काम गरेको देखिन्छ। वादी समुदायलाई पनि दुई फरक तरिकाले हेर्नसकिन्छ । जुन परिवारमा छोरी वा महिलाले घरखर्च जुटाउने गर्दथे त्यो परिवारमा महिलाको भूमिका मुख्य रहेको देखिन्छ भने जुन परिवारको आयआर्जन पुरुषहरूले मात्र गर्दछन् त्यो परिवारमा भने पुरुषको ने हैकम चलेको देखिन्छ। समग्रमा भन्नुपर्दा दलित महिलाहरू घरपरिवारको निर्णय प्रक्रियामा पुग्न आर्थिक पाटो दरिलो हुनु आवश्यक छ।

***प्रश्नः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

***गोपालः*** सबै दलितहरू हिन्दु हुन् तर वर्तमान अवस्थामा कसैले धर्म परिवर्तन गरिरहेका छन् र यो क्रम बढ्दो अवस्थामा छ। विगतलाई नियाल्दा सबै दलितहरू हिन्दु नै भएकाले हिन्दु धर्मको मर्मअनुसार आफूले गर्नुपर्ने कामहरू तीर्थव्रत तथा कर्मकाण्डहरू अन्य गैरदलितहरूले गरेजस्तै गरेको देखिन्छ। फरक यति मात्र छ कि मन्दिरमा गरिने पूजाआजाहरू मन्दिरभित्र पसेर दलितहरूले गर्नपाउँदैनथे। जीवनचक्रमा गर्नुपर्ने कुलदेखि गर्दै आएका सबै कार्यहरू गैरदलितसरह नै गरेको देखिन्छ। दलितहरूले गर्ननपाउने भनिएका सत्यनारायणको पूजालगायत प्रत्यक्ष हिन्दु धर्मसँग जोडिएका जहाँ ब्राह्मण अनिवार्य चाहिने हुन्छ ती कर्म भने गरेको देखिँदैन।

***प्रश्नः के तपाईँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

***गोपाल*** ***:*** मेरा विचारमा दलित शब्दप्रति व्यर्थमा विवाद सिर्जना गर्ने काम भइरहेको छ। थोरै सङ्ख्याका व्यक्तिहरूले दलित शब्दले अपमान गऱ्यो भनेकै भरमा यो शब्दलाई विवादमा ल्याउने काम भइरहेको छ। वास्तवमा दलित शब्दको सही सान्दर्भिकता नबुझी भ्रम फैलाउने काम भइरहेको छ। यदि दलित नभनेर कुनै अर्को शब्द प्रयोगमा आएको भए के यो समाजले सहजै 'मल्ल' भन्ने शब्दलाई जसरी गर्व गर्थ्यो त ? निश्चित रूपमा जुन शब्द प्रयोग गरे पनि तत्कालीन अछुहरूलाई गर्ने व्यवहारमा कुनै परिवर्तन आउने थिएन त्यसैले दलित समुदायको लामो इतिहास र बलिदानी वोकेर आएको शब्दलाई दिग्भ्रमित पार्ने काम बन्द गरिनुपर्दछ । अहिले यो शब्दलाई संविधान र कानुनले पनि स्विकारिसकेको अवस्थामा दलित आन्दोलनलाई नै कमजोर बनाउने तरिकाले विवादमा ल्याउनु उचित हुँदैन । यो शब्दले इतिहास बोकेको छ, सङ्घर्ष र बलिदानी वोकेको छ त्यसैले म यो शब्दप्रति पूर्णरूपमा सहमत छ । अहिले केही राजनीतिक दलका दलित भ्रातृ सङ्गठनका नेता, बुद्धिजीवीहरूले दलित शब्दको साटो शिल्पी शब्द राख्नुपर्छ भनेर बहस गरेको पाइन्छ। उनीहरूका बुझाइमा दलित शब्दले समस्याको हल गर्नुको साटो जातीय कुसंस्कारलाई थप मलजल गरेको र अछुतको कलङ्क रहिरहन भूमिका खेलेको छ। शिल्पी राख्दैमा सदियौँदेखि दलित समुदायले भोगेका समस्याको हल हुन्छ ? शिल्पी शब्दले नेपाली समाजको पुरातनवादी सोचमा परिवर्तन ल्याउँछ ? शब्द परिवर्तनले जनैधारी समुदायलगायत जातीय कुसंस्कारका अन्य अनुयायीमा चेतना भर्नसक्ला ? दलित शब्द परिवर्तनको कुरा दलित समुदायलाई अलमलमा राख्ने, अल्झाउने, दलित-दलितबिच मनमुटाव ल्याउने, फगत बहस गराएर समय बर्बाद गराउने खेल हो। समग्र दलित समुदायको चाहना शब्द होइन, समाजको विभेदकारी व्यवहार परिवर्तन हो । आखिर शब्द परिवर्तन समयसँगै हुने कुरा हो । दलित शब्दको आयु पनि सीमित छ । नेपाली समाजको दलितप्रतिको मानसिकतामा परिवर्तन आउनेबित्तिकै, जातीय आधारमा हुने विभेद र छुवाछुत अन्त्य हुनेबित्तिकै यो शब्द पनि आफैँ हराएर जाने छ। यसर्थ म 'दलित' शब्दप्रति सहमत छु।

***प्रश्नः 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने लोकोक्ति पाइन्छ, के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपर भनिएको हो ?***

***गोपालः*** म जन्मिएको ठाँउतिर हरिप भनेको हरेक क्षेत्रमा सक्षम, बहादुर, हरेक काममा खप्पिस व्यक्तिलाई भन्ने चलन छ तर यो उक्ति दलितमा भन्दा अन्य समुदायमा प्रयोग गरेको सुनेको थिएँ । जे भए पनि विभिन्न उक्ति वा कथन वा भाष्य कसले निर्माण गरेको थियो भन्ने कुरा मुख्य हो । सायद दलित समुदायका कुनै व्यक्तिले यस्ता उक्तिहरूको सृजना गरेकोजस्तो लाग्दैन। यो सामन्त बोली हो। दलितप्रति प्रयोग

गरिने यस्ताखाले विभिन्न उखान टुक्काहरूले दलित समुदायको आत्मसम्मानमा असर परेको देखिन्छ।

***प्रश्नः दलित शब्दले सुन्दैमा जो कोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

***गोपालः*** ठकुरी भन्नेबित्तिकै कसैको पनि मनोसामाजिक असर पर्दैन, यदि दलितको ठाँउमा ठकुरी भएको भए यो समाजमा ठकुरी शब्दप्रति नै मनोसमाजिक असर पर्थ्यो होला त्यसैले शब्दमा केही छैन जे छ हाम्रो मानसिकतामा छ। मानसिक दृष्टिकोणले जता र जसरी सोचिन्छ त्यही नै चित्र बन्ने हो । नेपाली समाजको दृष्टिकोण नै गलत छ । चाहे त्यो शिक्षित होस् या अशिक्षित । यो मनोसामाजिक रोग हो। वर्तमान नेपालको संविधान कानुनले यो शब्दलाई विशुद्ध पहिचानको रूपमा स्विकारेको हुँदा यो शब्द नै नेपाली दलितहरूको मुक्तिको शब्द भएको हुँदा दलित आयोग तथा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले प्रयोगमा ल्याएका हुन्। यस अर्थमा दलित आयोग भनी नामकरण गर्नु सान्दर्भिक छ।

***प्रश्नः दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

***गोपालः*** यो समस्या समाजमा यसरी गडेर रहेको छ कि जसका लागि सामाजिक एजेन्सीहरूमा व्यापक रूपमा परिवर्तन हुन आवश्यक देखिन्छ। एकदुईजना व्यक्तिको पहलकदमीले केही हुनेवाला छैन। यदि हुन्थ्यो भने भगवान् गौतम बुद्धले एकजना चण्डालिनीका हातबाट पानी खाँदा व्यापक रूपमा आलोचना भएको थियो। यो पनि त एक प्रकारको विभेदविरुद्धको प्रतिकार थियो तर पनि समाज परिवर्तन भएन । यस्ता थुप्रै उदाहरणहरू छन् जसमा गैरदलित समुदायका सचेत व्यक्तिहरूले विद्रोह गरेका थिए तर पनि सामाजिक जीवनमा कुनै परिवर्तन आएन । आजको अवस्थासम्म आइपुग्दा पनि 'जनप्रतिनिधिको चुलो सबैलाई खुल्यो' भन्ने नारा स्थानीय तहले लगाउँदै छन्। जनप्रतिनिधिहरूको अवस्था त यस्तो छ भने अन्य सर्वसाधारण व्यक्तिले कहिले खुला गर्दछन् ? सबैभन्दा पहिला गैरदलितहरूमा रहेको अहङ्कार हटाउन आवश्यक छ। जसले नेपाली राज्यसत्ताको बागडोर समालेका छन् उनीहरूमा जातव्यवस्थाको चेत हुन आवश्यक छ र गैरदलितका घर घरमा जातनिर्माणसम्बन्धी प्रश्नहरू उठ्नु आवश्यक छ। शिक्षामा आएको परिवर्तनले छुवाछुत केही कम भएको भनी भाष्य निर्माण गरिएको छ तर शिक्षित व्यक्तिहरूबाट नै विभेद हुन्छ भने त्यो व्यक्तिले सही शिक्षा प्राप्त गरेको मानिँदैन । नेपाली समाजको नै रूपान्तरण आवश्यक छ । नेपाली समाजका राजनैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक निकायहरूमा जब व्यापक रूपमा क्रान्तिकारी परिवर्तन ल्याउन सकिन्छ तब मात्र गैरदलितहरू र दलितहरू एकै ठाँउमा रहनसक्ने अवस्था देखिन्छ।

***प्रश्नः दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

***गोपालः*** आजको आरक्षण प्रणालीले झिनो आशा देखाए पनि यो प्रणालीअनुसार दलित समुदाय अन्य समुदायसरह पुग्नका लागि करिब एक हजार वर्षभन्दा बढी लाग्ने हिसाबकिताबले देखाएको छ । नेपालको आरक्षण प्रणाली कुकुरलाई कलो दिएकोजस्तो देखिन्छ । हिजोको खलो प्रथा र अहिलेको कलोप्रथाले दलित समुदायलाई कहीँ पुऱ्याउने देखिँदैन त्यसैले जनसङ्ख्याका आधारमा पूर्णसमानुपातिकसहितथपविशेषाधिकारसहितको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि प्रणाली, राजनैतिक नेतृत्व तथा गैरदलित समुदायले त्याग गर्नु आवश्यक देखिन्छ । विगत दुई दशकदेखि आरक्षण प्रणाली लागू गर्दा अहिले पनि निजामती कर्मचारीतर्फ ८८ हजार पाँच सय ७८ जनशक्ति हुँदा जम्मा एक हजार नौ सय ७१ (२.२२ प्रतिशत) मात्र दलित छन् । निजामती कर्मचारीको ७० वर्षको इतिहासमा एकजना मात्र दलित विशिष्ट श्रेणी (सचिव)मा पुगेका छन् । अदालतमा ४५९ न्यायाधीश छन् तर पाँचजना (१.०९ प्रतिशत) मात्र दलित समुदायका छन् । कुनै पनि दलित आइजिपी, एआइजी र डिआइजी भएका छैनन् । सीमान्तकृत समुदायका लागि आरक्षणको व्यवस्था गरिएपछि पनि राज्य संयन्त्रहरूमा दलित समुदायको उपस्थिति दयनीय नै छ।

## ❑ गजल



**❖ नवराज श्रेष्ठ**

जे पायो तेही गर्दा सपना उडिजाला
तर्न नपाउँदै सबै सबै नदी सुकिजाला ।

ठाउँ ठाउँमा चौतारी छन् ठाडो उकालीमा
बासना छर्न नपाउँदै कोपिलामा झरिजाला ।

कोसिस गर्न छोड्दैनन् शिखर देख्नेले
नत्र भोलि भन्दा भन्दै पछाडि परिजाला ।

ढुङ्गालाई त वालुवा बनाउँछ पानीले
वेलामा कर्म नगरे समयले छोडिजाला ।

❑ अनुवाद/कविता



❖ चुला कुमुदुनी

# साझा भाषा

यदि मैले बुझ्न सक्थेँ भने
हरेक जीवित प्राणीले
बोलेका हरेक शब्दलाई
यस विशाल पृथ्वीभरि-
जति सजिलै मैले बुझ्छु
खोकी, हाच्छिउँ, सिट्ठी,
यहाँसम्म कि घाँटी
बिस्तारै सफा गरेको आबाजलाई !
अचानक यो संसार
यति सरल भइजाने थियो होला,
मानवता कति कोमलतापूर्वक
मेरो अगाडि प्रकट हुने थियो...
त्यसपछि सायद म थाहा पाउने थिएँ
कि भाषा केवल एउटा पर्दा रहेछ,
र यसभित्र
हामी सबै बोलिरहेका हुन्छौँ
एउटै सरल सत्य
एउटा इच्छा चिनिन चाहने
सुनिन चाहने
कमै एक्लो हुन चाहने
संसारको यस विशालतामा ।

*अनुवाद : चन्द्र गुरुङ, धरान*

❑ कविता



❖ पोष चापागाईं

# जीवन-नियात्रा

जीवनजस्तै उत्सव हो नियात्रा
गाँठ भए आनन्द ढङ्ग भए सुन्दर ।
गर्भयात्रा
जीवनयात्रा
मृत्युयात्रा
सातस गमन हो यात्रा ।
शारीरिक यात्रा थाहा हुन्छ
तर
गर्भ/ जीवन/ मृत्युयात्रा
फिटिक्कै थाहा हुन्न ।

सशक्त नियात्राकारले
धूर्जरीसँग क्रिडा गर्दै
कठोपनिषद लेख्नसक्छ
उच्च/मनोरम/शालीन
नियात्रा लेख्नसक्छ ।

मानवजीवन नियात्रा हो
मात्र नियात्रा ।

❑ समालोचना

# बेरितका रितहरू निबन्धसङ्ग्रहमा जीवन भोगाइका विविध आयाम



❖ डा.फणीन्द्रराज निरौला

### १. विषय परिचय

नेतृत्वदायी भूमिकामा रहेर संस्थागत रूपमा नेपाली भाषा र साहित्यको उन्नयन तथा सामाजिक रूपान्तरणमा विगत डेढ दशकभन्दा बढी समयदेखि क्रियाशील रीता न्यौपाने पहारी (काभ्रेपलान्चोक, नाग्रे गगर्चे) पछिल्लो समयमा २०८१ सालमा *बेरितका रितहरू* शीर्षकको निबन्धसङ्ग्रह लिएर नेपाली वाङ्मयका क्षेत्रमा उदाएकी हुन् । त्यसो त यिनी एकडेढ दशकदेखि नै कथा, कविता, नियात्रा, गीत आदि विधाका माध्यमबाट आफ्नो लेखनीलाई माभ्दै, तिखार्दै र अब्बल साबित गर्दै नआएकी होइनन् । पुस्तकाकार कृतिका रूपमा उदाउने अवसर भने यिनलाई २०८१ सालमा आएर मात्र मेसो मिलेको पाइन्छ। घरभित्रका दैनन्दिनीलाई सुचारु रूपले अघि बढाउँदै, पेसा तथा व्यवसायलाई नवीन सोचका साथ नेतृत्व प्रदान गर्दै अनि साहित्यिक, सांस्कृतिक तथा सामाजिक गतिविधिहरूमा निर्बाध संलग्नता जनाउँदै र बचेका समयमा साहित्यको सेवामा आफूलाई नित्यनिरन्तर क्रियाशील बनाउँदै आएकी स्रष्टा हुन् पहारी । विशेषतः साहित्यका माध्यमबाट समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने र समाजका अनेक बेरितहरूलाई निर्भीकताका साथ उतार्ने उद्देश्य राखेर यिनी साधनारत रहेको पाइन्छ। वर्ण्य विषयलाई गद्यभाषाका माध्यमबाट मसिनो गरी केलाउने र कलात्मक पारामा प्रस्तुत गर्ने सामर्थ्य यिनमा रहेको देखिन्छ। पहारीले कथा, कविता र निबन्धमा आफूलाई बढी क्रियाशील बनाउँदै आएको पाइए पनि पछिल्लो समयमा यिनी निबन्ध विधाको सिर्जनामा बढी केन्द्रित भएर सिर्जनाकर्ममा लागिपरेकी छन् । यस लेखमा *बेरितका रितहरू* निबन्धसङ्ग्रहमा निबन्धकारले लामो जीवनयात्रामा परिवार, समाज र आफन्त भनाउँदाहरूबाट हरपल प्रताडित हुनुपरेका जीवन भोगाइका कटु अनुभवका साथै समकालीन नेपाली परिवेशमा देखिएका सामाजिक, सांस्कृतिक, राजनीतिक बेरितका पक्षहरूमाथि विमर्श गर्ने कार्य गरिएको छ।

### २. शीर्षकीकरण

'बेरितका' विशेषणवाची एवम् 'रितहरू' नामवाची शब्दहरूको संयोजनबाट निर्मित *बेरितका रितहरू* नामकरण गरिएको निबन्धहसङ्ग्रहको शीर्षकबाट कुनै काम गर्ने युक्ति, कामगराइको काइदा वा तरिका, प्रथा अथवा

रीति नमिलेको भन्ने अर्थबोध हुन्छ । अर्थात् समकालीन नेपाली समाजमा सहज जीवनयापन गर्नका लागि असल मनसाय भएका मानिसले अनेकौँ बेढङ्गका समाजका रितहरूबाट प्रताडना सहनुपर्छ भन्ने सन्दर्भहरूलाई जीवन्त रूपमा यस कृतिमा उतारिएको छ । यद्यपि निबन्धकार बाँचेको नेपाली समाजमा चेतनाको विकास तीव्रताका साथ भएको देखिन्छ। शिक्षा, स्वास्थ्य, यातायातजस्ता आधाभूत कुरामा सबै मानिसको पहुँच पनि पुग्दै गएको छ। सिङ्गो देशमा सकारात्मक सोचको विकास पनि हुँदै गएको छ । समग्रमा भन्दा नेपाली समाजका गतिविधिहरू विश्वमा देखिएका नवीनतम दृष्टिकोणहरूबाट निर्देशित हुँदै गएका पनि देखिन्छन् । विश्वपुँजीवादी जीवनशैलीबाट प्रभावित भई आजका मानिसहरूले अर्काका विषयमा भन्दा स्वकेन्द्रित भई अघि बढ् नुपर्छ भन्ने मान्यता अनुसरण गर्न थालेका छन्। यति हुँदाहुँदै पनि समकालीन नेपाली समाज परम्परागत सोचबाट मुक्त हुनसकेको छैन । यहाँ बेढङ्गका रितहरूबाट असल मनसायका मानिसले हरपल, हरक्षण, हरपाइला प्रताडना सहँदै अघि बढ्न बाध्य हुनुपर्ने अवस्था रहेको छ। निबन्धकार पहारीले लामो जीवनयात्राका क्रममा परिवार, समाज वा समुदायबाट नचाहँदा नचाहँदै यस्ता अनगिन्ती पीडादायी क्षणको सामना गर्नुपरेको कुरालाई जीवन्त रूपमा यहाँ उतारेकी छन् । लामो जीवनयात्रामा समाजका अनेकौँ बेरितहरूको भुक्तभोगी बनेकी निबन्धकार पहारीले यसमा समाजका अनेकौँ बेरितहरूको जीवन्त एवम् सशक्त प्रस्तुति दिएकी छन्। यसमा सङ्कलित निबन्धहरूमा समाजबाट परिपोषित अनेकौँ विकृतिहरूको मिहिन शल्यक्रिया गरिएकाले प्रस्तुत निबन्धसङ्ग्रहको शीर्षक विषयानुकूल सार्थक एवम् अनुकूल रहेको स्पष्ट हुन्छ।

**३. बेरितका रितहरू निबन्धसङ्ग्रहको संरचनात्मक पक्ष**

निबन्धकार रीता न्यौपाने पहारीले कृतिमा विज्ञको भूमिकालाई महत्त्व नदिई सिर्जनासम्बन्धी आफ्ना धारणा र प्रकाशकीय समावेश गरी तयार पारिएको अनि एक सय उनन्साठी पृष्ठमा विस्तारित यस कृतिमा बिसओटा विभिन्न शीर्षकका निजात्मक एवम् संस्मरणपरक निबन्धहरू सङ्गृहीत छन्। धेरैजसो एक बसाइमा पढिसकिने अनि कुनै केही लामा निबन्धात्मक एवम् संस्मरणात्मक प्रकृतिका यी रचनाहरूमा निबन्धकार पहारीले आफैँ भोक्ता बनेर समकालीन नेपाली जीवनमा विद्यमान बेरितका रितहरूका बारेमा कतै निजी भोगाइ र गुनासाहरू, कतै समाजका यथार्थहरू त कतै सोच्दै नसोचेका मानिसबाट अकल्पनीय व्यवहार भोग्नुपरेका तिक्ततापूर्ण एवम् असहनीय मनस्थिति र परिस्थितिको उद्घाटन गरेकी छन्। सामान्य प्रसङ्गबाट घटनाको सुरुवात गरी हरेक कुराको रहस्यमय कुरा एक्कासि पर्दाफास गरिदिने र पाठकको जिज्ञासा पूरा गरिदिने काम यिनले गरेकी छन् । यसमा सङ्कलित निबन्धहरूको वर्णनशैली रोचक, आकर्षक तथा कौतूहलपूर्ण मात्र होइन, वर्ण्य विषयको सूक्ष्मातिसूक्ष्म ढङ्गले उजागर गरिएकाले यस कृतिको आन्तरिक एवम् बाह्य संरचनापक्ष पनि सबल नै रहेको मान्न सकिन्छ।

## ४. बेरितका रितहरू कृतिमा जीवन भोगाइका विविध पक्ष

निबन्धकार रीता न्यौपाने पहारीद्वारा लिखित *बेरितका रितहरू* निबन्धसङ्ग्रहमा लेखकका निजी जीवन भोगाइलगायत नेपाली जनजीवनका अनेक राम्रा नराम्रा पक्षहरू उजागर गरिएका छन् । यसमा सङ्कलित पहिलो 'हामी, मोबाइल र फेसबुक' शीर्षकको निबन्धमा २०५० सालपछि प्रविधिको विकाससँगै सञ्चारका क्षेत्रमा आएको अद्भुत एवम् अकल्पनीय प्रयोगले आफूलगायत आजको मानिस प्रविधिप्रति अभ्यस्त बन्दै गएको र यसले सारा दुनियाँलाई नजिक बनाउनुका साथै सकारात्मक एवम् नकारात्मक दुवै पक्षमा अभ्यस्त गराएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । पचासको दशकतिर विवाह भई पोखरा गएको वेला सीमित घरमा मात्र दूरसञ्चारको ल्यान्डलाइन टेलिफोन सेवा थियो । त्यस वेला त्यसको उपयोगिता र महत्त्व अर्कै थियो तर यो सुविधा सबै ठाउँमा उपलब्ध थिएन । कसैसँग सहज सम्पर्क हुने अवस्था थिएन त्यसैले आफ्ना कथाव्यथा पोख्ने ठाउँ नपाउँदा यिनी विषादको स्थितिमा बाँच्न विवश थिइन् । यस्तै वेला माइतीघरभन्दा धेरै परका रामेछापका तामाङ दाइले दिदीको चिठी हात लगाइदिएको घटना निबन्धकार पहारीका जीवनमा विषाद मेटाउने अचुक सहारा बनेको थियो । केही वर्षपछि सिडिएमए फोन गाउँ गाउँमा पुगेपछि बुबाले घरमा आफ्नै लागि भनेर फोन जडान गरेपछि माइतीघरमा सहज सम्पर्क गर्ने वातावरण बन्यो तर परम्परागत सोचबाट ग्रसित सासूबाट आफ्ना सबै कामको चियोचासो लिइरहने व्यवहारका कारण सोचेजति सहजता नमिले पनि निबन्धकार माइतीघरमा अनुकूल समय मिलाएर सम्पर्क गरी नियाँस्रो मेट्थिन् । यसै क्रममा पेजरको चलन आए पनि निबन्धकारले त्यसको खासै उपयोग गरिनन् तर इमेलको प्रचलनले होटल व्यवसायमा निकै सहजता थपिदिएको थियो ।

सन् २००५/०६ तिर फेसबुक र कम्प्युटरको आगमनले जीवनमा आश्चर्य मात्र होइन नयाँ अध्याय नै थप्यो । यसैबिच मोबाइल आएपछि मानिसले सबै कुराको आवश्यकतालाई पन्छाएर यसको उपयोग गर्नथाले । निबन्धकारले श्रीमान्को अनुरोधमा देवर शङ्कर पहारीले जर्मनीबाट ल्याएको एक थान मोटोरोलाको फोल्डिङ मोबाइल सेट दिएपछि चाहेजति उपयोग गर्न पाउँदा खुसीको सिमाना रहेन । क्रमशः २००९ मा फेसबुक र ल्यापटप चलाउन पनि सिक्दै गएपछि सतर्कतापूर्वक चलाएर सारा जिज्ञासा मेटाउन सफल बनेकी पहारी सन् २०११ मा युरोप घुम्न गएका वेला देवरले अर्कै फेसबुक खोलिदिँदा आफ्नो अल्पज्ञानका कारण पहिलेका सबै फोटा गायब हुँदा दुःख लागे पनि फेसबुकमा पूरै लत बस्यो । फेसबुकबारे निबन्धकारको भनाइ यस्तो रहेको छ : "...फेसबुके जीवनका अवधिमा धेरैले आफ्ना अनुहार देखाए । बदमास र अनैतिकहरूले तनाब दिए । इमानदार र सुविचारले भरिएकाहरूबाट स्नेह, ऊर्जा सकारात्मक विचार पाइयो । जे होस् फेसबुकबाट मखखन झिक्न सक्नुपऱ्यो । मोही छुट्याउन सक्नुपऱ्यो । कौरव र पाण्डव छुट्याउन सक्नुपऱ्यो ।" (पृ.२३)

फेसबुकको लतसँगै समयक्रममा राम्रा/नराम्रा अनेक प्रकृति र मनसायका मानिसहरूसँग सम्पर्क भयो तर सही पहिचान गरेर त्यसको भरपुर उपयोग गर्ने गरेको र यो मानिसका लागि उपयोगी बनेको सन्दर्भलाई आत्मपरक अभिव्यक्तिका माध्यमबाट निबन्धकार पहारीले उल्लेख गरेकी छन् ।

यसमा सङ्कलित 'न्यानो ओतलाई कदर' शीर्षकको निबन्धमा साहित्यकार एवम् समाजसेवी आफ्ना स्वर्गीय पति हेमराज पहारीको सुयशलाई जीवन्त राख्न स्थापित २०७९ को 'हेमराज पहारी स्मृति पुरस्कार' फागुन १७ गते समर्पण गर्नुपर्नेमा विभिन्न घटना, परिस्थिति एवम् स्वास्थ्यमा देखिएको प्रतिकूलताका कारण समयमा गर्न नसकिएकाले प्रतिष्ठान र आफ्नो प्रतिष्ठामाथि नै आँच आउने हो कि भनी पिरोलिनुपरेको गम्भीर अवस्थालाई उल्लेख गरिएको छ । कार्यक्रम काठमाडौँ वा पोखरा कहाँ गर्ने होला भनी निबन्धकारका मनमा द्वन्द्व पनि खुबै चल्यो । स्वास्थ्यस्थिति अनुकूल भएपछि निबन्धकार पहारीले काठमाडौँ गएर प्रतिष्ठानका सदस्यहरू अनिल पौडेल तथा लक्ष्मी निरौलासँग परामर्श गरिन् । साहित्यकार वासुदेव अधिकारीसँग पनि केही सल्लाहपश्चात् सर्प पनि मर्ने लौरो पनि नभाँचिने गरी पोखराको प्रतिष्ठालाई बचाउँदै संस्थालाई काठमाडौँमा चिनाउने अठोटका साथ प्रतिष्ठानको बैठक बसालिन् । बैठकमा आफ्नो योजनाअनुकूल सदस्यहरूबाट अनुमति पाइन् । यो सन्देश लिएर काठमाडौँमा गई पुरस्कार चयन समिति बनाउने कुरामा अनिल पौडेल र वासुदेव अधिकारीसँग परामर्श गर्दा प्रतिष्ठाका तर्फबाट लक्ष्मी निरौला राख्ने निधो भयो । दुईजना सदस्य मनोनयन गर्ने सन्दर्भमा गम्भीर छलफल हुँदा 'युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान'का अध्यक्ष डा.फणीन्द्रराज निरौलालाई संयोजकमा मनोनयन गर्ने र अर्का सदस्यका रूपमा साहित्यकार एवम् पूर्वमन्त्री शान्ता मानवीलाई राख्ने निधो भएपछि एउटा महत्त्वपूर्ण अध्याय पूरा गर्नसक्दा सन्तोषको सास फेर्न पाएको सन्दर्भलाई उल्लेख गरिएको छ ।

कार्यक्रम काठमाडौँमा गर्ने र पुरस्कार चयन समिति बनाउने अध्याय पूरा भए पनि प्रतिष्ठानमा आँच नआउने गरी पुरस्कार कसलाई दिने र कार्यक्रम कसरी सम्पन्न गर्ने होला भन्ने कुराले पनि निबन्धकारलाई चिन्ताग्रस्त बनायो । समितिलाई पुरस्कार समर्पणका लागि कुनै संस्था चयन गर्न निर्देशन गरियो । लगत्तै चयन समितिसहितको बैठक बसी गम्भीर परामर्शपश्चात् 'साहित्य सन्ध्या, काठमाडौँ'लाई पुरस्कार समर्पण गर्ने तय भए पनि संस्थाले स्वीकार गर्ने/नगर्ने बारेमा संस्थाका अध्यक्ष राम विनयसँग कुराकानी हुँदा सकारात्मक जबाफ आयो । पुरस्कार चयन समितिको सिपारिसलाई प्रतिष्ठानको बैठकबाट अनुमोदन गराई सार्वजनिक गरियो । 'साहित्य सन्ध्या, काठमाडौँ'जस्तो गरिमामय साहित्यिक संस्थालाई पुरस्कृत गर्न अवसर मिल्न लागेकामा हर्षित हुँदै काठमाडौँ र पोखराबाट सम्बन्धित सबै पक्ष कार्यक्रमको तयारी गर्न सक्रिय भए । प्रतिष्ठानद्वारा वैशाख १६ गते कार्यक्रम सम्पन्न गर्ने निर्णय गरिएअनुसार तयारी हुँदै थियो तर निबन्धकारका मनमा कार्यक्रमलाई कसरी भव्य एवम् गरिमामय बनाउने होला भन्ने कुराले वेला

वेला पिरोल्दै पनि थियो । कार्यक्रम सम्बन्धित सबैको सहयोगका कारण सोचेभन्दा धेरै राम्रो गर्न सकिएकामा निबन्धकारले हार्दिक कृतज्ञता प्रकट गरेको पाइन्छ ।

यसमा सङ्कलित 'सोच थरीथरीका' शीर्षकको निबन्धमा निबन्धकारबाट विश्वास गरिएका अनि सम्मान गरिँदै आएका व्यक्तिहरूको सोचाइ तथा व्यवहारको पर्दाफास गर्दै आफूले इज्जत एवम् प्रतिष्ठा जोगाउन गर्नुपरेको सङ्घर्षलाई निकै मार्मिक रूपमा उल्लेख गरिएको छ । विशेषतः निबन्धकार साहित्यिक पाहुनालाई आफूसँग सम्पर्कमा आएका व्यक्तिहरूसँग असल मनसायले शिष्ट रूपमा भलाकुसारी गर्छिन् र सम्मानजनक व्यवहार गर्न मन पराउँछिन् तर दारीजुँगा अनि कपाल सेतै फुलेका व्यक्तिले बारम्बार फोन गरेर सताएको, त्यस्तै केही समयअघि मात्र परिचय भएका अनि घरमा श्रीमती हुँदाहुँदै आफूप्रति कुनियत राख्ने सम्भ्रान्त परिवारका व्यक्तिले पोखराबाट हेटौँडा आउन र आफूसँग घुमफिर गरी दुई/तीन दिन समय बिताउन राखेको प्रस्तावले उनमा पुरुषप्रति घृणा पैदा हुने महत्त्वपूर्ण कारक बनेका छन् । यसै गरी काठमाडौँबाट कुनै पुस्तक विमोचनका लागि प्रमुख अतिथि पोखरा बोलाइएका तथाकथित विद्वान्बाट आफूलाई निर्जज्ज अङ्कमाल गरिएको सन्दर्भले पुरुषको चरित्रमाथि नै निबन्धकारका मनमा प्रश्नचिह्न खडा भएको छ । काठमाडौँबाट कुनै कार्यक्रमका लागि आफ्नै होटलमा वास बस्न आएका वृद्ध व्यक्तिले देखाएको निच व्यवहार र साहित्यका महात्मा गान्धी भनी स्वघोषित व्यक्तिले आफूप्रति गरेको अप्रासङ्गिक संवादको प्रसङ्गबाट पनि पुरुषको गुह्य चरित्रलाई स्पष्ट पार्न खोजिएको छ ।

यसमा सङ्कलित 'एकल पुरुष' शीर्षकको निबन्धमा एकल महिलाका तुलनामा एकल पुरुषले पीडा भोग्नुपर्ने धेरै दृष्टान्तहरू प्रस्तुत गरिएका छन् । पुरुष एकल भएपछि विशेष गरी बुहारीबाट दैनिक सुविधा लिन गारो हुने मात्र होइन धेरै असजिलो हुने तथ्यलाई उजागर गरिएको छ । यसमा निबन्धकारबाट महिला र पुरुषका सूक्ष्मतम जीवन भोगाइसम्बन्धी फरक फरक अनुभूतिहरू पस्किएका छन् । पुरुषको मनलाई कठोर हुन सिकाइने र महिलाको मन कोमल हुने हुँदा जति वेला पनि आँसु झार्न सक्ने भएकाले महिला तथा पुरुषको प्रकृति फरक देखिने गरेको तथ्य उजागर गरिएको छ । पहिले महिलाहरू घरकै काममा सीमित हुन्थे भने अहिले घरबाहेक अन्य पेसागत काममा पनि संलग्न हुन थालेका छन् । सबैतिरको सर्वेक्षण गर्दा मूल रूपमा श्रीमतीको मृत्युपछि श्रीमान्ले एकल जीवन बिताउँदा आफू टुहुरो भएको अनुभूति गरेको तथ्यलाई मार्मिक रूपमा उल्लेख गरिएको छ । निबन्धकारद्वारा आफू एकल महिला भएर जीवनमा भोगेका कटु यथार्थभन्दा एकल पुरुषका भोगाइ अझ बढी पीडादायी र कष्टकर हुने गरेको तथ्य उजागर गरिएका छन् । यहाँ निबन्धकार एकल पुरुषका जीवनका पीडादायी क्षणहरू उजागर गर्दा त्यस्ता पुरुषहरूप्रति बढी नै संवेदनशील बनेकी छन् ।

पन्ध्र पृष्ठमा विस्तारित 'यसले लेखेकी होइन' शीर्षकको निबन्धमा जीवन भोगाइका

अनेक साक्ष्यहरू उजागर गरिएका छन् । बाल्यकालीन सिर्जनशील तर मधुर स्मृतिहरू, आफूमा देखिएको जिज्ञासु प्रवृत्ति, पोखराका हेमराज पहारीसँग वैवाहिक जीवनमा बाँधिएर पोखरा गएको घटना, पहिलोपटक कविता लेखेको, कथा प्रकाशित भएर पारिश्रमिक पाएको घटना, साहित्यिक कार्यक्रममा जाँदा लजाउने गरेका सन्दर्भ, राष्ट्रियस्तरका स्रष्टाहरूसँगको सम्पर्क र सिर्जनाकर्ममा लागेका सन्दर्भहरू कथाका घटनाजस्ता बनेर आएका छन् । यहाँ निबन्धकारले अन्तर्निहित विशिष्ट क्षमताको परिचय दिनमा खर्चिएकी छन् । वस्तुतः आफूमा ऊर्जाशील क्षमता भए पनि त्यसलाई परिवार, समाज र साथीभाइले पहिचान गर्ननसकेको गुनासोलाई व्यक्त पनि गरेको पाइन्छ ।

'सम्झनामा कृष्ण पहारी' शीर्षकको निबन्धमा आफ्ना श्रीमान् र कृष्ण पहारीले पहारीहरूको वंशावली निकाल्न सामग्री सङ्कलन गर्न स्वदेश र विदेश गई खेलेको भूमिका, कृष्णको व्यावहारिक कुशलता, उनको असामयिक निधनले मनमा उत्पन्न तनाब आदिलाई एकातिर उजागर गरिएको छ भने अर्कातिर मानवीय सम्बन्धका अनेक आयामहरूको प्रस्तुति पनि गरिएको पाइन्छ । साथै कृष्ण पहारीलाई भौतिक शरीर नभए पनि कृतिमार्फत कहिल्यै ननिभ्ने दियो बनी बाँचिरहने विश्वास व्यक्त गरिएको छ । 'अरूको पिर बोकेर' निबन्धमा आफू सामाजिक रूपान्तरणसहित उच्च चेतनाका साथ जीवनयापन गरिहेको भए पनि अनावश्यक रूपमा सन्तान, सम्पत्ति आदिका बारे अप्रासङ्गिक कुरा गरेर वाक्कदिक्क लगाउने व्यक्तिहरू र आफन्तहरूप्रति ठुलो गुनासो पोखिएको छ । आफ्नै घरभित्रको समस्या थाहा नपाउने तर अरूको समस्यामा अनावश्यक चासो राख्ने प्रवृत्तिप्रति निबन्धकारले कटाक्ष गरेकी छन् । 'बोध दिने विनाश' शीर्षकको निबन्धमा २०७२ सालको विनाशकारी भूकम्पले निम्त्याएको त्रासदीलाई कलात्मक रूपमा उतारिएको छ । आफ्नो ठुलो भदा सुशीलको विवाहका लागि पोखराबाट काठमाडौँतर्फ जाने क्रममा मलेखुमा आइपुगेपछि आएको विनाशकारी भूकम्पले मनमा उत्पन्न त्रासदी र भयावह समकालीन परिवेशलाई निबन्धकारले यसरी चर्चा गरेकी छन् : "...बाटामा कतै शव बाहिरै थिए, बालबच्चाहरू एकोहोरो रोएका, त्रसित मुद्रामा देखिन्थे । कतै घरका गारो र खाट-बिस्तारा नै तल खसेका, कतै पसलका र्‍याकहरू घोप्टो परेका, पसलमा रहेका मदिराका बोत्तलहरू झर्‍यामझुरुम भएर फुटेका, कतै घरको छानोले थिचिएको, कतै आधा पाखो भत्किएको, भित्रका सामान तितरबितर भएका देखिन्थे ।" यस्तो भयावह अवस्थामा पनि मानिसले व्यवहार सञ्चालन गरिरहेका थिए । अनेक कुराको चाँजोपाँजो मिलाएर प्रतिकूल समयमा भदाको विवाह सामान्य रूपमा सम्पन्न गर्दा मानिसले गरेका तिखा टिप्पणी मन बिझ्ने प्रकृतिका थिए । जे भए पनि यस्ता प्राकृतिक विपत्तिले केही न केही सकारात्मक सन्देश छोडेर जाने गर्छन् नै । यस विपत्तिले मानिसमा समानता, भ्रातृता र एकताको बोध मात्र गराएको छैन विपत्तिका समयमा पनि नेपालीहरूमा देखिने निर्लज्जता एवम् स्वार्थीपनप्रति कटाक्ष पनि गरिएको छ ।

'आँसुका चाडबाड' शीर्षकको निबन्धमा

२०५० सालमा हेमराज पहारीसित विवाह बन्धनमा बाँधिएर माइतघरभन्दा निकै टाढा पोखरा गएर समय व्यतीत गर्दाका कहालीलाग्दा क्षणहरूको सजीव चित्र उतारिएको छ। परिवारका सदस्यहरूको पर्याप्त माया ममता नपाउनु र उनीहरूबाट आफूप्रति रुखो व्यवहार गरिँदा निबन्धकार भित्रभित्रै पोरोलिने गर्थिन् । यिनका लागि घरपरिवारका सदस्यहरूभन्दा घरपालुवा जनावरहरू नजिकका साथी बनेका थिए। एक किसिमले निराशजस्तै बनेकी निबन्धकार चाडबाडका वेला बढी नै विचलित र व्यथित हुने गर्थिन् । जागिरको सिलसिलामा माइजू सरस्वतीकी साथी विमला नेपाल सरुवा भएर आएपछि उनीबाट एक वर्षजति दिदीकै मायाममता पाउँदा यिनले केही राहत मिलेको महसुस गरिन् । यसरी यस निबन्धमा एउटी नारीले विवाहबन्धनमा बाँधिएर अपरिचित ठाउँमा जाँदा व्यहोर्नुपरेका अनगिन्ती मानसिक पीडा र सास्तीका कथालाई निकै मार्मिक रूपमा उतारिएको छ। यस्तै 'हुनु र नहुनुका दोसाँधमा' शीर्षकको निबन्धमा आफ्ना श्रीमान्को देहावसानपश्चात्को पारिवारिक वस्तुस्थितिको वस्तुगत चित्रणका साथै श्रीमान्का विदेशी साथी क्लाउसले देखाएको आत्मीयता, सद्भाव एवम् प्रेमिल विचारको खुलेर प्रशंसा गरिएको छ । एउटी नारीले श्रीमान्को अभावमा विदेशी होस् वा जोकोहीले आफूप्रति देखाएको सहानुभूतिबाट उत्पन्न विशिष्ट संवेदनालाई मार्मिक रूपमा उजागर गरिएको छ।

'जीवन विविधा' शीर्षकको निबन्धमा हेमराज पहारी जीवितै रहेका अवस्थामा कुनै संस्था खोल्ने र त्यसका माध्यमबाट आफ्ना गतिविधिहरू सञ्चालन गर्ने सरसल्लाह भएको सन्दर्भका साथै श्रीमान्को 'देशको अभिभारा' शीर्षकको कवितासङ्ग्रह प्रकाशित भएपछि साहित्यिक गतिविधिमा संलग्न हुन थालेको र नयाँ नयाँ पुस्तकहरू घरमा आएपछि आफूले सबै पढ्ने गरेको अनि आफ्नो साहित्यप्रति बढी नै झुकाव बढ्दै गएको सन्दर्भलाई उल्लेख गरिएको छ । विवाह गरेर आएको तीन वर्षपछि घरपरिवारको इच्छाविपरीत आफूले पढ्न थालेको र अनेक दुःख एवम् सास्ती व्यहोर्दै एम.ए.उत्तीर्ण गरेको, योगको अभ्यास, व्यायाम आदिमा संलग्न भएको कुरालाई पनि देखाइएको छ । यसमा निबन्धकारले जीवनमा भोगेका यथार्थ घटनावलीलाई देखाएकी छन् । 'मसिना कुरा र ठुला सास्ती' शीर्षकको निबन्धमा आफूले साहित्यिक संस्थाको स्थापनापश्चात् धेरै संस्था एवम् व्यक्तिहरूसँग आफ्नो सम्बन्ध अझ विस्तार भएको उल्लेख गर्दै आफ्ना श्रीमान्का व्यवहारहरू मर्यादाका हिसाबले धेरै राम्रा र अनुकरणीय भए पनि कम बोल्ने र कडा अनुशासनका कुराले आफूलाई दिक्क लाग्ने गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। अझ सासूको आफूमाथिको अनावश्यक र कर्कशापूर्ण प्रतिक्रियाले वाक्कदिक्क लाग्दा टाढा रहेको माइतीघर सम्झने गरेको प्रसङ्गलाई उल्लेख गरिएको छ। साथै अनेक अभाव र अस्तव्यस्तताका बिच आफ्नो पेसालाई अघि बढाउँदै जाँदाका पीडादायी क्षणहरू भोग्नुपरेका घटनाहरूको फेहरिस्त अघि सारिएको छ ।

घरमा पर्यटन व्यवसायी र अरू मानिसहरू पनि आवतजावत गरिरहने हुँदा स्वार्थीहरूबाट फोनको दुरुपयोग गरिदिने गरेको र पसलेबाट पनि बदमासी हुँदा श्रीमान्‌बाटै लाञ्छना व्यहोर्नुपरेको तितो घटनालाई पनि उल्लेख गरिएको छ। यसरी जीवन भोगाइका अनेक क्षण एवम् उहापोहको लामो शृङ्खलाको सटीक विवरणलाई यसमा जागर गरिएको छ।

'खर्च र काम नै नभएकी म' निबन्धमा हेमराज पहारीको देहावसानपछि परिवार, आफन्तजन तथा समाजबाट एकल महिलाप्रति गरिने अतिघृणित परम्परागत व्यवहारको वस्तुगत अभिव्यक्ति दिइएको छ । यस्तै छरछिमेकी, चिनजानका मानिस, आफन्तजन वा परिवारजन एवम् समाजबाट एकल नारीले अनगिन्ती मानसिक प्रताडना भोग्नुपरेको कुरालाई पनि उल्लेख गरिएको छ । निबन्धकारका अनुसार श्रीमान्‌को निधनपछि मात्र आफूलाई सामाजिक र पारिवारिक भेटघाटमा सहजता अनुभव हुनथाल्यो । आफूले सात जन्मको पाप एकै जन्ममा भोग्न बाध्य भएको हो कि भन्ने अतिपीडादायी सन्दर्भलाई समेत अघि सारिएको छ । सदियौँदेखि नेपाली समाज परपीडनमा रमाउने प्रकृतिको छ । यहाँको समाजमा विद्यमान मनोविज्ञान कस्तो रहेको छ भन्ने कुरालाई निबन्धकारले यसरी व्यक्त गरेको पाइन्छ- *नेपाली समाजको मनोविज्ञानमा सदियौँदेखि परपीडनको समस्या जडवत् भएर बसेकै छ । ...आफूमा भएका कुण्ठा मानिसहरू अरूलाई पीडा दिएर मुक्ति पाउन खोज्छन् । ...सासूले बुहारीलाई मुड्क्याउँछे र त्यसको रिस फेर्न उसले आफ्नी बुहारी आएपछि मुड्क्याउँछे । यस मनोविज्ञानबाट मजस्तै कति महिलाहरू सायद शोषित भए र कति हुँदै छन् ।* (पृ. ११०)

यसरी नेपाली समाजको परम्परागत गलत मनोविज्ञानका कारण जीवनमा आफूले भोग्नुपरेको कठोर सास्ती र अथाह पीडा भोगाइलाई निकै मार्मिक रूपमा उतारिएको छ । 'पूर्वका लेखनाथ' शीर्षकको निबन्धमा सुदूर पूर्व ताप्लेजुङमा जन्मी सुनसरी जिल्लाको इटहरीलाई कर्मथलो बनाएका समाजसेवी, शिक्षासेवी, साहित्यसेवी बौद्धिक व्यक्तित्व लेखनाथ घिमिरेको सुयश फैलाउन शुभचिन्तक अथवा जनस्तरहरूबाट आयोजित (२०७९ माघ २५-२७) रथारोहणसहित सार्वजनिक अभिनन्दन, कवितागोष्ठी आदिको तीन दिने बृहत् कार्यक्रममा सहभागी हुँदा गरेका प्रत्यक्ष अनुभवलाई निकै रोचकतासाथ प्रस्तुत गरिएको छ । पोखरादेखि इटहरीसम्मका यात्राका अनुभवका साथै पूर्व मेचीदेखि रुकुम पश्चिम अनि भारतका दार्जिलिङ, सिक्किम, कलकत्ता, दिल्ली, बनारस आदि ठाउँबाट सहभागीहरूको बृहत् जमघटका बिच सम्पन्न उक्त कार्यकाक्रमका परिकल्पनाकार अनिल पौडेलको दूरदृष्टिसहितको व्यवस्थापनमा देखिएको अनुकरणीय एवम् लोभलाग्दो क्रियाकलापले सबै सहभागी सम्मोहित भएका सन्दर्भहरू आएका छन् । पहिलो दिनको पाहुनालाई गरिएका सत्कारदेखि लिएर सुत्ने, खाने व्यवस्थापनका अतिरिक्त दोस्रो दिन रामधुनीको भ्रमणमा जानुअघि सुन्दर ब्यागसहित डायरीको व्यवस्था र रामधुनीमा पनि मेयर र उपमेयरको न्यानो सत्कारले सहभागी

पुलकित बनेको, दश बजे इटहरी फर्केपछि लेखनाथ दम्पतिको सार्वजनिक रथारोहण एवम् झाँकीसहित जनता माविको प्राङ्गणमा विशाल आमसभामा परिणत भई अति नै भव्य, सभ्य र कुशलतापूर्वक सम्पन्न गरिएका सन्दर्भहरूको रोचक प्रस्तुति र साँझ भव्य रूपमा तय गरिएको कविगोष्ठीसहित सहभागीलाई अल्लाको टोपी, स्टेनसिहतको भोजपुरे खुकुरी अनि प्रमाणपत्र दिने व्यवस्था आफैँमा सहभागीहरूले गौरवबोध गर्ने विषय बनेको कुरालाई पनि प्रस्तुत गरिएको छ। जनस्तरबाट आयोजित लेखनाथ घिमिरेको शारीरिक बनोट, बहुआयामिक योगदान र प्रमुख अतिथि दिनेश थपलियाबाट तीन दिनसम्म पूरै सहभागिता जनाएको सन्दर्भ, सहभागीलाई यातायातबापत प्रदान गरिएको बाटाखर्च आदिबारे मुक्तकण्ठले जति प्रशंसा गरे पनि नसकिने कुरालाई  पनि रोचकताका साथ उल्लेख  गरिएको छ।

'महिला र यात्रा' शीर्षकको निबन्धमा आफूले लामो/छोटो यात्राका क्रममा भोग्नुपरेका कहरहरू, यात्रामा पुरुषहरूबाट गतिछाडा भई पिसाब फेर्ने प्रवृत्तिले महिला भएको नाताले आफूलाई लागेको दिग्दारी, पुरुषबाट मात्र होइन महिलाले महिला व्यापारीबाटै मानसिक एवम् शारीरिक रूपमा बेहोर्नुपरेको सास्तीको बखान निकै मार्मिक रूपमा उल्लेख गरिएको छ। अर्को शब्दमा भन्दा यसमा महिलाले यात्राका क्रममा भोगेका सास्तीहरू यथार्थ रूपमा आएका छन्। 'कार्लोस' शीर्षकको निबन्ध आफ्ना घरमा सञ्चालित आवासीय होटलमा स्वदेशी एवम् विदेशी पाहुनाको आवतजावत भइरहने क्रममा कार्लोस नामक स्पेनिस  मानिस पनि आएका र उनको व्यवहार, चरित्र र चाहको वर्णनमा केन्द्रित छ । यस्तै सुरुका दिनमा विदेशी पाहुनालाई मात्र बस्न दिइने भए पनि अहिले नेपाली र भारतीयलाई पनि दिइने गरेको सन्दर्भलाई उल्लेख गरिएको छ। लामो समयसम्म विदेशी पाहुना बस्ने कार्लोसजस्ता पात्रले देखाउने चरित्र एवम् गतिविधिको निकै रोचक पारामा चर्चा गरिएको छ। 'सरल मान्छे'  शीर्षकको निबन्धमा साहित्यिक पत्रिकाका शिखर व्यक्तित्व नरेन्द्र शर्मालगायत अन्य साहित्यकार हरूलाई पोखरास्थित आफ्ना अतिथिगृहमा मिठो भोजन गराउन पाउँदाको खुसियालीलाई उल्लेख गरिएको छ भने 'शिवसायुज्यको प्रार्थना' शीर्षकको निबन्ध साहित्यकार उपेन्द्र पागलको प्रशंसा एवम् सम्झनामा केन्द्रित छ तापनि कोसी अञ्चलका सुनसरी, धनकुटा, सङ्खुवासभालगायत पहाडी जिल्लाको साहित्यिक यात्राका क्रममा अनुभूत रमणीय प्राकृतिक दृश्यहरूको पनि सटीक वर्णन गरिएको छ। 'बेठीका यादहरू' शीर्षकको निबन्ध कोबिड कहरको कष्टपूर्ण भोगाइको वर्णनमा आधारित छ। चारैतिर कोबिडले आक्रान्त पारेका समयमा सहज रूपमा हिँडडुल गर्ने अवस्था नभएका वेला दिदी भेट्न काठमाडौँ आउँदाका भोगाइ र पीडादायक अनुभूतिहरू निकै मार्मिक रूपमा उल्लेख गरिएका छन् । 'खाँडादेवी स्कुल' शीर्षकको निबन्धमा किशोरवयका स्मृतिहरू सुन्दर ढङ्गले कोरिएका छन्। यसमा आफ्नो स्कुलेजीवनका साथै गुरुहरूको नाम सम्झेर निबन्धकारका मनभित्र भावनात्मक आकर्षण निकै प्रबल रूपमा देखिएको सन्दर्भलाई उल्लेख गरिएको पाइन्छ।

## ५. निष्कर्ष

निबन्धकार रीता न्यौपाने पहारीद्वारा लिखित *बेरितका रितहरू* निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा युगीन विसङ्गतिहरूको जीवन्त प्रस्तुति पाइन्छ । निश्चय नै यसमा एउटी नारीले जीवनमा सामाज तथा परिवारबाट भोगेका मानसिक प्रताडनाहरू त छँदै छन् साथै समकालीन जीवन भोगाइका केही कुरूप पक्षहरू  पनि जीवन्त बनेर आएका छन् । विषयवस्तुका दृष्टिले अनेक प्रकृतिका भए पनि ती निबन्धकार पहारीको जीवन भोगाइसँग गाँसिएर आएका छन् । उनका जीवनभोगाइ सामान्य नारीका लागि कल्पनाभन्दा बाहिरका छन् । माइतीघरभन्दा धेरै टाढा विवाहबन्धनमा बाँधिएर जाँदा नौलो ठाउँ, नौला मानिस र नौला चालचलन आदि कुरामा अभ्यस्त हुन एउटी अवला नारीले सहाराविहीनजस्तै भएको अनुभव हुनु अन्यथा मानिन्न तर जब घरपरिवारकै सदस्य अझ सर्वस्व ठानेका आफ्ना श्रीमान्‌बाट समेत अपेक्षाअनुरूपको व्यवहार अनुभूत गर्न नपाउँदा आफूले अनुभूत गरेका पीडादायी पक्षहरू मार्मिक बनेर पोखिएका छन् । नारीहरूलाई परिवार, समाज र पुरुषबाट गरिने विभेद, प्रशासनिक ढिलासुस्ती र विभेदकारी चरित्र, विकास र शैक्षिक क्षेत्रमा देखिएको सुस्तगति, ग्रामीण र सहरी क्षेत्रका मानिसमा देखिने परम्परागत मानसिकता, पुरुषहरूको नारीप्रति हेर्ने दृष्टिकोण र मानसिकता युगानुकूल नभएकामा निबन्धकारले कटाक्ष गरेकी छन् ।

विविध विषयको प्रस्तुतिमा निबन्धकार पहारीले निकै सजगता अपनाएकी छन् । आफूले जीवनमा भोग्नुपरेका कहालीलाग्दा कहरहरू वर्णन गर्दा समाज, पारिवारिक मर्यादा आदिको ख्याल गरेको पाइन्छ । निन्धकारले पारिवारिक सम्बन्ध, समाज, परम्परा, साहित्य, कला, शिक्षा, प्रेम आदिबारे आफ्ना विचार र धारणाहरूलाई खुलस्त राख्न सकेकी छन् । खासगरी निबन्धकारले सङ्घर्षका क्षणहरूमा गरेका मुकाबिला र त्यसले पारेको प्रभावलगायतका विषयमा आत्मपरक शैलीमा अभिव्यक्ति दिने काम गरेकी छन् । यी अभिव्यक्तिबाट उनको व्यक्तित्वको प्रकाशन गजबसँग भएको छ । सुरुचिकर प्रस्तुति र कतै संस्मरणात्मक, कतै विवरणात्मक त कतै कथात्मक शैलीका कारण निबन्धहरू आकर्षक एवम् रोचक बनेका छन् । विशेषतः निबन्धकारले महिलामाथि थोपरिएका सामाजिक रीतिहरूमाथि कडा विमति मात्र होइन विद्रोह नै जनाएकी छन् । उनले समाजका बेरितका रितहरूमाथि आक्रोशपूर्ण अभिव्यक्ति दिएकी छन् । उनका अभिव्यक्तिहरू युगीन चेतनाका आबाज बनेर आएका छन् । मूलतः यी आबाज आत्मपरक, स्वानुभूतिसम्मत, आत्मविम्बात्मक प्रकृतिका छन् तापनि ती सार्वजनीन बनेका छन् । आफ्ना जीवनभोगाइ र अन्तरपीडालाई पारिवारिक, सामाजिक, सांस्कृतिक पक्षहरूका आधारमा उजागर गर्ने क्रममा निबन्धकारले बेरितका रितहरूका विरुद्ध सशक्त रूपमा आबाज उठाएकी छन् । यसरी प्रस्तुत कृतिमा निबन्धकारका आत्मसङ्घर्षका प्रत्यक्ष भोगाइका कथाहरू संवेदनशील बनेर प्रवाहित छन् ।

# शुभचिन्तक



❖ लीलाराज दाहाल

पार्टी कार्यालयबाट बाहिर निस्कँदा ननिस्कँदै उनलाई पत्रकारहरूले घेरिसकेका थिए ।

पत्रकारले सोधे, "तपाईंको नेताले गरेको विवाहका बारेमा तपाईंको भनाइ के छ ?"

"मर्दले दशओटी ल्याउँछन् । हाम्रो नेता नामर्द होइन", उनले सटिक जबाफ दिइन् ।

"तपाईंको नेताका दुईवटा पासपोर्ट छन् रे !", फेरि पत्रकारले सोधे ।

उनले जबाफ दिइन्, "हो, छन् ! यो सामान्य कुरा हो ।"

"तपाईंको नेता जुनसुकै सरकारमा जान मरिहत्ते गर्छन् नि ?", पत्रकारको सोधाइ यस्तो थियो ।

"राजनीति गरेकै सरकारमा जानलाई हो, पैसा कमाउन हो ! जोगी बन्न होइन", यतिखेर अलि खस्रो जबाफ खस्यो उनको ओठबाट ।

पत्रकारले फेरि सोधे, "भिनामसिना मान्छेले जम्मा गरेको बचत तपाईंको नेताले टापटिप पारे रे त !"

"पार्टी पनि त चलाउनुपर्‍यो नि !", तत्काल उनको जबाफ आयो ।

"अनि कसरी बचाउनु हुन्छ त अब आफ्नो नेतालाई ?", पत्रकार प्रश्न सोध्न थाकेका थिएनन् ।

"आफ्नो भएजति सबै जग्गाधनी प्रमाणपुर्जा लगेर धरौटी राखिदिन्छु", उनले उत्साहित हुँदै भनिन् ।

"घरपरिवारको बिचल्ली हुँदैन ?", पत्रकारले फेरि प्रश्नको भटारो हाने ।

"पार्टी र नेताभन्दा ठुलो घरपरिवार होइन", उनले भनिन् ।

"भनेपछि तपाईं पनि झोले ?", पत्रकारको अनुहार खुसी थिएन यति वेला ।

उनले आक्रोशित हुँदै भनिन्, "ओ मिस्टर ! मुख सम्हालेर बोल्नुस् । म झोले होइन, शुभचिन्तक हुँ । झोले त पुराना पार्टीमा मात्रै हुन्छन् !"

*बागमती ११, कर्मैया, सर्लाही ।*

---

हार्दिक श्रद्धाञ्जली



**दीपेन्द्रराज तिम्सिना**

निधनः १९ फागुन २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**शब्द-संयोजन परिवार**

# कोरसमा एक झोक्का



❖ डा.दामोदर पुडासैनी 'किशोर'

रूप र रङले छेक्दैन, मायाको मूल मिल्यो भने । 'छ्या, छ्या कति फोहोरी मान्छे ! जिन्दगीमा यति फोहोरी मान्छे त देखेकै छैन मैले !' भीम भाइले थुक्क थुके आँगनमै । 'ए भाइ ! जथाभावी थुक्नु पनि फोहोरी काम नै हो है', मैले सम्झाएँ भीम भाइलाई । मसँगै आँगनको बेन्चमा बसेका गोठालाको कपडा र जिउ देखेर वाकवाकी लागेथ्यो भीम भाइलाई । 'त्यति फोहोरीसँग पनि कसरी टाँस्सिएर बस्न सक्नुभएको दाइ तपाईँ ! हेर्नुस् त डुङ्डुङी गनाइरहेछ । जुम्रा सर्लान् है तपाईँलाई पनि', उनले सजग गराए मलाई ।

म पर सरिनँ । घृणा पनि गर्ने कुरै होइन । यात्रामा हिँड्नेले टेकेको ठाउँ र भेटेको मान्छेलाई घृणा होइन, माया गर्नुपर्छ । सच्याउनुपर्ने कुरा सच्याउनुपर्छ– यस्तै लाग्छ मलाई । 'मीनबहादुर रावल' नाम बताएथे गोठाला भाइले । 'बत्तिस वर्ष भएँ । विगत सत्र वर्षदेखि जेठदेखि साउनसम्म खप्तड लेकमै गाई, भैँसी चराएँ । लेकबाट फर्केपछि यही गाई, भैँसी बेचेर वर्षभरि खाने हो । तीनवटी जोई बिहे गरेँ । एउटी पनि बसेनन् । यसपालि पनि सात भैँसी, दुई गाई चराउन ल्याएको छु पाटनमा', मेरा प्रश्नहरूका जबाफ दिएका थिए भाइले ।

'जन्मेदेखि बत्तिस वर्षसम्म एकजोर कपडा पनि किनेको छैन मैले । मागेकै लगाएको छु । जिन्दगीभरि एउटा कपडा पनि धोएर लगाएको छैन । च्यातिएको ठाउँमा त दिनैपिच्छे सिउँछु, नसिए त टिकाउनै सकिँदैन नि कपडालाई । धोयो भने पनि कपडा चाँडै फाट्छ क्या । नुहाउन पनि किन पर्‍यो र ? खोइ; गाई, भेडा, बाख्रा कहिल्यै नुहाउँदैनन्; उनीहरूलाई भएकै छ । हामी मान्छेले नुहाएकै कारणले जिउमा रौँ नआएको । रौँ नभएपछि जाडो त भइहाल्छ नि । म पनि वर्षमा दुई या तीनपटक नुहाउँछु । यसपालि पनि माघेसङ्क्रान्ति र साउनेसङ्क्रान्ति गरी दुईपटक नुहाएँ । साबुन त देखेको छु तर ज्यानमा लगाएको छैन । मान्छेहरू नुहाएपछि राम्रो भइन्छ भन्छन् । त्यो बेकारको कुरा हो । भेडाले कहिल्यै नुहाउँदैन, ऊ जिन्दगीभरि सेतो हुन्छ । भैँसीको पाडो जन्मेदेखि नै आहाल बस्छ र पनि जिन्दगीभरि झन् झन् कालो !' बोल्दाबोल्दै खित्का छोडेर हाँसे भाइ । हाँस्दा दातभरि फोहोर जमेर हरियो भएको देखियो । मुखबाट ह्वासह्वास्ती निस्किरहेछ गन्ध, आँखामा ज्वाला जमेको कचेरा तलसम्म झरेको छ । हात, पाखुरा, पिठ्युँ, पिँडौला सबैतिर फोका नै

फोका रहेछन् । सुगाको चुच्चोजस्तो घुम्रिएका लामा नङहरूले क्वारक्वार कन्याइरहने रहेछन् भाइले । कन्याउँदा भस्मेमा हलो जोतिएको जस्तो गाढा धर्सो पर्ने शरीरभरि ! घामले तातेर होला । उनको पुरानो ज्याकेट भित्रबाट जुम्राहरू सलबलाउँदै बाहिर निस्किरहेथे । कपाल लट्टा परेको थियो । लिखाका गोलो ठाउँ ठाउँमा प्रस्टै देखिन्थ्यो । तिलका गेडा कुटु कुटु चपाएझैँ मीन भाइ त आफ्नै जिउका जुम्रा टिप्दै कुचु कुचु चपाउन पो थाले ! एउटा होइन, दुईवटा होइन, बिस-पच्चिसभन्दा पनि बढी चपाएको देखेपछि घिनको पराकाष्टा नाघ्यो हाम्रो । हामी जच्याकजुरुक उठ्यौँ बेन्चबाट ।

'ए भाइ के गरेको यस्तो ? जुम्रा पनि खान हुन्छ ?' 'नुनिलो, नुनिलो, अमिलो, अमिलो हुन्छ क्या । यसले मलाई खान्छ, मैले यसलाई खान्छु, ठिकै त छ नि । बाख्रा, भेडा, भैँसी, कुखुरा खान हुने जुम्रा खान नहुने, कस्तो कुरा तपाईँहरूको !' तर्कप्रसाद देखिन्छ भाइको स्वभाव । उनको शरीरभर छाला होइन मयलको लेप फिजिएझैँ देखिन्थ्यो । ज्याकेटका बाउलाभरि सिँगानका लत्का टाटा परेका थिए । कपडा पूरै मयल जमेर बिटुमिन जमेझैँ देखिन्थ्यो ।

मीनलाई सबैभन्दा मिठो नै खैनी लाग्ने रहेछ । हामीसँग बसुन्जेल पनि गोल्डन जित नामको भारतीय खैनी फकाफक खाइरहे र भुइँभरि थुःथुः थुकिरहे । 'खैनीले पेटमा खराब असर गर्छ, नखाए हुन्न ?', मैले भनेँ । 'भात नखाए हुन्छ, यो नखाए हुन्न । यसले जिउ तताउँछ क्या । मैले आजसम्म पाँच मुरी खैनी खाएँ हुँला, केही खराब भएको छैन, कहिले हुन्छ खराब ? अनुहारभरि लतपतिएको सिँगानमाथि भुनभुनाएका झिँगा धपाउँदै जबाफ फर्काए मीनले । 'दिनमा तिस रुप्पेमा एक बोतल दुध बेच्छु, दश रुप्पे पर्ने खैनी दुई बट्टा खान्छु, दश रुप्पे त बचिहाल्छ । गोठालो बसेको फाइदा यही त हो नि ।' आयव्यय पनि ठिक भएकोमा सन्तुष्ट थिए भाइ । भाइ गोठालो बस्नमै रमाएका थिए । 'गाउँमा बस्यो भने धेरै काम गर्नुपर्छ, गाउँलेले यसो गर, उसो नगर भनेको पनि मन पर्दैन मलाई', अलि अल्छी र अलि स्वतन्त्रप्रेमी पनि देखिए उनी ।

हामी मीनलाई परिवर्तन गर्नखोज्थ्यौँ । उनी हलचल गर्नेवाला थिएनन् । आफ्नै बानीमा एक्का, विचारमा पक्का भएपछि कसको के लाग्थ्यो र ? मैले युरोप, अमेरिका, रसिया र जापानतिरका गोठालाहरू पनि भेटेको छु । गोठाला र सहरियाहरूमा केही फरक हुँदैन त्यतातिर । एकसेएक काउब्वाई गोठालाहरू झन् सानसँग बाँचेको देखेको छु । त्यतातिरका गोठालाहरू सफा बस्छन्, सुकिला कपडा पहिरहन्छन्, प्रायः कुनै न कुनै पुस्तकहरू पढिरहन्छन् र चिन्तन गरिरहन्छन् कुनै न कुनै । त्यसै भएर पनि हो उनीहरूले गोठालो जाँदाजाँदै दहीदुधबाट चिज, पनिर, आइसक्रिम, केकजस्ता धेरै कुरा बनाए र विश्वका कुना कुनामा निर्यात गरे । हाम्रोमा छ महिना गोठ पसे पनि हात र भाँडा सफा पारेर दुध दुहुने बानी अझसम्म बसेको छैन

! दही जमाउने भाँडो सफासुग्घर हुनुपर्छ भन्ने अझै कतिलाई मतलब छैन ! सरकार भनेको पनि टाठाबाठाकै मुट्ठीमा अलमलिरहने हो विकासोन्मुख मुलुकमा । गाउँ, खर्क र पाटनका गोठालाहरूलाई न राज्यका उज्याला कार्यक्रमहरूले छोएका छन्, न राज्यले केही गर्छ भन्ने विश्वास छ गोठालाहरूमा। गोठालाहरूले दश-बिसवटा बस्तुभाउको त बरु रेखदेख गर्छन् तर राज्य कुनै गोठालोको पनि गोठालो बन्नसकेको छैन !

भीम, बलभद्र र मीन भाइसँग बसेर खप्तड होटेलअगाडि तस्बिर खिचायौँ । आखिर सम्झनाले वेला वेलामा मिठोपन दिने रहेछ जिन्दगीमा। बिहान साढेदश बजेतिर हामीले छिरिपाटनको खप्तड होटेल छोड्यौँ र अलिकति उकालो उक्लेर लाग्यौँ घोडादाउन्ने पाटनतिर । अफ्रिकाको सबाना भनौँ या अर्जेन्टिना र ब्राजिलको पम्पास, उत्तर अमेरिकाको प्रइर भनौँ या रसिया र मङ्गोलियाको स्टेपपे विश्वका ठुला घाँसेमैदानहरूले नाम कमाएका छन् । हाम्रो खप्तडमा देख्न पाइन्छ ती सबै घाँसेमैदानको कुनै न कुनै स्वरूप । रङरङ्का घोडाहरू, ढङ्ग ढङ्गका भेडाहरू, दङ्ग दङ्ग परेका गाई र भैँसीहरू सिलिङमिलिङ चरिरहेछन् । उनीहरूको चराइ र उफ्राइमा गति देखिन्छ एउटा बेग्लै । नेसनल ज्योग्राफी च्यानलबाट प्रसारित अफ्रिकाली घाँसेमैदानको चित्रजस्तो पनि लाग्छ तर हामी हिँडिरहेछौँ घोडादाउन्ने पाटनमा । खप्तड क्षेत्रका बाइस ठुला पाटनमध्येको सबैभन्दा फरक क्षेत्रमा फैलिएको पाटन रहेछ घोडादाउन्ने पाटन । मेरा आँखा फैलिरहे घोडादाउन्ने पाटनभरि । मलाई खोकिलामा खेलाइरहिन् घोडादाउन्नेले । म फैलिरहेँ उनका विराट् फैलावटहरूमा।

हरियो तर चिल्लो घाँसेमैदान, फूलजस्ता घाँसे बुच्का र घाँसे बुच्काभरि लटरम्मिएका फूलहरूलाई हावाले हल्लाइदिँदा काउकुती लगाइदिएझैँ लाग्ने हाम्रो मुटुमा । तिनै गाईबस्तु रमाएका छन् र पो मक्ख परेको छ घोडादाउन्ने । सबै रमाएको ठाउँमा बिलाउँदा रहेछन् जस्तोसुकै पीडाहरू पनि । बेफिक्री फुलिरहेका पाटनका फूलहरूवरिपरि किनारतिर नाचिरहेका धुपी र चिमालहरूसँग मस्किँदै थिए कि ती हरिया झ्याउहरू ! जिउभरि झ्याउमाला बोकिरहेका देवदारहरू मख्खिरहेथे अनन्त पाटनको फैलावटमा। त्यसै बेला सुरिलो गाइरहेका चराका सङ्गीतहरूले भने झुमाइरहेथे सबैलाई। घाँसेमैदानमाथिको ढुङ्गामा थचक्क बसेर ताजा दृश्यहरू नियाल्नुको मजा नै बेग्लै। हरियो समुद्रजस्तो पाटन, नीला गगनचुम्बी घरहरू खचाखच भएजस्ता रुखहरूको खजमजिएको स्वरूप र चरा र जनावरहरूको लयबद्ध आबाज र गति सबै सबैले तरङ्ग फैलाइरह्यो मेरो मस्तिष्कमा। शीतल हावा र कलिलो घामको प्रेमिल असरले चरमोत्कर्षको महसुस भइरहेथ्यो । दृश्यहरू घुलिएर मन आनन्दको उचाइमा पुगिरहेको वेला कसलाई पो लाग्छ र विमुख बन्न सुन्दर संसारबाट । मान्छेलाई सबैभन्दा धेरै सजग

बनाउने नै समयले हो । मनमाफिकको ठाउँ, दृश्य र अनुभूति भेट्दैमा कहाँ अल्झिरहन पाइन्छ र निरन्तर । तोकिएको समय सकिएपछि कामहरू अधुरा हुन् या पूरा छोड्ने बाध्यता नै आइपर्छ मान्छेलाई ।

घोडादाउन्ने पाटन पनि छोड्यौँ हामीले । रायोको सागजस्ता हरिया पातहरू, शरवदाजस्ता पहेँला फूलहरू र रेसा रेसामा उमङ्ग थप्दै हावासँगै हल्लिरहेका सल्लाघारीभित्रबाट हिँड्दा थकित मनमा बिस्तारै हरिया पिपिराहरू पलाइरहने, रङ्गीन प्रसूनहरू मगमगाइरहने ! जुरुक्क जुरुक्क मुख उठाएका सुनपातीहरूले पहेँलाम्य बनाएका छन् जताततै । साना साना मुसाहरू दुलोबाट फुत्त बाहिर निस्कन्छन्, सुनपाती सुघ्छन्, अलि अलि टोक्छन्, र फुत्त छिर्छन् दुलोमा । तिनका चम्किला आँखाहरू सजग । जीवनशैली र जमिनभित्र र बाहिरको तादात्म्यता देख्दा मान्छेले सिक्नुपर्ने पनि धेरै कुरा देखिन्छन् । मान्छेले पनि अब दुलोभित्र बास नबसाई सुक्खै छैन । जमिनभित्र ठुला ठुला सहर, कलकारखाना, जमिनबाहिर खेतीपाती, बगैँचा र खेलमैदान । जमिनबाहिर हिउँका चुचुरा, जमिनभित्र न्यानो रहनसहन, जमिनबाहिर उखरमाउलो गर्मी, जमिनभित्र शीतल संसार । क्या रमाइलो र आनन्दी । त्यसै गर्ने त होलान् नि ती मुसाहरूले पनि । नत्र, बाहिर पाँच-छ फिट अग्लो हिउँ जमिरहेको वेला भित्र कसरी रमाएर बस्थे होलान् मुसाहरू ! 'मुसी बहिनी, मुसा भाइ, माया छ है तिमीलाई' मुसागान सुन्दै नसुनी फुत्त छिरिहाले उनीहरू दुलोमा । उनीहरूको लजालुपनलाई कोट्याइदिऊँजस्तो लाग्छ । मुसाहरू मान्छेलाई शत्रु ठान्छन् कि सकस, बुझ्नै सकिएन । संसारका कुना कुनामा ढाक्ने ती मुसालाई मानवउपयोगी कार्य केही न केही गर्नसक्ने हो भने बेग्लैमा बदलिन्थ्यो संसारको अनुहार ।

सहरका सकसहरू बिर्सिन्छन् घाँसका बुच्काहरू छुँदै हिँड्दा । पानी बिरबिरायो । ओहो ! कति आनन्द छ पानीमा भिज्नुमा । थोपाहरू बढ्न थाले । हिउँका थोपा खसेजस्तो छ । साँच्चै झम झम पानी दर्किन थाल्यो भने त कसरी छिचोल्ने हो बाटो ! मन कति चाँडो आत्तिन्छ तर मनजस्तै घरी घरी बदलिरहने खालको छ खप्तडमौसम । पानीनानी लगाउँदै छिरिन् पातमुन्तिर । घामदाइ ओर्लिए उनलाई चुम्न । घामपानीको केलिकलामा रमाउँदै हिँड्नुमा बेग्लै मजा थपिएको छ । भिजेको शरीरमाथि घाम बोकेर हिँड्न पाउनु अर्को उमङ्ग चुलिएको छ । घोडादाउन्ने पाटन सकियो । खप्तड क्षेत्रकै सबैभन्दा ठुलो पाटन पार गर्नपाएकोमा गर्वले भरिएको छ मन । हिउँ नै हिउँले ढाकिएको वेला हिमकलाका हजारौँ रूपहरू बनाएर फाइदा लिन सकिन्छ होला, मनमा उदायो ।

एउटा माउ बाख्रा लमतन्न सुतेको छ । चार पाठापाठी मच्ची मच्ची दुध चुसिरहेछन् । 'कति दयालु छ हगि प्रकृति', एक मित्रको विचार बोली बनेर निस्कियो । 'कति मायालु पनि छ नि प्रकृति, माया नभए कहाँ अघि बढ्न सक्थ्यो होला र अघि अघि संसार', अर्को मित्रको विचार अर्कै आयो । 'माया र

दया त आआफ्नै ठाउँमा छन्, प्रकृतिजस्तो निर्दयी अरू केही छैन', पाटन सकेर जङ्गल पसेपछि भनँ मैले। 'बलियालाई मात्र बाँच भन्छ प्रकृति । सामर्थ्यवान्ले मात्र भोग भन्छ सबै कुरा। लड्न, भिड्न र भोग्न सामर्थ्य नभएकाहरू अस्तित्व गुम बनाएर हराउ भन्छ प्रकृति। अनि प्रकृतिबाहेक को हुन्छ निर्दयी । दुःखी, गरिब, असहाय र सामर्थ्यहीनलाई नै हेप्छ, चेप्छ र ठेस लगाउँछ प्रकृतिले ।' 'लौ लौ मार्‍यो, मार्‍यो', चिच्च्याउनुभयो अघि अघि हिँड्नुभएको मित्र। चौरमा कुलेलम ठोकेर दौडियो मृग। वायुवेगमा लखेटिरह्यो चितुवाले। विचरा मृगलाई तुर्लुङ्ग झुन्ड्याएर हिँड्यो चितुवाले। अलि पर चौरमा बसेर फोर्न थाल्यो घाँटी । हामी तीनैजनाको शरीर डरले डम्म फुल्यो । जङ्गलबाट फुत्त निस्केर बाघ, भालुले झम्टियो भने कहाँ कुद्नु, कहाँ लुक्नु। टेकेको लट्ठी रुख रुखमा बजाउँदै ठुलो ठुलो स्वरमा कराउँदै हिँड्यौँ हामी।

'प्रकृति साँच्चै कठोर त हो नि हगि ? बिचरा ! मृगलाई कुटु कुटु चपायो चितुवाले । कसरी पाउने न्याय मृगले ?' पहिलेको प्रसङ्ग जोडेँ मैले। 'चितुवाले घाँस खाँदैन। मृग नखाए बाँच्छ कसरी ? कसैलाई मारेर खाएपछि कोही बाँच्छ, यही हो नि प्रकृतिको रीत। मान्छेले पनि त साग मार्छ खान्छ, फलफूल मार्छ खान्छ, अन्न अनाज मार्छ खान्छ, जनावर मार्छ खान्छ। कसैको मृत्यु कसैको जीवन, कसैको जीवन कसैको मृत्यु, यही त हो नि संसारको चलन । हरेक क्षण पीडा छलेर, हरेक क्षण खुसी खोजेर, कुनै न कुनै दुर्घटनाहरूलाई छलिरहन सकुन्जेल मात्र रहन्छ कसैको जीवन। दुर्घटनालाई जसले थेग्न सक्तैन, त्यसै क्षण भेट्छ उसले मृत्यु। आखिर यसैगरी त चलिरहेछ आजसम्म जीवन मृत्युको खेल', मित्रको दर्शन चाख मानेर सुन्दासुन्दै ढुङ्गाले चिनेको सिँढी भेटियो । सिँढीबाट उकालो चढ्यौँ । अलि माथि पुगेपछि एउटा घर भेटियो दुईपाखे । वरिपरि हरियो जङ्गल । बिचमा अग्लो र थोरै थली परेको जमिन। त्यही जमिनमाथि बनाइएको घरवरिपरि तरकारी रोपिएको बारी। खप्तडबाबाको आश्रम पुगेछौँ हामी। दुईपाखे घर। घरमा जोडिएको बार्दली। पिँढीमा माटामूर्तिमा खप्तडबाबाको आकृति बनाइएको रहेछ । पहेँलो वस्त्रले ढाकिएका र रुद्राक्षका माला पहिरेका बाबाको मूर्ति बोल्लाझैँ देखिन्थ्यो। बाबाको मूर्तिअगाडिको ढुङ्गेपर्खालमा थुचुक्क बस्यौँ हामी । एक टुक्रा बादल बिस्तारै आएको छ हाम्रै थाप्ला माथितिर। सुमधुर सङ्गीत छर्दै घरि पूर्वतिर घरि पश्चिमतिर बहिरहेको हावाले तरङ्गित पारेको छ मन। नजिकैको अग्लो रुखमा कोरस गाउँदै छन् चराहरूले।

थप्न मन लागेको छ कोरसमा एक झोक्का । मौन जुलुसमा बहिरहेछ हावा । सुनसान पहाड, जङ्गल र आकाशमा मौन सङ्गीत छरिरहेछन् घामका किरणहरूले। जमिरहेको शान्तिलाई बिस्तारै ब्युँझाउँदै छन् चराका छरीबरी ताँतीहरूले। पीडाका आला घाउहरू कतै छैनन् । बिर्सिएका छन् विगतका छ्याकटे खाटाहरू । जीवनको बेग्लै बिहान । सुगन्धको पहिलो मुहान। प्रेमको पहिलो नवीन

स्पर्श । घाँस, पात, रुख, बादल सबै सबैमा छन् नयाँ आकृति र आबाज । मौनता भङ्ग नगरी आबाज निकाल्न प्रकृति नखलबल्याई प्रकृति ब्युँझाउन र सारा प्राकृत सुन्दरतालाई गति दिन हल्ला नगरी कोरस गाऊ भन्नुपरेको छ चराहरूलाई । एक जोडी चरा हाँगा हाँगामा इत्तरिएका छन् । प्रेमको कोरस विस्तारै बज्न सुरु गरेको छ मुटुको माथिल्लो र तल्लो सतहहरूमा । घाँसका बुच्का बुच्कामा शान्ति फस्टाइरहेको वेला आँखाहरू लोलाइरहेछन् समर्पणका सुसेलीहरूमा । 'ॐ मणि पद्मे हुँ'ले खप्तडमा भेट्दैन, 'द्यौ शान्ति, रन्तरिक्ष शान्ति' फितलो लाग्छन्, आवश्यक छैन कुनै मन्त्र, फिका फिका बन्छन् ध्यान र प्रार्थनाहरू । मौनताबाट शान्ति होइन, सिर्जनाबाट शान्ति र समृद्धिका फाँटहरू फराकिलो पार्ने अभियान चलेको छ युगौँयुग अघिदेखि । क्षण क्षणमा कोरसको बेग्लै अर्थ खोज्न जरुरी भएको छ । आबाज र अर्थमा उद्‌बोधनको शुभारम्भ भएको छ । कोरसमा नयाँ इन्द्रेणीका रङहरू ब्युँझन थालेका छन् ।

खप्तडबाबाले पुस्तकहरू लेखे, प्रवचन दिए शास्त्रार्थ गरे उनको ध्येय समाजमा क्रान्ति गर्नु नै थियो अध्यात्मको बाटोमा । जुनसुकै कोणबाट होस् क्रान्ति नगरे शान्ति पाइन्न जीवनमा पनि । हामी हरेक क्षण क्रान्ति गरिर हेछौँ । प्राप्ति कहिलेकाहीँ फलदायी हुन्छ कहिले कठोर । 'मान्छेको दिमागमा क्रान्तिका रेखाहरू मडारिउन्', बाबाको मूर्ति मौन रूपमै नारा लगाउन खोज्दै छ । हामीहरू खप्तडबाबाको मूर्तिअघिल्तिर पर्खालमा बस्यौँ ।

**हार्दिक श्रद्धाञ्जली**




**खगेन्द्र राई**

निधनः २० फागुन २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

**हार्दिक श्रद्धाञ्जली**



**गोकुल परियार**

निधनः १३ फागुन २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

❑ लघुकथा

# विवेकको बन्द खाम



❖ घनबहादुर थापा

देशभर आमनिर्वाचनको चहलपहल थियो । टोलटोलमा झन्डा फर्फराइरहेका थिए । भित्ताभरि मुस्कान टाँसिएका अनुहार देखिन्थे । माइकमा आश्वासन गुञ्जिरहेका थिए । चुनाव लागेपछि नेताभन्दा मतदाताको कदर बढ्छ भन्ने कुरामा रामे दङ्ग थियो । ऊ मतदाता थियो । आफूलाई निकै सचेत र निष्ठाको जिउँदो उदाहरण ठान्थ्यो ।

रामे घाम ताप्दै उम्मेदवारहरूको गुण-दोष केलाउँदै थियो । 'नेता भनेको चरित्रवान् हुनुपर्छ । इमानदार हुनुपर्छ । जनताको दुःख बुझ्ने हुनुपर्छ', उसले मनमनै प्रतिज्ञा गर्‍यो । त्यत्तिकैमा चन्द्रे आयो । 'धेरै आदर्श नछाँट रामे दाइ । चुनाव भनेको अवसर हो बुझ्यौ ?' उसले खुसुक्क भन्यो ।

चन्द्रेप्रति त उसले हिजै नाक खुम्च्याइसकेको थियो । भोट माग्न आएको वेला भनिदिएको थियो, 'मरिगए तिमीलाई भोट दिन्न ।' आज फेरि प्रलोभन देखाउँदा रामे झर्कियो । उसले भन्यो, 'म पैसामा बिक्दिनँ । यसपटक साँचो नेतृत्व रोज्छु । प्रेमिल, सरल र मानवीय गुण भएकोलाई मात्र भोट दिन्छु ।'

मतदानको अघिल्लो साँझ गहिरिँदै गयो । त्यत्तिकैमा ढोकामा ढकढक भयो । मधुर स्वरमा कसैले पुकार्‍यो, 'रामे दाइ...!' ढोका खोलेर हेर्दा चन्द्रे उभिएको थियो । उसले केही बोलेन, केवल एउटा बन्द खाम थमायो र अँध्यारोतिर बिलायो ।

खाम हातमा परेपछि रामेको मनमा हलचल मच्चियो । 'यो त सानो सहयोग मात्रै हो', उसले आफूलाई सम्झायो । 'अरूले पनि त लिन्छन् । म मात्रै किन फरक ?' प्रतिज्ञाको आबाज बिस्तारै मधुरो भयो । खाम अलमारीभित्र राख्यो, विवेक मनभित्र कतै थन्कियो !

भोलिपल्ट मतदान केन्द्रमा लामो लाइन थियो । मतपत्र हातमा लिएर रामेले नेताहरू सम्झियो । अचम्म ! आज त चन्द्रेबाहेक नेतृत्व गर्नसक्ने गुण भएको नेता कसैलाई देखेन । हिजोसम्म दोषैदोष देख्ने आँखा आज गुणले भरिएका थिए !

उसले छाप हान्यो । त्यो छाप चन्द्रेको चुनाव चिह्नमा मात्र परेन - रामेको आदर्शमा पर्‍यो ।



❖ हरिप्रसाद सिलवाल


# माटोलाई ढोग्छु

हिजोसम्म मानिसहरूलाई ढोग्थैं
बाटैमा ढोग्थैं हजुरबाहरूलाई
भेट्नासाथ ढोग्थैं हजुरआमाहरूलाई
बुबाआमा, काकाकाकी र दाजुदिदीहरूलाई
मनमा ढोग्नै मन नहुँदा नहुँदै पनि
कोही कोहीलाई त बलकरै डरले ढोग्थैं
कोहीलाई भने आदर र सत्कारले ढोग्थैं।

हिजोसम्म मानिसहरूलाई नमस्कार गर्थें
हिजोसम्म म मूर्तिहरूलाई ढोग्थैं
हिजोसम्म म मन्दिरतिर फर्केर नमस्कार गर्थें
हिजोसम्म म साथीहरूलाई हात जोड्थैं
धेरै आफन्तहरूलाई ढोग्थैं, नमस्कार गर्थें
मलाई थाहा थिएन हिजोसम्म
ती मैले ढोग्नेहरूभन्दा
ती मैले नमस्कार गर्नेहरूभन्दा
ढोग्नु र पुज्नुपर्ने
हात जोड्नु र नमस्कार गर्नुपर्ने
अर्कै चिज रहेछ!

त्यो आदर र सत्कारको चिज त माटो रहेछ
माटोले नै मलाई बचाउँदो रहेछ
माटोले नै मैले ढोगेकाहरूलाई बचाउँदो रहेछ
माटोले सबैलाई बचाउँदो रहेछ
माटोविना म रहन सक्दिनँ
मैले ढोग्नेहरू कोही पनि रहन सक्दैनन्
माटोको मायामा पो जीवनको छायाँ फुल्दो रहेछ
माटोको शक्तिमा पो प्राणीहरूको ढुकढुकी खुल्दो रहेछ
म ढोग्नुपर्ने र पुज्नुपर्नेलाई त्यसो गर्ने नै छु
तर म आजदेखि सच्चा हृदयले
मेरा भित्री हृदयका तन्तुहरूले
माटोलाई ढोग्छु!
मेरो नेपाली धरतीको प्रिय माटोलाई ढोग्छु‼
मेरो विश्व धरतीको सृष्टिभरको माटोलाई ढोग्छु!!!

*चैनपुर, धादिङ।*



❖ पदम दाहाल

# लक्ष्यहीन उपलब्धि

निहारिकाभित्र समयहीन प्रवेश छ हाम्रो
न पुस्तक साथमा न पत्रिका काखमा
न कागज न कलम हातमा
फगत मोबाइलका पाना पानामा
खातैखात छन् अध्यायहरू
हामी पल्टाइरहेछौँ
देखासिखी र रामरउसको फन्दामा फसेर
बिलखबन्दमा छौँ
र नै हामी जिल खाइरहेछौँ ।

पर...टाढिएको आफन्तलाई
नजिक्याइरहेछ वर्तमान
प्रविधिको मनमोहकतामा घुसेर
लाग्छ, भइरहेछ हरेक मान्छे ठण्डाराम
सिकिरहेझैँ लाग्छ पनि ज्ञान
कता कता बिर्सिरहेझैँ लाग्छ पनि ज्ञान
कतै कृत्रिम रोबोटद्वारा
रित्तो रहेको त छैन मानवीय जीवन ?
स्वच्छन्द तुल्याएर हाँसिरहेछ
कुनै बेइमान
उद्दण्डता अघि लाएर घाँटी निमोठ्तै छ
अर्को एक अपमान
बैगुनी प्रवृत्ति बसालेर दिमागमा
कमाउधन्दा र तुच्छ मनोवृत्तिसिवाय
कुनै निःस्वार्थ भाव सोचिरहेझैँ लाग्दैन
हामी हरेकलाई डोऱ्याउने बिचरो वर्तमान !

टाढा-नजिकका शक्तिराष्ट्रदेखि
मेरो घरदलानसम्म
व्यापार-व्यवसायको लुछाचुँडी छ
हरेक नाफाखोरहरूको
लावालस्कर र झुण्डको घोडचढी छ !
हामी जोत्न भ्याइरहेका छैनौँ
आफ्नो जमिन
बरु बँज्याएर खेतबारीलाई
गिज्याएर आफैँलाई
रेमिट्यान्स बटुल्दिन औताइरहेछौँ
र सहर पसेर पेटपालो गर्दै
दैनन्दिन आफ्नो गाउँठाउँ रित्याइरहेछौँ
लक्ष्यहीन उपलब्धिको बाटेर सपना
टाकुरीमा चढेर रमाइरहेछौँ हामी !

*मादी न.पा. ६, सङ्खुवासभा*
*हाल लोकन्थली, भक्तपुर ।*

# अग्रज नारी साहित्यकार रमा शर्मा



पिता गोपाल पाँडे 'असीम' र माता रुपकुमारी पाँडेको कोखबाट वि.सं.१९९९ साउन ३२ गतेका दिन प्याफल टोल, काठमाडौँमा जन्मनुभएकी अग्रज नारी साहित्यकार रमा शर्माको स्थायी बसोवास डल्लु, काठमाडौँमा रहेको छ । त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तरसम्मको अध्ययन पूरा गर्नुभएकी उहाँले २०१९ देखि २०२७ सम्म विद्यालयमा, २०२५ देखि २०६४ सम्म महाविद्यालय (त्रि.वि.) मा र २०२७ देखि २०२९ सम्म (जनक शिक्षा सामग्री केन्द्र सानो ठिमी)मा कार्य गर्नु भई अवकाश जीवन बिताइरहनुभएको छ।

साहित्यकार रमा शर्माको पहिलो रचना ***मोतीराम भट्ट एक परिचय*** (गोरखापत्र, २०१९)मा प्रकाशित भएको थियो । उहाँका कृतिहरू : ***महेन्द्रमाला – भाग २*** (पाठ्यपुस्तक, २०२९), ***खाद्य विज्ञान*** (सहलेखन, २०३२), ***केही चिन्तन*** (समालोचनासङ्ग्रह, २०४८), ***मोतीराम परिक्रमा*** (अन्वेषण, २०५०), ***महाकवि गुणराजका कृतिमा पाइने भक्तिका विविध पक्षहरू*** (समालोचना, २०५०), ***भावनाका थुँगाहरू*** (संस्मरण, २०६२) आदि प्रकाशित भएका छन् । उहाँले **सम्पादन गरेका पुस्तकहरूमा :** ***असीम संस्मरण ग्रन्थ*** (२०३७), ***मोतीराम भट्टका गजलहरू*** (२०३८), ***समस्यापूर्ति कवितासङ्ग्रह २०२०–२०३७*** (२०३८), ***मोती स्मृति ग्रन्थ*** (२०३९), ***मोतीराम भट्टको परिचय र केही कविता*** (२०४२), ***मोतीमण्डलीका समस्यापूर्तिहरू*** (२०४४), ***मोतीग्रन्थावली*** (२०४५), ***गहन चिन्तन*** (झपटबहादुर राणाका निबन्ध सङ्कलन, २०४६), ***भानुभक्तप्रति*** (रचनासङ्ग्रह, २०४७),***पृथ्वी शतक*** (खण्डकाव्य, २०५४), ***भक्तिपुष्प*** (भजनसङ्ग्रह, २०५६), ***उद्गार*** (२०५८), ***कृष्णदेव पन्तका कविताहरू*** (२०५८), ***मोतीराम भट्ट र सम्सर्गी कवि*** सहलेखन/सहसम्पादन, २०६०), ***कविशिरोमणिको ऐतिहासिक रथयात्रा*** (२०६२), ***समस्यापूर्ति कविसम्मेलनको ५० वर्ष*** (२०६३), ***मेरो जीवन*** (कवितासङ्ग्रह २०६६), ***दामोदर राज शर्मा स्मृतिग्रन्थ*** २०६६, ***समस्यापूर्ति कवितासङ्ग्रह*** २०३८-२०५७ (२०६६), ***असीमका कविताहरू*** २०७१,

***समस्यापूर्ति कवितासङ्ग्रह*** २०५८-२०७४ (२०७६), ***राष्ट्रभाषा*** (वार्षिक पत्रिका २०४८ देखि), ***ने.शि.प.स्वर्णजयन्ती विशेषाङ्क*** (२०५९), ***ने.शि.प. हीरकजयन्ती विशेषाङ्क*** (२०६९), ***गोपाल पाँडे असीम जन्मशताब्दी विशेषाङ्क*** (२०७०), ***राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क*** (२०७६), ***राष्ट्रकवि : एक सय एक कविका आँखामा*** (कवितासङ्ग्रह - सहसम्पादन, २०७६) आदि हुन् ।

**साहित्यकार रमा शर्मा** ***सदस्य*** *(२०२५ सालदेखि),* ***सदस्य सचिव*** *(२०३५ सालदेखि) र* ***अध्यक्ष*** *(२०७७ सालदेखि)* नेपाली शिक्षा परिषद्, ***संस्थापक उपाध्यक्ष*** *(२०६५ सालदेखि) र* ***अध्यक्ष*** *(२०७६ सालदेखि)* – रूपकुमारी अध्यात्म सेवा अनुष्ठान, सदस्य- सङ्गीत कला पुरस्कार (२०६७, सदस्य- राष्ट्रिय युवा सेवा कोष, सदस्य- रुद्रराज साहित्य समिति, सदस्य- झपट पुरस्कार व्यवस्था समितिलगायत विगत र वर्तमानमा गरी अन्य एक दर्जनभन्दा बढी साहित्यिक, सामाजिक सङ्घसंस्थामा आजीवन सदस्य, सदस्य तथा सल्लाहकारका रूपमा विभिन्न सङ्घसंस्थामा संलग्न हुनुहुन्छ । उहाँको विशेष क्षेत्र भने निबन्ध, समालोचना, अन्वेषण, भाषा-साहित्य सेवा हो ।

उहाँले पाउनुभएका **पुरस्कार/पदक/सम्मान** : विद्या पुरस्कार (२०१६), *रत्न विद्या पदक* (२०१८), नेपाली शिक्षा परिषद्बाट *सेवा पदक* तथा रजत पदक (२०२२) र प्रशंसापत्र (२०५८), *रत्नश्री स्वर्णपदक* (२०२७), *झपट पुरस्कार* (२०४६), *लोकप्रियादेवी पुरस्कार* (२०५०), *गुणराज व्याख्यान पुरस्कार* (२०५०), उपहारसहित प्रशंसापत्र (रत्नराज्य लक्ष्मी क्याम्पस २०५१), *बृहत्तर गुवाहाटी साहित्यिक अतिथि अभ्यर्थना समिति अभिनन्दनपत्र* (२०५२), *दीर्घ सेवा पदक* (त्रि.वि., २०५३), *गद्दी आरोहण रजत महोत्सव पदक* (२०५३), *प्रशंसापत्र* (*मृगेन्द्र सम्झना चिकित्सा गुठी,* २०५३), *सुप्रवल गोरखा दक्षिणवाहु पदक* (२०५७), *सम्मान* (*भानु जन्मस्थल विकास समिति,* २०५७), *भद्रकुमारी घले सेवासदन अभिनन्दन* (२०६२), *भद्रकुमारी घले सेवासदन सम्मान* (२०६४), *योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मान* (२०६६), *महाकवि देवकोटा शताब्दी सम्मान* (२०६६), *सामुदायिक प्रहरी सेवा, स्वयम्भु -प्रशंसापत्र* (२०६६), *मधुपर्क सम्मान* (२०६७), *पल्लव साहित्य सम्मान, चितवन* (२०६७), *बनिता साहित्य सम्मान* (२०६७), *वेदनिधि पुरस्कार* (२०६८), *योगी नरहरिनाथ ट्रस्ट अभिनन्दन* (२०६८), *महाकवि देवकोटा पुरस्कार* (नेपाल सरकार, २०६८), *चक्रपाणि स्मरण पुरस्कार* (२०६९), *सम्मानपत्र* (२०६९ असोज), सामुदायिक स्वास्थ्य सेवा परिषद्, डल्लुबाट *कदरपत्र* (२०६९ माघ), सामुदायिक स्वास्थ्य सेवा परिषद्, डल्लुबाट *डा.ठाकुरनाथ पन्त स्मृति सम्मान* (२०७०), *वरिष्ठ तथा ज्येष्ठ नागरिक समाज सम्मान* २०७०, डल्लुबाट, *लिस्नर्स क्लब नेपाल सम्मान* २०७०, *बाबा ओमवीर*

*सिंह* बस्न्यात *पुरस्कार* २०७०, *रुद्रप्रसाद रिजाल स्मृति सम्मान (मकवानपुर)* २०७०, दायित्व वाङ्मय विशिष्ट सम्मान २०७१, शब्दयात्रा अनुसन्धान सम्मान, बनेपा २०७२, सत्सङ्ग परिवार जाउलाखेल सम्मान २०७२, नेपाल सांस्कृतिक सङ्घ पुरस्कार २०७२, गाउँ सेवा कोष सम्मान २०७३, तनहुँबाट, लीला नर्वदा साहित्य पुरस्कार, चितवन २०७३, राष्ट्रिय प्रजातन्त्र पार्टी सम्मान २०७३, डा.हर्षबहादुर बुडामगर भाषा शिक्षा सम्मान २०७३, खिलशर्म राजीवलोचन जोशी स्मारक पुरस्कार २०७३, लीलाध्वज थापा स्रष्टा सम्मान २०७३, नेपाल प्रज्ञा प्रतिष्ठान हीरक जयन्ती सम्मान २०७४, मञ्जुश्री साहित्यिक प्रतिष्ठानबाट सम्मानित २०७४, नरबहादुर स्मृति अक्षरमार्ग सम्मान २०७४, पनौतीबाट, नगेन्द्रप्रसाद रिजाल आशालता साहित्य सम्मान २०७४, विराटनगरबाट, भारती खरेल स्मृति पुरस्कार २०७५, हरि अभिनव विद्धत् सम्मान २०७६, श्री पशुपति अर्चना व्यवस्था प्रतिष्ठान २०७६, शारदादेवी सिर्जना पुरस्कार २०७८, दण्डपाणि नन्दकुमारी अर्ज्याल स्मृति राष्ट्रिय पुरस्कार २०७८, चारुशीला वाङ्मय पुरस्कार २०७९, साहित्यिक पत्रकार सङ्घबाट सापस स्वर्ण महोत्सव सम्मान २०८०, रामेश्वरप्रसाद तिमिल्सिना स्मृति सम्मान पुरस्कार २०८०, मनोहरा साहित्य समाजबाट अभिनन्दन २०८०, पद्मश्री साधना सम्मान २०८२ आदि हुन् ।

उहाँले भ्रमण गर्नुभएका देशहरूमा भारत, अस्ट्रेलिया, हङकङ, सिङ्गापुर, थाइलैन्ड, ल्हासा (तिब्बत) रहेका छन् । उहाँले हरेक वर्ष लेखनाथ साहित्य सदन, सोरखुट्टेमा असार २९ गतेका दिन भानुजयन्ती, साउन ३२ गतेका दिन गोपाल पाँडे असिम पुरस्कार, कुशे औँसीका दिन युवा मोती पुरस्कार र पुष १५ गतेका दिन लेखनाथ जयन्ती आदि कार्यक्रम गर्दै आउनुभएको छ । सिङ्गो जीवनभरि साहित्यसाधना गरिरहनुभएकी उहाँको साहित्यिक यात्रा निरन्तर रूपमा अगाडि बढ्दै जान सकोस् ।


*अरूणबहादुर खत्री 'नदी'*
*बुढानीलकण्ठ-४, पासिकोट,*
*उज्यालो वस्ती, काठमाडौँ ।*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

***– शब्द-संयोजन परिवार***

# 'नग्न स्वप्न' समाजको ऐना हो



❖ विमल लामिछाने




कथा लेख्ने हुटहुटी साहित्यमा लाग्ने जोकोहीलाई हुन्छ, कथा लेख्ने प्रयास पनि धेरैले गरेको पाइन्छ तर समाजको संस्कार र संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउने गरी कलम चलाउने साहित्यकार भने कमै भेटिन्छन् । समकालीन नेपाली लघुकथाको फाँटमा कृष्ण बजगाईं एउटा यस्तो नाम हो, जसले कथाको सानो क्यानभासभित्र युगीन विसङ्गति र मानवीय संवेदनाको विशाल आयतनलाई अटाउने सामर्थ्य राख्दछन् । उनको कृति 'नग्न स्वप्न'ले आधुनिक समाजको त्यो ऐना प्रस्तुत गर्दछ जहाँ मानिसले ओढेको सभ्यताको आवरण क्रमशः खुइलिँदै गएको देखिन्छ। यस सङ्ग्रहका लघुकथाहरूले केवल घटनाको प्रतिवेदन मात्र दिँदैनन् बरु सामाजिक संरचनाभित्र लुकेका विद्रुपता र मानवीय चरित्रको दोहोरोपनलाई दार्शनिक गहिराइमा पुगेर चिरफार गरेको सहज अनुभूत हुन्छ।

'नग्न स्वप्न' शीर्षक आफैँमा एउटा शक्तिशाली प्रतीक हो, जसले मानव जातिका नग्न इच्छाहरू, महत्वाकाङ्क्षा पूरा नहुँदा उत्पन्न हुने मानसिक रिक्ततालाई प्रतिविम्बित गरेको पाइन्छ । वैचारिक दृष्टिले हेर्दा, बजगाईंका कथाहरूमा उत्तर-आधुनिक समयको पदचाप स्पष्ट देखिन्छ। उनले वैश्वीकरण र डायस्पोरिक जीवनले उब्जाएका पहिचानका सङ्कट, सांस्कृतिक विचलन र सम्बन्धहरूमा आएको यान्त्रिकतालाई अत्यन्तै सूक्ष्म ढङ्गले लघुकथामा ढालेका छन्। एकातिर गाउँ रित्तिँदै गएको रित्तोपनको पीडा छ भने अर्कोतिर पराइ भूमिमा 'म' खोज्दाको विरानोपन छ तर बजगाईंको दृष्टि यतिमा मात्र सीमित छैन; उनले राष्ट्रिय राजनीतिमा मौलाएको अनैतिकता, मूल्यहीनता र आदर्शको पतनलाई पनि आफ्नो व्यङ्ग्यको निशाना बनाएका छन् । हरेकजसो लघुकथाका पात्रहरू अक्सर अस्तित्वको लडाइँमा थाकेका तर परिस्थितिको नग्नतासँग जुधिरहेका सामान्य

मानिसहरू रहेको भेटिन्छ। जसका माध्यमबाट लेखकले समाजको 'पाखण्डीपन' अनुहारलाई निर्वस्त्र बनाइदिएका छन्।

शिल्पगत रूपमा 'नग्न स्वप्न'मा एउटा सिद्धहस्त लघुकथाकारको परिपक्वता देखिन्छ । उनका कथाहरूको प्रारम्भ सहज भए तापनि विकासक्रमले पाठकलाई एउटा अदृश्य कौतूहलमा बाँधिराख्छ र अन्त्यमा पुग्दा पाठक एउटा गम्भीर आत्मबोध वा प्रश्नसँग साक्षात्कार गर्नपुग्छ । भाषाको सरलता र भावको सघनताबिचको सन्तुलन यस कृतिको अर्को सुन्दर पक्ष हो । उनले जटिल दार्शनिक कुराहरूलाई पनि जनजिब्रोको बोली र दैनिकीका विम्बहरू प्रयोग गरेर सरल सम्प्रेषण गरेका छन् । प्रतीक र व्यङ्ग्यको कलात्मक फ्युजनले गर्दा कथाहरूमा एक प्रकारको तिखोपन छ जसले पाठकको चेतनालाई बिथोल्ने शक्ति राख्दछ, ऊर्जा भर्दछ। 'समयबोध' लघुकथाले पाठकलाई भविष्यको कल्पनामा सयर गराउँदागराउँदै वर्तमानमा ओराल्छ किनकि भविष्य उसको वशमा हुँदैन। वर्तमान नै उसको समय हो, उसको धरातल हो। 'बाध्यता' आर्थिक अभावमा पिरलिएको आममान्छेको कथा हो । आर्थिक अभावले मनोरोग सृजना गर्छ र कसरी मान्छे दुष्कर्म गर्न बाध्य हुन्छ भन्ने कुरा उजागर गरिएको छ। स्वास्नी स्वास्नी भइन, छोराछोरी छोराछोरी भएनन्, आफन्त आफन्त रहेनन्, सायद जीवनदेखि हारेको मान्छे हाडछालाले भरिएको बुढो शरीर अस्पतालको बेडमा तेर्साउँदा मनमा खेल्ने कौतुहलताहरू, सपनामा देखेको कुरा विपनामा ठ्याक्क मिल्नु 'महासंयोग' नै जस्तो लाग्छ।

सुरुदेखि अन्त्यसम्म कौतूहलताले भरिएको 'फन्दा'ले पाठकलाई फन्दामा पार्दै बाँधेर राख्छ। एउटा बद्नियत भएको मान्छे आफैँ फन्दामा परेको कथा छ। 'पहिचान' मार्मिक छ एउटा देश हराएको, पहिचान गुमाएको, उज्ज्वल भविष्यको खोजीमा विदेशमा भौँतारिरहेको मान्छेको पीडादायी कथा हो । 'अपमृत्यु'मा व्यङ्ग्य र हास्य मिसिएको छ। साहित्यले गर्जो नटर्ने हुँदा अन्त्यमा म पात्रलाई नै मारेको दिन भिसा आइपुग्नु रहस्यात्मक त छ नै तथापि कथाकारको कला भरिएको अनुभूति हुन्छ । 'भिसा' पढदै जाँदा आफ्नै देशका राजनैतिक जनावर, कर्मचारीका कुकृत्यहरू झलझली आँखाअगाडि नाच्छन्। समापनमा सपना देख्न पनि भिसा हान्नुपर्ने तितो यथार्थले मन चसक्क हुन्छ । आफ्नै श्रीमती आफैँलाई नासो फिर्ता गरेजस्तै गरेर भुसतिघ्रेसँग जानु रहस्यमयी लाग्छ । 'नासो' कथामा वैदेशिक रोजगारका अँध्यारा पाटालाई सामाजिक विकृतिको रूपमा उप्काउने प्रयास गरेको छ। 'भरोसा'मा खुसी हराउँदाको पीडा र त्यसबिचमा पाइने आड भरोसाको कुरा छ भने 'जुत्ता'मा जुत्ता र जुत्तीबिचको द्वन्द रोचक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ।

'लज्जा' आजको परिवेशमा ताजा र मिल्दो कथा हो । मानिसहरू यान्त्रिक बन्दै गइरहेका छन् । विपरीत लिङ्गीहरू सन्तान

नजन्माउने तर लिभिङ टुगेदरमा बस्ने वा एक सन्तान मात्र जन्माउनाले भविष्यमा मानव सृष्टि नै खतरामा पर्नसक्ने कुरा उठाइएको छ भने अर्कोतर्फ समलिङ्गी विवाह बढ्दै जानु एउटा लज्जाको विषय बनेको छ। यहाँ हृदय हराएको मान्छेले कुकर्म गर्छ, देख्नेले पनि त्यस्तै देख्छन् र उसमा भ्रान्ति उत्पन्न हुन्छ ऊ आफूलाई होइन अरूलाई पागल देख्छ। यहाँ आफूले आफैँलाई बुझ्न नसक्नुको तितो यथार्थ उजागर भएको छ। 'लालच'ले दरो व्यङ्ग्य हानेको छ, नेपाली राजनीतिमा मासु-चिउरा-रक्सीमा बिक्ने लठ्ठकहरूलाई कसिलो झटारो हानेको छ। यसले नेपाली राजनीतिको फोहोरी खेल हुबहु उतारेको छ। 'मर्मान्वेषक'मा धोकेबाज, आततायी या विश्वासघातीको पराकाष्ठा नमुना उतारिएको छ। यो कथा अत्यन्त रोचक र मार्मिक छ। 'प्रतीक्षा'भित्र लोग्नेस्वास्नीबिचको कटु सम्बन्ध पाइन्छ जसको मूल जड नै प्रतीक्षा हो। कथा पढ्दा यस्तो लाग्छ जिन्दगी नै प्रतीक्षाको पुलिन्दा हो। 'परामर्श'मा एउटा काउन्सिलिङ सेन्टरले दिएको परामर्श उचित नै लाग्छ अपितु परामर्श दिँदा विचार पुर्‍याउनुपर्ने कुरा कथाले भन्छ। भूत र वर्तमानको जाँतोमा पिसिएको एउटा जीवनदेखि हार खाएको मान्छेको कथा हो 'भूत' जहाँ उसलाई विगतले झस्काउँछ, वर्तमानले तर्साउँछ, यही उहापोहबिच ऊ जीवन विसर्जन गर्छ।

'भाइरल'मा लोग्नेस्वास्नीको विपरीत चरित्र छ। लोग्नेको सिर्जनशीलतमा अङ्कुश लगाउँदै स्वास्नी असामाजिक तबरले भाइरल बन्छिन् जसको कारण लोग्नेलाई भाइरल ज्वरो आउँछ। 'गमन'मा पात्रहरूको छली चरित्र पर्दाफास भएको छ। 'उपवास'ले अनावश्यक रूपमा व्रतउपवास बसी ढोङ गर्ने महिलाहरूप्रति कटाक्ष गरेको छ। 'प्रभाव' लघुकथा काल्पनिक लाग्दालाग्दै यथार्थ पनि लाग्छ। कथाभित्र एउटा साहित्यकारकी श्रीमतीको गलत मनोदशाको सुन्दर चित्रण छ। 'तीब्रता' तीब्र गतिमा अघि बढ्छ। पश्चिमा संस्कृतिजस्तो यथार्थ घटनाजस्तो पनि लाग्छ तर कथाले युटर्न लिएर पाठकलाई मुस्काउन बाध्य बनाउँछ र उपन्यास लेख्ने कुराले उत्तिकै रोमाञ्च पनि पैदा गर्छ। 'होस्'मा बेहोस् भएको मानिसले देखेको सपना पनि यथार्थ हो र होस्मा आउँदा अस्पतालको खर्च सम्झेर बेहोस् हुने अवस्था पनि यथार्थ हो। 'मूर्खपुर' त झन वर्तमान नेपालको ठ्याक्कै मिल्ने ऐना हो काटिकुटी एउटै। नेताहरूको लागि मात्र गणतन्त्र आएको र यो राजनीति गर्नेहरूका लागि स्वर्ग र जनताका लागि नरक बराबर भएकोजस्ता गणतन्त्रका विकृतिहरू 'गणतन्त्रको जन्त्र'मा उल्लेख छ। गणतन्त्रको साँचो नेताको हातमा छ र जनता उनीहरूले फलाक्ने मन्त्रमा लठ्ठिएका छन् भन्ने सार खिचिएको छ।

'नक्कली'मा सबै कुरा नक्कली लाग्छ। जति कामकुरा हुन्छन् देखाउनका लागि मात्र हुन्छन्। नक्कली लाग्छन् तर सपना यथार्थ देखिन्छ त्यो किन नक्कली देखिँदैन ? गम्भीर प्रश्न छ। 'रूपान्तर'मा सम्भ्रान्त र निम्न वर्गीय

महिलाको कुरा छ । सम्भ्रान्त महिलाहरू मोजमस्तीका लागि आफूलाई सजिलै रूपान्तर गर्नसक्छन् भने निम्न वर्गीय महिलाहरू पनि ब्याकफोर्स पाएमा हकअधिकारको लागि तत्पर हुन्छन्। राजनीति पूर्णकालीन पेसा भएको छ 'इलम'मा । अरूतिर असफल भएकाहरू राजनीतमा सफल भएका छन् र उनीहरूको घरबार पनि मजाले चल्छ। आफ्नो 'अभीष्ट' पूरा भएपछि त जस्तोसुकै क्रान्तिकारी पनि स्खलित हुन्छ। यो कथित नेपाली क्रन्तिकारीको हुबहु चित्र हो । 'ताप'मा जल्नुअघि आफूले पठाएको छायाँछबीमा सुन्दरीको छायाँले उनलाई पनि कति ताप दियो होला ! आँसु झार्नुअघि सोच्नु पर्थ्यो कि ? 'संसजक' बुझ्नलाई अलि गारै छ। जहाँ त्यो तेस्रो अमुक व्यक्ति उनीहरू दुबैको प्रेमिका भएर आएकी छे र त्यसको घानमा अबोध बच्चा परेको छ र पनि उनीहरू खुसी छन् । 'सहजीवन' पढदा जीवन एउटा रङ्गमञ्चजस्तै लाग्छ, सबैले आआफ्नो भूमिका निभाउने हो । 'डेटिङ' नयाँपन खोजीका नाममा अतिरन्जितजस्तो छ । 'बहुगामी' लघुकथाले पर्दापछाडिको अदृश्य खेल खोतल्न खोजेको छ।

'विपरिणाम' के सोचेँ मैले के भयो अहिले भनेजस्तै भएको छ लोग्नेलाई भने व्यवहारले लोग्ने कहिले मर्छजत्तिकै गर्ने तर अर्की ल्याउने तारतम्य मिलाएको रहेछ भन्ने गलत बुझाइले पनि जलन हुने कुरा देखाइएको छ। 'अभिनय' एउटा गलत संस्कार उजागर गरेको कथा हो जहाँ घरका परिवार नै रोगी बुढाको मृत्यु कुरेर बस्छन् तर आफू दुःखी भएको अभिनय गर्छन्, अन्त्यमा बुढा बौरँदा डाँको छाडेर रुन्छन् र उनीहरूको अभिनय पर्दाफास हुन्छ। 'अन्तिम इच्छा' पढ्दा बुढीले घरकालाई धोखा दिएर पूर्वप्रेमीसँग बसउठ गर्ने नौटङ्कीजस्तो लाग्छ । जो उनको अन्तिम इच्छा पनि हुनसक्छ। लघुकथा 'अशान्ति' र 'बुद्धि'भित्र सरकारी अकर्मण्यता, असहयोग छलछाम आदिले अशान्ति मच्चाउने तर उनीहरू त्यही अशान्तिभित्रै आफ्नो दुनो सोझ्याउँने ध्याउन्नमा लागेको देखिन्छ । 'आइमाई'मा जतिसुकै नारीवादी कुरा उठाए पनि अथवा पुरुषसँग जतिसुकै मनमुटाब भए पनि नारीले नारीमाथि नै विश्वास गर्नसक्दैनन्, आइमाईको शत्रु आइमाई नै हुन्छन् भन्ने कुरा चित्रण भएको छ।

'अन्जाम'मा एउटा पृथक अदभुत सहरको परिकल्पना गरिएको छ। 'हरित सहर'मा आफूले जथाभावी रुखबिरुवा काटेर आगो बालेको र चोरी सिकारसमेत गरेको कारण उत्पन्न सन्ताप सपनामा देखिन्छ । सपनामा देखेअनुसारकै जरीवाना तिर्न कथाकार तैयार हुन्छन् । यसको अर्थ वातावरणीय चेतना छ। 'मनस्कान्त' कसिलो व्यङ्ग्यमिश्रित लघुकथा हो । 'मास्क' रहस्यमयी छ । कलगर्ल सायद आफ्नै मान्छे थियो । 'छल' यौन विषयक कथा हो। यौनकर्मीबाट हुने छल र धोकाधडी र ब्याल्कमेलिङजस्ता गम्भीर विषय उठान गरिएका छन् । 'घोस्ट राइटर'मा साहित्यक्षेत्रमा कथित साहित्यकारको कर्तुत र

जीविकोपार्जनका लागि लेख बेच्नुपर्ने दारुण बाध्यतामा छ, केकालागि लेखैँ किन लेखैँ भन्ने बैरागभाव पनि भेटिन्छ । 'भ्रमी' धेरै पढेको विद्वान तर असफल मानसिक सन्तुलन गुमाएको साहित्यकारको कथा हो जहाँ उसको मनोदशा बिग्रेको छ । 'रहस्य'मा लघुकथाकारमाथि नै व्यङ्ग्य हो किजस्तो देखिएको छ । यसमा कथाको अधुरो भाव छ । यसैगरी 'लाइसेन्स' कथा चोटिलो छ, अन्तिम वाक्यले नै सम्पूर्ण कथा बोकेको छ । 'समस्यापुर'मा सुन्दर ढङ्गले व्यङ्ग्य पनि गरिएको छ । जति समस्या पर्छ उति नै फाइदा हुन्छ । यसको अन्त्यमा समस्यै समस्याका बिच लेखकलाई उम्किन गारो भएको दुखान्त कथा छ ।

'घात' नेपाल राष्ट्रको एउटा विस्मयकारी कालखण्डको विम्ब झल्किएको देखिन्छ । यो कथा पनि मार्मिक यथार्थजस्तो लाग्छ । अर्को लघुकथा हो 'ऐना' यसले पनि नेपाली राजनीतिभित्रको तितो यथार्थलाई ऐनाजस्तै छर्लङ्ग देखाएको छ । 'नग्न स्वप्न' पुस्तकको आवरण कथा पनि हो । यसभित्र एउटा सुन्दर सपना बोकेर राजनीतिक पार्टीको जलुसमा होमिएको केटो पक्राउ परेर जेल पर्दा सबै नाङ्गिएको चित्र पोखिएको छ । 'गरिबपुर'मा टाठाबाठा नेताहरूले कसरी गरिबलाई खेलाउँछन् र आफ्नो दुनो सोझ्याउँछन् । गरिबहरू आफ्नो पनि त दिन आउला नि भन्दै खोक्रो सपना हेरेर प्रतीक्षा गरी बस्छन् तर उनीहरूको सपना सपनामै सीमित हुने कुरालाई कलात्मक रूपमा उतारिएको छ । 'निद्रा'मा पनि समकालीन नेपालको जल्दोबल्दो विषय उठान गरिएको छ । यहाँ लुटेरा फटाहाहरूले लुट्नुलुटिसके तर जनता भने चिर निद्रामा छन्, चेत छैन जाग न जाग भन्दा उल्टै खेदो गर्छन् । 'दिग्भ्रम' अकस्मात टुप्पोबाट पलाएकोले अरूलाई सानो कदको देख्नु दिग्भ्रम हो भन्ने देखाइएको छ । राजनीतिमा छलछाम नगरी केही हुँदैन, निष्ठाको राजनीति गरे आफैँ नाङ्गो भइन्छ भन्ने विषयले राजनीतिको उदाङ्गो चित्र खिचेको छ ।


'नाता' अर्को पाठ हो यसमा 'नाता'भन्दा पनि एकआपसको सम्बन्ध र व्यवहार प्रमुख हो वास्तवमा यही नै नाता हो र त्यसैले त म पात्रलाई पछुतो परेको छ । चञ्चल मन 'इरादा' अनेक हुन्छन् । मनलाई नियन्त्रण गर्न कठिन हुन्छ यो अनियन्त्रित भयो भने सास्ती पाउने त शरीरले नै हो । चुत्थै देश भए पनि राष्ट्रप्रेम मर्दैन भन्ने कुरा शरणार्थीमा देखाइएको छ । यस्तै रोचक कथा हो 'डब्लु डब्लु डब्लु डट कम' । यसभित्रको संवादले धेरै प्रचार र हल्लीखल्ली हुने साहित्यिक सृजनाहरू झुर हुनसक्ने र हल्लाको पछि नलाग्न सुझाएको छ । कथाको समापन पनि अत्यन्त आकस्मिक छ । यस लघुकथाकृतिमा ६१ वटा कथा समेटिएको छ । 'नग्न स्वप्न' लघुकथाको क्षेत्रमा एउटा अब्बल कृति हो । सङ्ग्रहका सबै कथाहरू उच्चकोटिका छन् । प्रत्येक लघुकथाका विषयमा मिठास छ, भिन्नै अर्ग्यानिक र आफ्नोपन छ ।

लघुकथाकार बजगाईँको 'नग्न स्वप्न' हरेक साहित्य अनुरागीहरूले एकपल्ट पढ्नै

पर्ने लघुकथा साहित्यको एउटा मानक कृति हो । बजगाईंको यस लघुकथासङ्ग्रहले समाजलाई हेर्ने नयाँ दृष्टि प्रदान गर्दछ र आफ्नै भित्रको 'नग्नता'सँग डराउनुको सट्टा त्यसलाई स्वीकार गरेर सत्यको खोजी गर्न प्रेरित गर्दछ। नेपाली आख्यानको इतिहासमा यो कृति विसङ्गतिवादी चेतना र यथार्थवादी चित्रणको एक उत्कृष्ट नमुनाका रूपमा लिनसकिन्छ।

*दमक, झापा।*

❑ कविता



❖ गायत्रीकुमार चापागाईं

## भावनाको तरङ्ग

मायाको खानीमा खसे उठ्न गारो
आँखाको नानीमा बसे भुल्न सारो
खारेको नौनीको रसै गन्ध प्यारो
छानेको पानीमा सधैँ हाल्नु चारो।

खेतीमा पानी औषधी बुझ्नुपर्छ
देखेमा सानी चञ्चली ठान्नुपर्छ
साथीको बानी सारमा साथ पाए
मौरीकी रानी घारमा हार लाए।

हाम्रा पाखामा स्वर्गको भान खुल्छ
हाम्रा भाकामा देशको शान झुल्छ
हाम्रा मायामा प्रेमको गीत बोल्छ
हाम्रा खोलाले शीत सङ्गीत खोल्छ।

खेतीपातीको उर्वरा शक्ति नापे
माटोपानीमा सर्वदा भक्ति थापे
अग्लोहोचोको भिन्नता तोड्नुपर्छ
कालोगोरोको खिन्नता मेट्नुपर्छ।

आलाकाँचाको भावना बुझ्नखोजे
ढाँचाकाँचामा सिर्जना साथ रोजे
चालामालामा तिर्सना मर्म बोले
खोला ऊर्जाको मर्मको कर्म खोले।

आलीकान्लामा जङ्गली झार छायो
ठेलामेलामा नक्कली खार आयो
चौका चौकाको सक्कली सार के भो ?
वेलामौकामा सुन्दरी मार जे भो।

तौली बोलीको शिष्टता ख्याल राखे
रोजी गोलीको उग्रता बल्ल चाखे
खोजी चोलीको भद्रता मान राखे
सोची आस्थाको नम्रता झुक्छ लाखे ।

*छन्द : वैश्वोदेवी*
*विराटनगर।*

# बायोतडी र बैतडी



❖ शीतल गिरी

अब हामी नेपाली लोकवार्ता तेस्रो राष्ट्रिय सङ्गोष्ठीमा सहभागीहरूले बैतडी जिल्लाको केही महत्त्वपूर्ण स्थानको दृश्यालोकन गर्न मात्र बाँकी थियो । बैतडी जाने क्रममा डडेलधुराको उग्रतारा मन्दिर अवलोकन गरेको सम्झना आइरहेको छ। हामी डोटीमा कार्यक्रम समाप्त गरेर खाना खाएर बाटो लागेका थियौँ। पुरातात्विक, धार्मिक र ऐतिहासिक महत्त्वका वस्तुहरूको बारेमा लेखिएन भने यथार्थ बदलिँदै जान्छ । कारण अलिकति कुरो लेखकको हुन्छ, अलिकति जानकारी गराउनेको हुन्छ, अलिकति समयले ठाउँ लिएको हुन्छ । यी कुराहरू तत्कालीन यथार्थमा मिसिँदै जान्छन् ।

सत्तरी सालको कार्तिक १० गतेको साँझ त हो हाम्रो बस सुदूरपश्चिमको नागबेली परेको पहाडी बाटोमा गुडिरहेको थियो । हामीलाई चिसो सिरेटोबाट बचाउँदै न्यानो अनुभूति गराउँदै गन्तव्य भेट्न एकनासले बत्तिइरहेको थियो । बिस्तारै बिस्तारै रात भने कालो हुँदै गयो, नेपालको कालो इतिहास राणा शासन फाल्न प्राणाहुति गर्ने अमर सहिदको जन्मस्थल नमन गर्ने श्रद्धा भने बढ्दै थियो । सुनेको थिएँ, बायोतडी अर्थात् बैतडी देशमा व्याप्त अन्धकार र निरङ्कुशतालाई हुरी बतास हुँडलेर फाल्ने क्षमता राख्ने पवित्र धरती हो र वर्तमानमा त्यही धरतीको कालोपत्रे सडकमा हाम्रो बस गुड्दै गरेको थियो।

आरोप छ, घुम्न गएकाहरूले रमाइलो मात्र गर्छन् । स्थानीय दृश्यावलोकन नगरेकाले, मर्म नपहिल्याएकाले इतिहासको महत्त्व कसरी बुझ्ने ? के थाहा थियो र मलाई ? झुलाघाट, दशरथ चन्द र लोकेन्द्रबहादुर चन्द थाहा थियो । यतिको भरमा त यथार्थ खोज्न सकिँदैन । तथ्यको साथमा कल्पना मिलाएर आख्यान बनाउन सकिन्छ, त्यसले समग्र यथार्थ बोकेको हुँदैन । कल्पनामा यसैले यथार्थको क्रम शृङ्खला भेटाइँदैन । झुलाघाटनजिकको गोठालापानी बजारमा हाम्रो बस रोकियो । लामो समय बसमा कुँजिएका हामी साठी जनाजतिलाई सामुराइ होटेलले बास दियो । पहाडी सानो ठाउँको बजार भए पनि सामुराइ होटेल विशाल रहेछ। खान र बस्नमा होटेल व्यवस्थापनले देखाएको उदारता, स्वच्छता र सेवाभाव म सितिमिती बिर्सन चाहन्न।

भोलिपल्ट बिहान चियाखाजा खाएपछि हामी बसमा चढेर ऐतिहासिक र धार्मिक दृष्टिले महत्त्व पाएको त्रिपुरासुन्दरी मन्दिर अवलोकन गर्न गयौँ । त्रिपुरासुन्दरी मन्दिरको वरिपरि रहेको देउकीहरूको सानो बस्तीले इतिहासले समर्थन दिएर केही नारीलाई गौरव नर्कमा पुऱ्याएको कथा भनिरहेको थियो । निश्चित

समय र कार्यक्रम लिएर हिँडेका हामीहरूले देउकीबारे खोजी गर्ने कुरो पनि भएन, गरेर पनि सकिदैन, समय हुँदो हो र खोजी गरिएको भए नवीन सत्यको साथमा पुष्ट इतिहास बाहिर ल्याउन सकिने नै थियो। जसरी देउकीप्रथाको इतिहासमा यसको कारण छ, यसर्थ कार्यको निश्चय त्यहीँबाट हुने छ। सोही कारणकार्यको आधारमा नै देउकीप्रथा मानव अधिकार चरम हनन् भएको पुष्टि भएको हुँदा विरोधमा नीति निस्कियो। हाम्रो वर्तमान समयले रोक लगाए पनि मानव अधिकार हनन् भई जीर्ण बन्न पुगेकाहरूलाई उचित सम्मान भने दिननसकेको यथार्थ त्यहाँ थाहा पाएँ।

त्रिपुरासुन्दरी मन्दिरको प्राङ्गणमा काले दमाईंको टोलीले बाजागाजा गुञ्जाए। भडा गायनमार्फत सो भेगको इतिहासलाई ताजा बनाए। सो मन्दिरको प्राङ्गणमा कार्यक्रम तय गरिएको हुँदा लोकसंस्कृतिको अवलोकन गर्न पाएर सहभागी लोकवार्ताविद्हरू छताछुल्ल भई रमाए। मैले चाहेको थिएँ, त्रिपुरासुन्दरी मन्दिरको बारेमा धेरै कुरा थाहा पाउन, यहाँ आइसकेपछि शैवमतकी ठुली शक्ति, तान्त्रिक देवी, कामकलाकी प्रतिष्ठित शिवकी शक्तिका बारेमा थाहा पाउने। मैले चाहेर के हुन्छ ! मेरो इच्छाअनुसार कार्यक्रम बनेको होइन, कार्यक्रमअनुसार आयोजकमध्येका मित्र राजेन्द्रसिंह रावलले भाषणबाट हाम्रो स्वागत गर्नुभयो। राजा नगारा बाइस तालमा घन्काएर, हुड्के नाच र फागु नाच रन्काएर अतिथिहरूको स्वागतमा लोकसंस्कृति संरक्षण गर्दै आएका महान् कलाकारहरूले आआफ्नो कलाकौशल प्रस्तुत गरेका थिए। यथार्थमा हामीभन्दा भारतीय लोकवार्ताविद्हरू सुदूरपश्चिमको लोकजीवनसित सम्बद्ध संस्कृति, कला, चालचलन, रहनसहन, साजसज्जा, बाजागाजालाई महत्त्व ठानेर काम गरिरहेको प्रा.डा.गिरिजा पाण्डे, प्रा.डा.शेखर पाठक, प्रो.देवसिह पोखरिया, प्रा.डा.महेश्वरप्रसाद जोशीलाई भेट्दा महसुस गरेँ। अर्को कुरो के पनि पाएँ भने सो मन्दिरको प्राङ्गणबाट पश्चिमतर्फ फर्केर हेर्दा महाकाली नदीपारि सडकको राम्रो व्यवस्था, घरहरू पनि त्यस्तै। एउटै भूगोल, एउटै भाषाभाषी, नाताकुटुम्बका बिचमा सुगौली सन्धिले विभाजन गरेको दुई सय वर्ष त भयो तर अन्तर अधिक ! कालक्रमअनुसार उता विशेष प्रगति भयो। कार्यक्रमस्थल मन्दिरको प्राङ्गण वयोवृद्धा देउकी अर्थात् देवकन्याहरूले आफ्नो दुःख, दुखेसा र सुस्केरा भरेर गुञ्जाएको देउडाले वातावरणलाई संवेदनशील बनाइदिएको थियो।

यो अमानवीय सांस्कृतिक कुप्रथा हराउँदै जान थालेको छ। हिजो धार्मिक र सामाजिक मान्यताप्राप्त देवकी प्रथा मानव चेतनाले जब कुरीति र कुसंस्कार ठहरायो तब टिक्न सकेन। अन्यायपूर्ण तरिकाले देवकी प्रथाको सुरुआत गराउनमा मात्र होइन बैतडीको भूमिका, एकतन्त्रीय श्री ३ प्रथाको महाराजलाई गद्दीबाट खसाल्नमा पनि महत्त्वपूर्ण स्थान रहेको सम्झनै पर्दछ। राणाहरूको एकतन्त्रीय आतङ्कले नेपाली जनताको हृदय आकुलव्याकुल भएको थियो। नेपाली जनतामा अन्यायका विरुद्ध लड्न सिकाउने सत्पुरूष दशरथ चन्द जन्मेको घर दर्शन गर्ने अवसर पनि जुऱ्यो। सहिदलाई

सम्मान गर्ने चेतना नैतिक मूल्यबाट प्रभावित भएको हुँदा जन्मघरको छेउमा सहिदको सालिक स्थापना गरिएको छ। यति मात्र होइन बैतडीले विगतसँग विग्रह नगर्न सहिद दशरथ चन्दको नाममा स्थापना गरी सञ्चालन गरेको पुस्तकालयमा पनि हामीले उपस्थिति जनायौँ। कैलपाल बाबाको मन्दिरनजिकै दशरथ चन्दको जन्मघर छ । बैतडीमा पाताल भूवनेश्वरको गुफा रहेको थाहा पायौँ र कार्यक्रममा त्यो गुफा अवलोकन गर्ने व्यवस्था नरहेको र सम्भवतः सडक नभएर पनि हुनसक्छ हामी त्यतातिर गएनौँ।

सडक र समयअभावले गर्दा मेलौली भगवती, जगन्नाथ बाबाको मन्दिर पनि गएनौँ। स्कन्द पुराणको मानसखण्डमा वेगवान् वायु चल्ने स्थल वायोतड र सोमा रहेको देवदेवीको वर्णन छ। प्राचीन संस्कृतिलाई बैतडीवासीले कहिल्यै भत्काएनन् । वीरगाथा (हुड्को गाथा) लोकगायक ढोलीहरूले भडा (भारत) गायनमा जीवित राखेका छन्। आधुनिकताको विकृतिले हरेक कुरोलाई अर्थसँग नापजोख गर्नाले यस्ता लोकसम्पत्तिको मूल्य खस्कँदै छ र लोप हुने खतरा बढेको छ।

सुदूरपश्चिमाञ्चलको बैतडीमा काले दमाईँजस्ता सांस्कृतिक योद्धाहरूले प्राचीन संस्कृति, परम्परा बचाइराखेका छन् । अन्यत्र ठाउँमा लोप भइसकेका संस्कारगीतहरू त्यहाँ प्रचलनमा छन्, केही कमी आउँन थालेको भए पनि । बैतडी प्राचीन संस्कृति जोगाइराखेको सङ्ग्रहालय लाग्यो मलाई। किन ? उत्तर एउटै छ। त्यो के भने लोकको दृष्टि, नीति र आस्थाले यहाँ देवी (भगवती)का पत्याइनसक्नु (कम्तीमा पनि १५०० वर्षको इतिहास बोकेको) संस्कृति जिउँदो छ, धर्म-नैतिकताको नाममा । यहाँका कतिपय प्रथा वर्तमानको आँखाले हेर्दा त्रुटिपूर्ण र अमानवीय रहेको भन्नसकिन्छ । गहरिएर हेर्दा यहाँको विशेषता विश्वसंस्कृतिको लागि नेपालको मौलिक र भर्जिन रहेको सिद्ध हुनयोग्य छ।

बैतडीसँग रामायण र महाभारत छैन । नभएर के भो ? मान्नुपर्दछ देवीमाण्डौँमा रहेकी निगलासैनी मन्दिरमा सरसर्ती हेर्दा १८५२ मा कुनै भक्तले चढाएको घण्टमा मेरो आँखा पर्‍यो। भक्तको आस्था वर्तमानमा इतिहासको सामग्री बन्नपुगेको छ किनभने चढाइएका त्यस्ता घण्टहरू यस क्षेत्रका मन्दिरहरूमा हजारौँको सङ्ख्यामा रहेका छन् । भक्तको आस्थाले इतिहास बोलिरहेको लाग्यो मलाई। यो बारा जिल्लाको पाँच-पाँच वर्षमा बलि दिने स्थान थिएन बरु वर्षैभरि बलि चढिरहने स्थान थियो । यस मन्दिरको परिचय नेपाल राज्यमा सम्भवत सबभन्दा बढी बलि दिइने रूपमा दिन मन लाग्यो। यो कुरो स्वतःस्फूर्त रूपमा नभएर मन्दिरपरिसरमा ठड्याइएको मौलो र पशुरगतले धरती कालै भई पाप्रा पाप्रा उप्किएको दृश्य देख्दा मनमा उब्जिएको हो । भनिन्छ, नारी ममताकी खानी हुन् । विडम्बना ! नारी यानी मातृशक्तिलाई कलुषित बनाइरहेको छ निरीह पशुबलिप्रथाले । यस दृष्टिले नारी ममताकी होइन भोग चाहने दानवी हुन् भनेर भन्न सकिन्छ। मूर्त आदर्श भनेको देवीथानमा पुरुषले भाले जातको पशुको बलि दिँदै आएको छ, वर्तमान युग यस कुराको

नियोजन चाहन्छ। यहाँका पुरुषको मनोरञ्जन र मोजमस्तीको लागि नारीलाई देवकीको रूपमा चढाउनु धर्ममूलक थियो, त्यो पनि मातृ (देवी/भगवती) शक्तिलाई साक्षी राखेर ! यसै कारण भन्न मन लाग्छ मातलागेका पुरुषले विभिन्न नाममा नारीलाई नियोजित गरेकै थियो र वर्तमान युगमा नारीले यथार्थ बुझे भने यस्ता कुचलन समाप्त हुने नै छ।

घाम डुब्नलाग्दा तेस्रो राष्ट्रिय सङ्गोष्ठीको अन्तिम बिन्दु पाटनमा पुग्यौँ । पाटन मझौलो आकारको उपत्यका रहेछ। सम्भवत जिल्लाको प्रमुख व्यापारस्थल हो । माओवादी युद्धको प्रभावमा परी संरचना ध्वस्त भए पनि लमतन्न परेर छट्पटाउँदै आफ्नो पीडा पोखिरहेको हवाइमैदान भेटेँ । उत्पादन, आवागमन र यातायातको साधन सबैलाई आवश्यक पर्ने कुरा भएको हुँदा निर्माण गरिएको हुन्छ । निर्माण गर्ननसक्नेले सम्भवत आफ्नो स्वार्थको लागि रूपान्तरणको नाममा विध्वंस गर्दा जनतामा तनाब र सङ्कट उत्पन्न हुन्छ। पाटनको इतिहास स्वयम् प्रतिष्ठा प्राप्त गरेको हुँदा उदयदेव लोकआस्थाको रूपमा पुजिएको पाएँ । निर्णायक शक्ति भनेको जनता हो र जन यानी लोकको कसीमा खारिएर मात्र कुनै मानवले यो स्थान प्राप्त गर्दछ र लोकको आस्था उदयदेवले प्राप्त गरेकै छ । निर्माण हुँदै गरेको त्यो भव्य मन्दिर लोकआस्थाको प्रमाण हो । उदयदेव मन्दिरप्राङ्गणमा उद्योग वाणिज्य सङ्घ पाटनले हाम्रो स्वागत गऱ्यो हृदय ओछ्याएर । त्यस भेगको बारेमा जानकारी गरायो। व्यापारलाई आफ्नो धर्मकर्म बनाएकाहरूका प्रतिनिधिले लोकवार्तामा हिँडेका हामीलाई स्वागत गर्नु, छलफलमा समय दिनु भनेको आफ्नो माटो, आफ्नोपनप्रतिको आस्था नै हो।

स्वागत पाएका हामीमध्येका कवि वासुदेव पाण्डेले सो क्षेत्रको महिमा कविताको रूपमा वर्णन गर्नुभयो। स्थानीयहरूका साथमा हातमा हात जोडेर, पाइलामा पाइला मिलाएर आधा घण्टाभन्दा बढी देउडामा रमाएको अनुभव बटुलेँ । यो भनेको लोकसँग घुलमिल हुनु हो । भावनात्मक कुरो मात्र होइन, अस्ति भर्खर टिभीबाट समाचार सुनेँ, म पुगेको पाटन नगरपालिका घोषित भएको। खुसीले आँखामा आँसुका थोपा टल्पलाए। अब त्यो एअरपोर्ट पहिलेजस्तै सुचारु होस्, यो कामना गरेथेँ तत्काल।

*भीमसेनगोला, काठमाडौँ।*

**हार्दिक श्रद्धाञ्जली**



**तेजेन्द्र सापकोटा**

निधनः ५ फागुन २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

# डरको ऐना



❖ प्रकाश खड्का 'अभियान'

"किन यति सानो कुरामा रिसाउँछौ ?" श्रीमतीको प्रश्नसँगै रामबहादुरले कप उठायो । चिया तातो थियो तर उसको अनुहार चिसो । सानो गल्तीमै स्वर चर्किन्थ्यो, हात अनायासै कडा बन्थे । घरभरि मौनता जमेको थियो । श्रीमती र छोरा उसका पाइला र सासको चालबाटै उसको मनस्थिति बुझ्न सिकिसकेका थिए ।

त्यो रात ऊ झर्किँदै सुत्यो । बिचरातमा पानी खान उठ्दा बैठकको ढोका आधा खुला थियो । भित्र छोरो आमासँग सानो स्वरमा भनिरहेको थियो, "आमा, बुबा फेरि रिसाउनुभयो भने म भोलि बोल्दिनँ... मलाई डर लाग्छ ।"


रामबहादुरका पाइला ढोकैमा रोकिए । केही क्षण ऊ त्यत्तिकै उभिरह्यो । ओछ्यानमा फर्किँदा उही चर्को स्वर र उही भारी सन्नाटाले उसलाई पछ्याइरहे । आफ्नै बाल्यकालझैँ; जहाँ डर बोल्थ्यो, माया चुप बस्थ्यो ।

बिहान दुध ढिलो आयो । श्रीमतीले सशङ्कित नजरले हेरिन् । क्षणभर पुरानो झर्को उठ्न खोज्यो । घाँटीसम्म आइपुगेको स्वर उसले गहिरो साससँगै भित्रै थाम्यो । "आज कालो चिया पिउँला" उसले सामान्य स्वरमा भन्यो । श्रीमतीले केही भनिनन् तर कप समात्ने उनको हात अलि कम काँप्यो ।

साँझ छोराबाट गल्तीले गिलास खस्यो । सिसा चर्किएर फुट्यो । कोठाभर एक क्षण सन्नाटा फैलियो । छोरो स्थिर उभिएको थियो, आँखा भुइँतिर । रामबहादुरभित्र फेरि पुरानो स्वर उठ्न खोज्यो तर छोराको काँपिरहेको हात देख्दा उसले अर्को दृश्य देख्यो; आफू त्यही उमेरमा, त्यही डरमा उभिएको । ऊ बिस्तारै झुकेर सिसाका टुक्रा टिप्नथाल्यो । "धन्न, तिमीलाई चोट लागेन" उसले नरम स्वरमा भन्यो ।

छोराले अविश्वासका साथ हेर्‍यो । "बुबा... तपाईं रिसाउनुभएन ?" रामबहादुरले छोराको टाउको हल्का छोयो । "हेर ! केही बिग्रिएको छैन । हामी छौँ नि सँगै ।"

भुइँमा छरिएका सिसाका टुक्रामा साँझको उज्यालो झुल्किरहेको थियो । त्यस उज्यालोमा रामबहादुरले आफ्नै अनुहार देख्यो; कठोर थिएन, डरलाग्दो थिएन ! पहिलोपटक त्यो अनुहार शान्त थियो । कोठाभरि जमेको सन्नाटा बिस्तारै हल्का चहलपहलमा बदलिँदै गयो ।



❖ डा.घनश्याम न्यौपाने 'परिश्रमी'

# भ्रष्टाचार महिमा

भ्रष्टाचारीहरू हुन्छन् आततायी प्रवृत्तिका
पक्षमा ती सदा हुन्छन् कपटी कूटनीतिका ।१।

सजिलो हुन्न चाहेझैँ भ्रष्टलाई समाउन
भ्रष्टसंयन्त्र नै लाग्छ तिनलाई बचाउन ।२।

भ्रष्टका अघि छन् भ्रष्ट, भ्रष्टका पछि भ्रष्ट छन्
सत्तालुब्ध, अहङ्कारी, दम्भी निर्लज्ज प्रस्ट छन् ।३।

भ्रष्टीकरणका खेल खेल्दा हुँदैन मित्रता
देख्न पाइन्छ यस्तैमा क्रूरताको विचित्रता ।४।

भ्रष्ट नेताहरू आए भ्रष्ट नेताहरू गए
नेपाली भूमिमा भ्रष्ट नेता नै जन्मिने भए ।५।

कुनै साधक छन् शुद्ध भावनामा रमाउने
कुनै बाधक छन् भ्रष्ट बदनाम कमाउने ।६।

एक हुन्छन् सबै व्याधा टुक्रिन्छन् साधु-साधक
भ्रष्टका साथमा हुन्छन् राष्ट्र उन्नति-बाधक ।७।

खेती गर्न नजान्नेले व्यर्थै बीज नछर्नुहोस्
भ्रष्टाचार नजान्नेले राजनीति नगर्नुहोस् ।८।

भ्रष्ट भ्रष्टहरू मिल्छन् भ्रष्टाचार बढाउँछन्
तिनैले अझ आदर्श नीतिशिक्षा पढाउँछन् ।९।

भ्रष्टाचारीहरू हिँड्छन् पछाडि कूटनीतिको
स्वाद ठान्छन् मिठो ज्यादा भ्रष्टाचार प्रवृत्तिको ।१०।

छन्द-अनुष्टुप्

❑ गीत



❖ आर.एल. श्रमजीवी

# मानवहरू

जानी जानी तिम्रो मन दुखाएको हुँदै होइन
नजानेर दुःखेछ त मेरो दोष छँदै छैन
तिम्रो मन पगाल्नलाई के पो गरूँ मैले
जे सोच्यौ त्यो होइन नदेऊ दोष जहिले

सत्य सत्य तिम्रो मन दुखाएको हुँदै होइन

दोबाटोमा खाको कसम भुली गयौ किन
तड्पाएर मार्‍यौ मलाई हरेक दिन दिन
तिमीले वास्ता नगरेर मन रोएको छ अति
एक बारको जिन्दगीमा भयो ठुलो मेरो क्षति

धरो धर्म तिम्रो मन दुखाएको हुँदै होइन

शङ्कै शङ्काले विश्वासको त्यो धरहरा ढल्यो
तिमीविना यो जिन्दगी दिन दिन गल्यो
थाहा थिएन यस्तो हुन्छ भोग्दै छु तिम्रो अभाव
अन्तिम साससम्म माया गर्छु नसम्भन्नू खराब

जानी जानी तिम्रो मन दुखाएको हुँदै होइन
नजानेर दुःखेछ त मेरो दोष छँदै छैन ।

*लन्डन, बेलायत ।*

❑ झिल्का कविता



❖ नारदप्रसाद आचार्य 'सुदामा'

# झिल्का कविता

१)
प्रणय मुटुको गाँठो
निःस्वार्थ भावनाको दीप
सत्य बचनको बाटो

२)
मृत्तिका, जन्मभूमि, जननी
मायाको अदृश्य उज्यालो
स्वच्छ शान्त धरणी


३)
पूर्ण बनोस् मनोभावना
उत्सवमय रहोस् जिन्दगी
प्रणय दिवसको शुभकामना

४)
प्रेम दिवसको नमन
सुख, शान्ति समृद्धिले
फलोस् फुलोस् जीवन

५)
पढेर मुनामदन
प्रेमको कथा लेखौँ न
जुटेर सबै स्वजन

*संयुक्त राज्य अमेरिका*

❑ कविता



❖ ओमप्रसाद कोइराला

# आगो लगायौ किन ?

भत्कायौ किन देशका भवन ती बस्ने कता हो भन !
खै के वास कपास बेगर यहाँ होला र औ शासन
ऐले मानिसमा डरै डर भयो बर्बाद पार्‍यौ किन ?
मान्छेको मन रुन्छ तड्पि घरमा आगो लगायौ किन ?

सारै दिक्क भए निरीह जनता चासो कहाँ हुन्छ र !
पीडाग्रस्त जताततै छ अहिले धिक्कार को सुन्छ र !
यस्तो चाल कुचालभित्र मनको सक्ला र के पन्पीन
केही सोच विचार बेगर यहाँ आगो लगायौ किन ?

खेप्तै बस्नु परीरहेछ सहसा यो देशमा सङ्कट
सेवाभाव अभावले मुलुक यो होला र के उन्नत
बाधा अड्चनबाट मुक्त रहने आएन नौलो दिन
ज्यादै मूर्ख भएर आज घरमा आगो लगायौ किन ?

रोएको दिलभित्र पस्न तगडा को हुन्छ ऐले यहाँ !
सक्छौ नेत्र खुलाई हेर्न जसले चासो लगाउँ त्यहाँ
ज्यादा सङ्कट आज यो भुवनमा बढ्दै गयो दिन्दिन
आत्मा मानिसको रुवाइ मन हे ! आगो लगायौ किन ?

बस्ने वास जलाउँदा मनुजको बेहाल भो जीवन
राम्रो सिर्जनशील बन्न मनमा सोच्दैन कोही किन !
छाडी दुर्व्यवहार शुद्ध नबने सक्छौ र को उम्कन !
केही दोष थिएन ती भवनमा आगो लगायौ किन ?

❑ गजल



❖ **राम के.सी.**

भगवान अनि धर्मको, व्यापार हुन थालेपछि
मन्दिरभित्रै भक्तको बलात्कार हुन थालेपछि !

कहाँ गई, कोसँग गुहार माग्ने अब महोदय
न्यायालय नै पीडितको कारागार हुनथालेपछि !

जसलाई पुजी दिनरात फूलपाती चढाएको थेँ
आज उही अपराधीको मतियार हुनथालेपछि !

धर्म बिक्दो रहेछ ! न्याय बिक्दो रहेछ महोदय
पुजारी, पापीको पाउमा लम्पसार हुनथालेपछि !

आज भिड त्यहाँ छ झुटको खेती हुन्छ जहाँ
सबैतिर चोर, फटाहाको नै बजार हुनथालेपछि !

कालो रातको चपेटामा परी मऱ्यो एउटा निर्दोष
दिनले छलेर रात मात्रै लगातार हुनथालेपछि !

महाभारतको रणभूमि भन्दा कम छैन जिन्दगी
चक्रब्युहको अभिमन्यु बनाइ प्रहार हुनथालेपछि !

साच्चै कली व्याप्त भएको नै हो त महोदय
पापैपापले नै भरिभराउ संसार हुनथालेपछि !

यो आँसु तिम्रो पाउमा झारौँ कि ? नझारौँ प्रभु
चारैतिर अपराधीकै जयजयकार हुनथालेपछि !

*दक्षिणकाली २ ।*



❖ भलादमी भोला

# पृथ्वी हाम्रो जीवन

म माटो हुँ राष्ट्रभक्तिको
पौरखीको चिनारी हुँ
म पानी हुँ हिमशैलको
सिर्जनाको सृष्टि हुँ
म धुन हुँ सङ्गीत भर्छु
पाखापखेरामा गुञ्जने गर्छु
म फैलन सक्छु सुगन्ध छर्छु ।
संसारमा प्राण भरेर
म पानी निचोरेर माटोको
फलाउँछु रसिला फल
आयु दीर्घायु हुने
जरुवा पहाडको तल
देखिन्छन् खुसीमा फुलेका
उज्याला हिमचुलीहरू
थुम्कामा मयुर नाच्दा
खुलेका पहाडहरू
इन्द्रधनुष रङ्ग्याउने
को हुन् कालीगडहरू ?
धर्ती रूप हो हाम्रो
विरूप हुन दिन्न म
धर्ती जीवन हो हाम्रो
मृत हुन दिन्न म
धर्तीमा विकासको मूल
फुटाउनुपर्छ भन्दैमा
मुटु चिरेर आफ्नो
जीवन त्याग्न दिन्न म
जोगाए चौतारा, धारा
हरियाली पर्यावरण
आरोग्य जीवन पाइन्छ
यही नै हो हाम्रो धन
चेत भर्दै मस्तिष्कमा
जगाउँछु दिव्य ज्ञान
सधैँ पवित्र पुण्य यो
पृथ्वी हाम्रो जीवन ।

हार्दिक श्रद्धाञ्जली



**सुन्दर मानन्धर**
जन्मः १४ कात्तिक २०३१
निधनः ८ फागुन २०८२

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**शब्द-संयोजन परिवार**

# अग्रज, सहकर्मी र उत्तराधिकारी

❖ वासुदेव अधिकारी

साहित्य सदनले वरिष्ठ साहित्यकार राम विनयलाई वि.सं.२०८२ सालको हृदयचन्द्र स्मृति पुरस्कार प्रदान गर्ने समाचारले म अत्यन्त खुसी भएँ, पुलकित बनेँ । त्यति खुसी म स्वयम्‌लाई सो संस्थाले केही वर्षअघि गोपालप्रसाद रिमाल पुरस्कार दिँदा पनि भएको थिइनँ । यो उहाँको सिर्जना-साधना मात्रको सम्मान थिएन अन्य स्रष्टालाई समाज परिवर्तनको उद्देश्यसहित सोही कार्यमा लाग्न अभिप्रेरित गर्ने अभियन्ताको पनि सम्मान थियो । हृदयचन्द्रसिंह प्रधान र राम विनय दुबै स्रष्टाप्रति सम्मान अभिव्यक्त गर्न सो समारोहमा उपस्थित भई प्रफुल्ल मुद्रामा ताली बजाउने मेरो आकाङ्क्षा जागृत भएको थियो तर घरायसी कामले उपस्थित हुन सकिनँ । निकै खल्लो महसुस भयो । साथीभाइ आउँदा, खुसी हुँदा उहाँ अरू खुसी हुनुहुन्थ्यो होला । मेलोमेसो जुरेन । मनमा प्रकट खुसी अनुहारमा आउन पाएन । खुसीको एकांश अन्तर्ध्यान भयो ।

राम विनय मेरो अग्रज, सिनियर साथी र कतिपय कामका सन्दर्भमा उत्तराधिकारी पनि । यसो भनिरहँदा मभित्र धेरै अंश गर्वबोध र केही अंश लज्जाबोध हुने गर्छ । गर्व यस अर्थमा कि मैले उहाँसँग सङ्गत गरेको छु, सिकेको छु, इमान्दार र कर्तव्यनिष्ठ अभिभावक पाएको महसुस गरेको छु । उहाँको सक्रियता, इमान्दारिता, सदाचारिता, निष्कपटता र हार्दिकताले मेरो मनभित्र उब्जिने गनगन र निराशाको बादल क्रमिक रूपमा हराउँदै बिलाउँदै जान्छ । उहाँसँग सङ्गत गर्दा बढोत्तरी हुँदै गएको उमेर स्थिर बन्न खोज्छ । बढ्दो उमेरको बाघ स्यालमा परिणत हुन्छ । पाको भएर पनि सक्रिय स्वभाव, साथीभाइसँग गर्ने नम्र व्यवहार, अग्रज भएर पनि सिकिरहने बानी, जिम्मेबारी बहनमा कहिल्यै नथाक्ने/नचुक्ने आदतका कारण राम विनयसँगको उठाबसी मलाई गर्वयुक्त लागिरहन्छ । हामी आपसमा सरसल्लाह गर्छौं, हृदय पोख्छौं । निर्भीकता र विनयशीलता उहाँको जीवनको बिर्सिन नसकिने आयाम हो । अनेक स्वभावका व्यक्तिसँग मजाकमा खस्रो कुरा गर्ने, गरिरहने राम विनय राष्ट्रका निम्ति योगदान दिने साधकहरूलाई यथोचित सम्मान गर्न रुचाउनुहुन्छ । उहाँले जीवनपछि मेडिकल कलेजलाई आफ्नो शरीरदान गर्ने निधो गरेको कुरा बताउनुभएको छ ।

अनुज हुँ, कैयौँ सन्दर्भमा म राम विनयको साथी भएको छु, हुन पाएको छु । यो अर्को गर्वको विषय छ । हामी सहकर्मी हौँः सङ्घसंस्थाको काममा, विचार निर्माणमा, सिर्जना प्रसारणमा । काममा नारिएका हामी

धेरै साहित्यिक, सामाजिक, राजनीतिक संस्था वा अभियानमा सँगसँगै छौँ, हुन्छौँ । खासमा अभियान वा संस्थाले धेरै उमेर समूहका व्यक्तिलाई समेट्छ। त्यही क्रममा साथी भएका हौँ । दुबैको वैचारिकी समान छ । प्रगतिशील सिर्जनधर्मिताको अभियानमा सामेल भएका छौँ। स्वाभाविक हो, अभियानमा राम्रा, स्वार्थी र खराब सबै सबै सामेल हुन आउँछन्। झालमा फलेका धेरै फर्सीमध्ये केही फर्सी कुहिन्छन् तर राम विनय वैचारिक अभियानको अग्राख हो, नकुहिएको फर्सी हो । म उहाँलाई हृदयतः सम्मान गर्छु । एउटा सम्मानित पात्रको साथी हुनु अनमोल सम्पत्ति आर्जन गर्नु हो, हृदय-भकारी भरिनु हो । मेरो हृदयमा त्यस्ता केही उज्याला सम्पत्ति छन्। त्यो नासिदैन, चोरिदैन।

हिजो हामी दुबै बैङ्कर्स थियौँ। उहाँसँग कृषि विकास बैङ्कको व्यवस्थापक तथा स्वावलम्बन विकास बैङ्क (अहिले लघुवित्त वित्तीय संस्था)को प्रमुख कार्यकारी/अध्यक्ष हुँदाको अनुभव छ । त्यो अनुभवले उहाँलाई कुशल व्यवस्थापक मात्र बनाएको छैन साथीभाइसँग सहकार्य गर्ने र समयमा काम फत्ते गर्ने व्यक्तित्व बनाएको छ । साहित्यिक सामाजिक क्षेत्रले उहाँको विचार, लेखन तथा कार्यक्रम संयोजनमा ती अनुभव प्राप्त गर्नसकेको छ । उहाँझैँ सबैले अभियानलाई आफ्नो विशिष्ट सिप हस्तान्तरण गर्दैनन् । सम्पादन गर्नुपर्ने काम नटुङ्गिएसम्म अनुगमन गरिरहने उहाँको स्वभाव अनुकरणीय छ।

परिस्थितिको उपज। राम विनय म संलग्न केही कामको उत्तराधिकारी हुनुभयो । त्यो हो, साहित्य सन्ध्या, राष्ट्रिय जनसाहित्यक सङ्घ र राष्ट्रिय जनसांस्कृतिक महासङ्घको काम । अहिले पनि उहाँ साहित्य सन्ध्याको अध्यक्ष हुनुहुन्छ। उहाँ अध्यक्ष, म सल्लाहकार। कुरो मिलेन तर भयो त्यस्तै । यो समयले मागेको कथा हो । राम विनयलाई साहित्य सन्ध्यामा नेतृत्वका लागि आग्रह गर्नुअघि हामीले उहाँको व्यक्तित्वलाई अनुशीलन गरेका थियौँ, महत्त्वपूर्ण सुझाव र सहयोग लिने गरेका थियौँ । 'लहर' साहित्यिक पत्रिकामा उहाँको 'हीरा थारु' शीर्षकको कविता छाप्ने अवसर जुरेपछि म उहाँको फ्यान भएको थिएँ । एक वेला कुनै पदमा नबसे पनि म साहित्य सन्ध्याको गाडी धकेल्ने काममा शतशः लागिपरेको थिएँ। साहित्य सन्ध्या करिब एक दशक अनौपचारिक रूपमा सञ्चालित भएर मित्रलाल पंज्ञानीको अध्यक्षतामा संस्था दर्ता भई अघि बढे पनि बिचमा आइलागेको विखण्डन र असहजपनलाई चिर्न वि.सं. २०५४ सालमा राम विनय सरलाई हामीले आग्रह गरेका थियौँ, अघि सारेका थियौँ । उहाँले हाम्रो प्रस्ताव स्वीकार मात्र गर्नुभएन मासिक कार्यक्रम गर्ने जिम्मेवारी भएको सो संस्था तथा संस्थाका अन्य पदाधिकारीलाई समेत शिरमा बोकेर हिँड्नुभयो। उहाँको त्यो यात्रा अद्यापि जारी छ। साहित्य सन्ध्यामार्फत उहाँले पुराना सर्जकलाई दिएको सम्मान र नयाँ लेखकलाई

गरेको माया बिर्सिनसक्नु छ, उचालेको भारी बोकिनसक्नु छ । यस्तो अथकित यात्रा र जिम्मेवारी विरल व्यक्तिले बहन गर्नसक्छन् । त्यस हिसाबले मेरालागि उहाँ महान् हुनुहुन्छ । केही समय विदेशमा रहँदाधरि उहाँले साहित्य सन्ध्याको सन्दर्भमा गरेको चासो र चिन्ता शब्दमा व्यक्त गर्नसकिदैन ।

राम विनयले वहन गरेको अर्को जिम्मेवारी हो राजसा सङ्घको नेतृत्व । मैले युवावयमा नै जागिर गएको अवस्थालाई उपयोग गरी राष्ट्रिय जनसांस्कृतिक मञ्चको केन्द्रीय तहमा काम गरैं । अदालतबाट गएको जागिर फिर्ता आयो । म मञ्चको जिम्मेवारीमा कायम नै रहैं । दोस्रो राष्ट्रिय सम्मेलनले मलाई महासचिवको जिम्मेबारी प्रदान गर्‍यो । नियमित जागिरे थिएँ तर पनि सकेको काम गरैं । त्यति वेला मञ्च महासङ्घ भएको थिएन । संस्थामा सात सातवटा घटक जन्मिएका पनि थिएनन् । सायद विजय सुब्बा अध्यक्ष हुँदा महासङ्घअन्तर्गत सातवटा घटकको जन्म भयो । त्यसको एक घटक 'जनसाहित्यिक सङ्घ'मा राम विनय सर दोस्रो चरणमा अध्यक्षको जिम्मेवारीमा आउनुभयो र लामो समयसम्म सक्रिय भूमिका निर्वाह गर्नुभयो । सङ्घको अध्यक्ष हुँदा उहाँ राजसा महासङ्घको केन्द्रमा सचिवालय सदस्य बन्नुभयो । साहित्य सन्ध्या र राजसा सङ्घको अध्यक्ष तथा महासङ्घको केन्द्रीय सचिवालयको त्रिआयामिक भूमिका निर्वाहको बखत म सायद तीनै संस्थाको सल्लाहकार बन्न पुगैं । 'एउटा अनुज, अग्रज दाइले नेतृत्व गरेको संस्थाको सल्लाहकार ?' भयो त्यस्तै । असजिलो लागे पनि म सल्लाहकारको भूमिकामा रहैं । यसरी मैले थालेको दुई महत्त्वपूर्ण संस्थाको नेतृत्व राम विनय सरले लिनुभयो । म उहाँको उपर्युक्त भूमिकाप्रति कृतार्थ छु ।

श्याम प्रसादको सङ्गतमा हुर्किनुभएका राम विनय सूर्य कन्दङ्वाको नेतृत्वमा २०२५ सालमा झापाको शनिश्चरेमा आयोजित 'मेची साहित्य सम्मेलन'मा सहभागी हुने ऐतिहासिक लेखक हुनुहुन्छ । उहाँले गोकुल जोशीको थातथलो, खासगरी तनहूँ 'राईपुर'को घर चिन्न शुभेच्छुक अनुसन्धातालाई सघाएर गुन लाउनुभएको छ । जागिरमा रहँदा उहाँ अब्बल र असल कर्मचारी हुनुभयो भने स्वावलम्बन लघुवित्त वित्तीय संस्था संस्थापना गरी आफ्नो पेसागत भूमिका अरू उचाइमा पुऱ्याउनुभयो । उहाँका तीन कवितासङ्ग्रह 'म आएको छु', 'जराको स्वर' तथा 'फेरिएको चित्र'का कैयौं कविताबाट म छोइएको छु । त्यसो त उहाँका कथा र संस्मरणात्मक कृतिहरू पनि सशक्त रहेका छन् । मैले उहाँको संस्मरणात्मक कृति 'टापुमा तैरिदा'को भूमिका लेख्न पाएँ । अहिलेको जस्तो सञ्चार विकसित नभएको समयमा उहाँ हुलाकी पत्रमार्फत अग्रज साहित्यकारहरूसँग आफ्नो भावना अभिव्यक्त गर्ने र उहाँहरूको विचार लिने गर्नुहुन्थ्यो । उहाँले श्यामप्रसाद शर्मालगायतका

व्यक्तिको अभिनन्दनको संयोजन गरेको सन्दर्भ मननीय र स्मरणीय रहेको छ। उहाँ प्रलेसको सल्लाहकारको भूमिकामा पनि सदैव कामयावी रहनुभयो।

कोरोनाले उहाँलाई ७७ वर्षको उमेरमा मृत्युशैयासम्म पुऱ्यायो तर उहाँ कठोर सङ्घर्ष गरी सकुशल फिर्ता आउन सफल हुनुभयो । त्यस प्रकोपमा उहाँको परिवारले आरम्भमै क्रूर झम्टाइ भेट्यो । उहाँको परिवार बृहत्तर । तीनतिर छरिएका : काठमाडौँ, चितवन र भीमाद तनहुँमा। कोरोना महामारीको पहिलो प्रहरमै उहाँको सबैजसो परिवारलाई कोरोना लाग्यो । त्यसको कारण थियो चितवनमा सबैजना बुबाको उपचारमा चितवन मेडिकल अस्पताल जानेआउने क्रममा भएको सङ्क्रमण । कोभिड सङ्क्रमणले गाँजेपछि राम विनय सुरुमा बिएन्डबी र पछि ह्याम्स अस्पतालको आइसियु/भेन्टिलेटरको सहारामा पुग्नुभयो । उहाँको असी प्रतिशत फोक्सो बिग्रियो, शरीरका कैयौँ अङ्गले काम गरेनन् तर पनि उहाँ बाँच्नुभयो । बाँच्नुभयो अर्थात् उहाँ मृत्युलाई स्पर्श गरी २२ दिनपछि घर फर्किनुभयो। क्रूर कोरोनाले उहाँका ९७ वर्षीय बुबा धर्मकुमार, माइँलो भाइ कृष्ण तथा साइँलो भाइ विष्णुलाई भने लिएरै गयो । भाइ बितेको केही समयपछि साहिँली बुहारी पनि बितिन् । अस्पतालको घरि भेन्टिटर घरि आइसियुमा रहेका कारण उहाँले निधन भएको बुबाको मुख हेर्न त परको कुरा समयमा समाचारसमेत सुन्नपाउनुभएन। त्यति वेला म उहाँको छोरा सुमनसँग सम्पर्क गरी साथीभाइलाई स्वास्थ्यअवस्था जानकारी गराउँथेँ । मैले जानीबुझिकनै फेसबुकमा त्यो कुरा सार्वजनिक गरिन । सोही काम जीवेन्द्र सरको सन्दर्भमा पनि लागू गरेँ। कारण म उहाँहरूलाई देखावटी हैन साँच्चिकै सम्मान गर्थें, सुस्वास्थ्यको कामना गर्थें। अस्पतालबाट उहाँहरू फिर्ता आएपछि हामीलाई 'काललाई जितेजस्तो' भयो। उहाँहरूका पीडादायी भोगाइ अरूका लागि शिक्षा बने। त्यस विषयमा राम विनय सरले सिङ्गो किताब नै तयार गर्नुभयो : 'पुनर्जन्म' । कोरोनाकालको कहर समेटिएको उपर्युक्त संस्मरणात्मक कृति अति मार्मिक छ।

राम विनयका सबैजसो लेखन पठनीय छन् तर माथि पनि भनेँ 'पुनर्जन्म' विशेष मनकारी छ। त्यसमा जीवन छ, मृत्यु स्पर्श गर्दाको पीडा छ। किताबमा मृत्युसँग सङ्घर्ष गर्दाको अवर्णनीय सकस अभिव्यक्त भएको छ। अस्पतालको बसाइबारे उहाँ लेख्नुहुन्छ, ' कोरोना सङ्क्रमणको कारण म तीन हप्ताभन्दा बढी अस्पतालमा बसेँ । आइसियुमा जीवन र मरणको बिन्दुमा पटक पटक पुगेँ। हरेक पल मृत्युलाई देखेँ, मृत्युलाई स्पर्श गरेँ। ती कहालीलाग्दा क्षणहरूले मलाई लामो समयसम्म विक्षिप्त पारे, शिथिल बनाए।'

लामो समयको अस्पताल बसाइपछि निको भई डिस्चार्ज भएको वेला गरिएको बिदाइको सन्दर्भमा उहाँको कथन छ, 'मैले


फर्की फर्की उनीहरूलाई हेरेँ अनि बिदाइको हात हल्लाएँ । न उनीहरूले आउँदै  गर्नु होला है भन्नसकेँ, न मैले फेरि आउँछु है भनेर भन्नसकेँ । अस्पताल, अदालत र प्रहरी चौकीमा फेरि आउनु होला है भन्न नमिल्ने अनि आउँदै 'गर्छु है भन्न पनि नमिल्ने !'

अहो, कति छोइने अभिव्यक्ति ? यी पङ्क्ति पढ्दा त यति मार्मिक छन्, भोग्दा कस्तो भयो होला ? अझै बलियोजस्तो लागे पनि राम विनयको बुढो शरीर वेला वेला थाक्छ । साथीभाइले सघाउन नभ्याउँदा, विनाहेक्का प्याच्च बोलिदिँदा मन भरङ्ग हुन्छ। उहाँ बाहिर हाँसे पनि त्यस्तो अवस्थामा भित्र भित्र रिसाउनुहुन्छ, चित्त दुखाउनुहुन्छ । सबैको जीवनमा त्यस्तो हुन्छ, भइरहन्छ । उहाँ घरि आफन्तको निम्तामा विदेश जान पाउनुहुन्छ घरि सन्तानले महत्वाकाङ्क्षाको कारण बिगारेको आर्थिक व्यवहारको धुँवाधुलो सोहोर्दै बस्ने अवस्थामा पुग्नुहुन्छ। त्यति वेला उहाँको लेखक मन दुख्छ, विचलित हुनखोज्छ । इमानदार हृदयले विनाबित्था प्रताडना व्यहोर्छ । तथापि सन्तुलित जीवनशैली, चरम इमानदारिता, कुशल व्यवस्थापकीय सिप, सुदृढ विचार, अभियानकर्मीसँगको अभेद्य सहकार्य र नित्य सिर्जनीलता राम विनयका जीवनका छ विशिष्ट पहिचान हुन् । ती सबै आयाम स्तुत्य र अनुकरणीय छन् ।

सलाम नै सलाम, शुभकामना नै शुभकामना छ आदरणीय प्रिय अग्रजलाई ।

*१२ फागुन ०८२, लैनचौर ।*

# बजारमा कृति




**कृति : नेपाली भाषाशिक्षणमा प्रा.डा.यादवप्रकाश लामिछानेको योगदान**
**विधा : अनुसन्धान**
**लेखक : हुमकला पाण्डे**
**प्रकाशक : विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।**
**मूल्य : रु.२५०।-**
**प्रकाशन वर्ष : २०८०**




**कृति : फरक सृष्टि फरक दृष्टि**
**विधा : समालोचनासङ्ग्रह**
**लेखक : प्रा.डा.यादवप्रकाश लामिछाने**
**प्रकाशक : विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ ।**
**मूल्य रु.४००।-**

# एकैसाथ पाँच कृतिको लोकार्पण तथा परिचर्चा

२०८२ फागुन ९ गते बिहान ११ बजे वाल्मीकि क्याम्पस, प्रदर्शनीमार्गमा प्रा.डा.यादवप्रकाश लामिछानेद्वारा लिखित 'संयोग' कथासङ्ग्रह, 'यात्रा रहेछ जिन्दगी' नियात्रासङ्ग्रह, 'स्मृतिका पानाहरू' संस्मरणसङ्ग्रह र फरक सृष्टि फरक दृष्टि' समालोचनासङ्ग्रह एवम् हुमकला पाण्डेद्वारा लिखित 'नेपाली भाषाशिक्षणमा प्रा.डा.यादवप्रकाश लामिछानेको योगदान' अनुसन्धानमूलक कृतिको लोकार्पण तथा परिचर्चा सम्पन्न भयो।

विद्यार्थी पुस्तक भण्डारद्वारा प्रकाशित पाँचैओटा कृतिको लोकार्पण तथा परिचर्चा समारोहको सभापतित्व विद्यार्थी पुस्तक भण्डारकै प्रबन्ध सञ्चालक शान्त गौतमले गर्नुभएको थियो भने प्रमुख अतिथिका रूपमा प्रा.डा.दयाराम श्रेष्ठ 'सम्भव', विशिष्ट अतिथिका रूपमा प्रा.डा.जीवेन्द्र देव गिरीको उपस्थिति रहेको थियो । डा.हरिप्रसाद सिलवालको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा युद्धप्रसाद स्मृति प्रतिष्ठानका अध्यक्ष प्रा.डा.लेखप्रसाद निरौला, डा.फणीन्द्रराज निरौला, गोपीरमण उपाध्याय, डा.बिदुला घिमिरे, डा.विनोद मन्जन, डा.गणेशराज अधिकारी, महेशराज खरेल, शक्ति नेपाल, सुशिला प्रधानाङ्ग, नर्मदेश्वरी सत्याल, प्रा.डा.षडानन्द पौड्याल, कुलप्रसाद निरौला, प्रा.डा.कृष्ण पौडेल, ठाकुरप्रसाद शर्मा, खेमराज निरौला, रमेश पोखरेल, रामप्रसाद पन्त, गोपालकुमार मैनाली, माधवप्रसाद पोखरेल, पोषरमण चापागाईं, गीता लामिछाने,



अनुष्णराज पोखरेल, प्रा.डा.नारायण चालिसे, डा.केशव भुसाल, ज्ञानेश्वर निरौला, राममणि ढुङ्गेल, डा.गणेश घिमिरे, नीलकमल सुवेदी, श्रीराम न्यौपाने, बलराम राय, राम विनय, यज्ञेश्वर निरौला, धनबहादुर मगर, बैरागी जेठा, प्रा.डा.माधवप्रसाद लामिछाने, धीरकुमार श्रेष्ठ, कुस्मिला भट्टराई, महेश भट्ट, डा.प्रेमराज न्यौपाने, सीमा लामिछाने, मधु आचार्य, यमलाल भुसाललगायत अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

राष्ट्रगान गाएर सञ्चालन गरिएको उक्त समारोहको ब्यानर पढेर प्रमुख अतिथिले समुद्घाटन गर्नुभएको थियो भने चारओटा कृतिका स्रष्टा प्रा.डा.यादवप्रकाश लामिछानेले उपस्थित प्रबुद्ध व्यक्तित्वलाई स्वागत गर्नुभएको थियो । समारोहका प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अतिथिहरूले संयुक्त रूपमा पाँचैओटा कृतिको लोकार्पण गर्नुभएको थियो। कृति लोकार्पणपछि हुमकला पाण्डेद्वारा लिखित 'नेपाली भाषाशिक्षणमा प्रा.डा.यादवप्रकाश लामिछानेको योगदान' कृतिको समीक्षा शक्ति नेपालले गर्नुभएको थियो। महेशराज खरेलले ' प्रा.डा.लामिछानेको 'संयोग' कथासङ्ग्रहमा

प्रगतिवादी चेत' विषयमा आफ्ना धारणा राख्नुभएको थियो । डा.गणेशराज अधिकारीले कथासङ्ग्रहमाथि समीक्षा गर्नुभएको थियो । डा.बिदुला घिमिरेले 'प्रा.डा.लामिछानेका कथाका नारीपात्र' विषयमा चर्चा गर्नुभएको थियो । डा.विनोद मन्जनले 'यात्रा रहेछ जिन्दगी' नियात्रासङ्ग्रहमाथि चर्चा गर्नुभएको थियो । प्रा.डा.लेखप्रसाद निरौलाले 'फरक सृष्टि फरक दृष्टि' समालोचनासङ्ग्रहमाथि समालोचना गर्नुभएको थियो । डा.फणीन्द्रराज निरौलाले 'स्मृतिका पानाभित्र' संस्मरणात्मक कृतिका बारेमा चर्चा गर्नुभएको थियो ।

प्रा.डा.जीवेन्द्र देव गिरी, प्रा.डा.दयाराम श्रेष्ठ 'सम्भव' र हुमकला पाण्डेले प्रा.डा. यादवप्रकाश लामिछानेका बारेमा आआफनो धारणा व्यक्त गर्नुभएको थियो भने शान्त गौतमले समारोहमा उपस्थित सबैप्रति आभार प्रकट गर्नुभएको थियो ।

# साहित्य सन्ध्याको ४७३ औँ शृङ्खला सम्पन्न

२०८२ फागुन २ गते अपराह्न १ बजे आर. आर. क्याम्पस, प्रदर्शनीमार्गमा साहित्य सन्ध्याको नियमित मासिक ४७३ औँ शृङ्खलामा 'प्रगतिवाद र नारीवाद' विषयमा विशद चर्चा गरिनुका साथै कविगोष्ठीको आयोजना गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र कोषाध्यक्ष गोपालकुमार मैनालीको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा विशेष अतिथिका रूपमा समालोचक डा.विन्दु शर्मा उपस्थित हुनुहुन्थ्यो र उहाँले 'प्रगतिवाद र नारीवाद' विषयमा विशद चर्चा गर्नुभएको थियो ।



समारोहमा ओमप्रसाद कोइराला, कुमार नेपाल, नवराज श्रेष्ठ, रसुवाली कवि, महेशराज खरेल, डा.मनोजराज जोशी, सुशिला प्रधानाङ्ग, राम विनय, नर्मदेश्वरी सत्याल, गायत्रीकुमार चापागाईँ, पोषरमण चापागाईँ, डा.गोविन्दप्रसाद आचार्य, प्रमोद भण्डारी, अच्युत घिमिरे, रामचन्द्र दाहाल, नवराज ढकाल, बलराम विष्ट, राधिका सापकोटा, जयन्ता पोखरेल र रामबहादुर पहारीले आआफ्ना कविता, गीत, गजल, मुक्तक वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि उपप्रा.रूपक अलङ्कारले समीक्षा गर्नुभएको थियो ।

# जीवनदर्शनका लागि प्रगतिशील विचार लिनेहरू मात्र परिवर्तनकामी हुन्



❖ प्रा.डा.मुकेश चालिसे

'नेपाली प्रगतिशील साहित्यमा ज्येष्ठ नागरिकको योगदान' विषय आफैँमा अत्यन्त महत्त्वपूर्ण विषय हो। साहित्य सन्ध्याले यो विशेष समारोहमा यस्तो महत्त्वपूर्ण विषयमा बहस चलाउनु आफैँमा सराहनीय कार्य हो । प्रगतिशील साहित्यको परिभाषा, प्रगतिशील लेखक सङ्घ नेपालको स्थापना र उद्देश्य; भारतमा इन्दिरा गान्धी, चरण सिंहहरूले आफूहरूलाई प्रगतिवादी भनेका दृष्टान्त; चीनमा लु सुन, दिङलिङ, हु फेङ आदिले सामन्तवादको विरोध गर्दै जनताका पक्षमा लेखिएको साहित्य, समन्यायको पक्षधरतालाई प्रगतिशील भनेका दृष्टान्त; भारतमै पनि धेरै साहित्यकारहरूले उपनिवेशवादको विरोध गरेका र रूपान्तरण तथा समन्यायका पक्षमा गरेका वकालतका दृष्टान्त; प्रगतिशील लेखक सङ्घ नेपालमा ज्येष्ठ स्रष्टाले र ऊर्जावान् युवाहरूले गरेका नेतृत्व अनि आजको यो विशेष समारोह आयोजना गर्ने साहित्य सन्ध्याका अध्यक्ष आफैँ ज्येष्ठ स्रष्टा रहेको दृष्टान्तसमेतले ज्येष्ठ नागरिकको प्रगतिशील साहित्यमा अत्यन्त ठुलो योगदान गरेको प्रमाणित हुन्छ । पाका नागरिकलाई बुढाबुढी भन्ने, हेलाँहोचो गर्ने र हिजोका मान्यतालाई निस्तेज गर्ने, ज्येष्ठ नागरिक भनेका अनुत्पादक हुन् भन्ने पुँजीवादको वीभत्स रूप देखा परेको/परिरहेको छ।

कतिपयले स्वान्तसुखायका लागि साहित्य सिर्जना गर्ने भए पनि विशेष गरी प्रगतिशील विचार राख्नेहरू भने कथनी र करनी एउटै गर्ने अनि जनसेवामा जुट्ने कार्यमा सक्रिय रहेको पाइएको छ। उदाहरणका लागि गोकुल जोशी, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, श्यामप्रसाद शर्मा, शान्तदास, केवलपुरे किसान, नेत्रलाल अभागी आदिले दार्शनिक विचार ग्रहण गरेका र उनीहरू अनुकरणीय रहेका भए पनि वर्तमानमा प्रगतिशील हौँ भन्नेहरूले नै चारधाम गएका, तीर्थ गर्नभएका वा श्राद्ध गरेका तस्बिरहरू समाजिक सञ्जालमा हालेर वैचारिक स्खलनको बाटो समातेको पनि देखिएको छ! त्यसैले विचार वा उमेर के छान्ने भन्ने देखिएको छ। उमेरले विचार छेक्दैन। गोकुल जोशी जम्मा एकतिस वर्ष मात्र बाँचेका हुन् तर उनले दिएको विचार आजपर्यन्त जीवित छ। खासमा जीवनदर्शनका लागि प्रगतिशील विचार लिनेहरू मात्र परिवर्तनकामी हुन्, उनीहरू आफ्नो विचार तथा दर्शनका माध्यमबाट अजरअमर हुने छन् । आजको यो विशेष समारोहमा आफ्ना यत्ति कुरा राख्ने अवसरले मलाई अत्यन्त गौरवानुभूति भएको छ।

**–रमेश पोखरेल** *(प्रा.डा.मुकेश चालिसेले साहित्य सन्ध्याको ४७० औँ शृङ्खलामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*